# अमर ज्योति

साहित्यिक त्रैमासिक

७०



ज्येष्ठ २०८३

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २३, पूर्णाङ्क ७०
(चैत्र २०८२–जेठ २०८३)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

**संरक्षक**
दीर्घायुकुमार श्रेष्ठ

**प्रधान सम्पादक**
विष्णुप्रसाद आचार्य

**कार्यकारी सम्पादक**
युवराज शर्मा

**सम्पादक समिति**
मुकुन्दप्रसाद प्रसाईं
भोला शर्मा
अनिल पौडेल

**व्यवस्थापक**
संगिता अधिकारी (पौडेल)
रीता चालिसे (खनाल)
शारदा पराजुली
बलराम पुडासैनी
मिमन पुलामी
रामराजा ओझा

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
वीरेन्द्र पाठक
केशवप्रसाद रूपाखेती
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत 'मातृदास'
कृष्णदेव रिमाल 'शब्दसेना'

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

**प्रकाशक**
**विद्युतकर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

**सम्पर्क**
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना : amarjyoti@nea.org.np

नोट : अमरज्योतिमा प्रकाशित लेख/रचनाको सम्पूर्ण जिम्मेवारी लेखक स्वयम्मा नै रहने छ ।

मुद्रण : प्रज्ञा छापाखाना, कमलादी, काठमाडौँ

# सम्पादकीय

## दीपज्योतिर्नमोऽस्तुते

विश्व मानचित्रमा भूगोलका हिसाबले सानो क्षेत्रफल बोकेको छ हाम्रो मातृभूमिले । तर सामर्थ र प्राकृतिक उपहार हेर्दा यसको विशालता मापनयोग्य छैन । एउटा कोठामा अन्धकार नाश गर्नको लागि एउटा दीपले जति क्षेत्रफल ओगटेको हुन्छ, विश्व मानचित्रमा त्यति नै क्षेत्रफल ओगटेको छ नेपाल । दीपले जस्तै विश्वमा प्रकाश प्रवाहको काम पनि गरेको छ ।

इतिहासमा यो पूर्वीय सभ्यताको केन्द्र हो नेपाल । ध्यान ज्ञान र योगको भूमि पनि हो । विश्व शान्तिका प्रणेता गौतम बुद्धको मातृभूमि, युगको आवश्यकताअनुसार सदैव पृथ्वीको केन्द्रमा रहेको छ । प्रकृतिको उपहारले विश्वमा जलस्रोतको धनी मात्रै होइन हिमालको पर्याय पनि हो नेपाल । प्रकृतिक सम्पदाको महत्तम सदुपयोग गर्दै ऊर्जा क्षेत्रमा सफलताको सगरमाथा चढ्नु छ अब । ऊर्जा विकासमा पाइला टेकेको लामो समयसम्म पनि विकासको मूल प्रवाहमा लम्कन नसकेको यथार्थतासँगै अन्धकार बिच चलाएका अनुभवजन्य नेपाली दैनिकीहरू छन् ।

देशको आवश्यकताका आधारमा राज्यले ठुला जलविद्युत गृह र प्रसारण लाइनहरूको निर्माण गरी देशभर अन्धकार नाशको योजनामा लाग्नुपर्छ । इतिहासले दिएको नेपाल गुरु राष्ट्रको जिम्मेवारी निभाउन पनि आवश्यक छ । सीमा जोडिएका भारत र चीनमा स्वच्छ ऊर्जा निर्यात गरी मित्र राष्ट्रलाई प्रकाशमय बनाउन आवश्यक छ । जिम्मेवारी त्यति मात्रै पनि होइन । हाम्रो हिमालको पानी बगेर जाने समुद्रको पानी छुने देशहरूमा र अन्य विश्वमा पनि शान्ति र सगरमाथाको देशबाट भौतिक ज्योति पुऱ्याउने आधारहरू तयार गर्नु आजको आवश्यकता हो ।

पूर्वाधारको पहिलो जग नै भौतिक ज्योति वर्तमानको वास्तविकता हो । विगतका कमजोरीहरूबाट सिकेर वर्तमानमा समयसापेक्ष कार्ययोजनाका साथ अघि बढ्न सके निर्धारित स्थानमा निर्धारित समयमा भौतिक ज्योति सहजै पुऱ्याउन सकिन्छ । आजको विज्ञान प्रविधिको युगमा भौतिक ज्योतिको उपलब्धतापछि शिक्षा, साहित्य, ज्ञान र चेतनाको जग बनाउन सहज हुन्छ ।

अपार जलस्रोतलाई दीर्घकालीन सफलता हासिलको प्रमुख आधार बनाउनु राज्यको वर्तमान कार्यभार हो । आन्तरिक खपत क्षेत्रीय व्यापारमा समानान्तर हिसाबले अघि बढ्ने कार्ययोजना कार्यान्वयन गर्न सके हामी फेरि पनि विश्वमा भौतिक ज्योतिको क्षेत्रमा अग्रणी राष्ट्र बन्न सक्छौँ । भौतिक ज्योतिको प्रकाशसँगै भावात्मक ज्योतिको चेतना लिएर जान सक्यौँ भने यही दुई दीपको पथबाट नेपालको प्रगति र समग्र विश्वको कल्याण हुनेछ ।

कार्यकारी सम्पादक

# विषयसूची

## कविता/गीत/गजल


| | | |
|---|---|---|
| सत्ता | चन्द्रप्रसाद न्यौपाने | ८ |
| दु:खकी खानी | विमल भौकाजी | २५ |
| गजल | जयदेव गोविन्द | २६ |
| शासकको अनुहार | ठाकुर बेलवासे | २७ |
| चुपचाप | तेजविलास | ३६ |
| गीत | रत्नप्रसाद श्रेष्ठ 'अनामणि' | ४६ |
| अर्जुनदृष्टि | नारायण आचार्य | ५७ |
| आँखाभित्र अटोस् मान्छे ! | पदम दाहाल | ६६ |
| सेरा | वैरागी जेठा | ७५ |
| एक देउरालीको एकालाप | अतृप्ताचार्य | ७६ |
| वर्तमानको गीत | युवराज शर्मा | ७९ |


## नाटक


| | | |
|---|---|---|
| सर्वस्वहरण-पत्र | रामेश्वर राउत 'मातृदास' | १५ |


## यात्रा-संस्मरण


| | | |
|---|---|---|
| भलबाढीमा भागाभाग | ध्रुव अधिकारी | २९ |


## कथा/लघुकथा


| | | |
|---|---|---|
| सुकुमटोल : अनागरिकको नगर | अशोक कुँवर 'नेत्र' | ३७ |
| खाली हात | रत्न प्रजापति | ४० |
| पहाड घर | डा. पुष्करराज भट्ट | ५२ |
| वीरमानको आत्मकथा ... | भीमराज कडरिया | ६१ |
| मृत्यु संस्कार | मुरारिराज मिश्र | ७४ |
| हिजो र आजको गाउँघर | राजनप्रसाद कोइराला | ८१ |

## निबन्ध


| | | |
|---|---|---|
| महोत्सव सहभागीको स्वागत | श्रीबाबु कार्की | ४७ |
| पानीमा जिन्दगानी | भलादमी भोला | ६७ |


## लेख


| | | |
|---|---|---|
| हाम्रा पुराण र तिनको महत्त्व | कुलप्रसाद पराजुली | ५ |
| प्राणीलाई प्रकृतिसँगै जोड्नुपर्छ | हरिप्रसाद सोडारी | ९ |
| नेपालको इतिहास लेखनमा .... | शशिधर भण्डारी | ५३ |
| साहित्यकार परिचय | प्रकाश आचार्य | ५८ |
| कृपया, मुटु आफैँसँग राख्ने गरौँ | सी.जी. निर्मलश्री | ८९ |


## पुस्तक चर्चा (समालोचना/समीक्षा)


| | | |
|---|---|---|
| 'न्याय' | राजनप्रसाद प्याकुरेल | ९५ |
| 'घर फर्कने तिर्खा'को अन्तरकुन्तर... | दीपकराज 'ख्वप' | १०० |


## वृत्ति-वाटिका


| | | |
|---|---|---|
| विद्युतीय शासनको अवधारणा... | भोला शर्मा | १०५ |


## पाठक प्रतिक्रिया


| | | |
|---|---|---|
| 'अमरज्योति' ६९ औँ अङ्क... | रीता चालिसे खनाल | ११० |

# हाम्रा पुराण र तिनको महत्त्व



कुलप्रसाद पराजुली

पुराण शब्दको साधारण अर्थ पुरानो वा प्राचीन भन्ने हो। गुप्तकालीन शब्दकोश अमरकोशका टीकाकार भानुजी दीक्षितले गरेका पुराण शब्दका तीनवटा परिभाषा क्रमशः **पुराणवम्** = पुराना कालमा वा पूर्वकालमा हुने, **पुरानवम्** =प्राचीन कालबाट प्रवाहित हुँदाहुँदै पनि नयाँ रहने र **पुराणम्** = अतीत व अनागत कुरालाई सम्झाउने भनी पढ्न पाइन्छन्। यी तीनवटै परिभाषाको सार बुझ्दा पारम्परिक ज्ञानको चिर निरन्तर धारा जो प्राचीन कालबाट जीवित र प्रवाहमान भई पानीजस्तै नित्य नवीन छ त्यो नै पुराण हो भन्ने बोध हुन्छ। त्यसैलाई "**यस्मात्पुरा ह्यनतीदं पुराणं तेन हि स्मृतम्। निरुक्तमस्य यो वेद सर्वपापैः प्रमुच्यते।**" भनियो जसले माथिकै उक्तिको आशयलाई पुष्टि गर्दछ।

प्रजापति ब्रह्मालाई सर्वप्रथम पुराणहरूको र त्यसपछि मात्र वेदको स्मरण भएकोले वेदहरूको अभिव्यक्तिपूर्व नै पुराणहरूको अभिव्यक्ति भएको कारण नै पुराणलाई पुरानो या प्राचीन भनिएको हो भन्ने भावलाई "**पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम्। नित्यं शब्दमयं पुण्यं शतकोटि सविस्तरम्। अनन्तरं च वक्त्रेभ्यो वेदास्तस्य विनिःसृताः**" मत्स्य पुराणको ३/३–४ श्लोकले प्रस्ट गरेको पाइन्छ। पुराण वेदभन्दा पुराना भए पनि वेद अनादि वा अपौरुषेय हो। पुराण चाहिं पौरुषेय र अपौरुपेय गरी दुई प्रकारका छन्। अपौरुषेयको तात्पर्य कुनै व्यक्ति वा पुरुषका रचना भएको नहुनु हो।

वेद र पुराण दुवै ब्रह्माजीका निःश्वास नै हुन् तर ब्रह्माजीले जुन पुराणको रचना गर्नुभयो त्यो केवल एउटा पुराण थियो जसमा सय करोड या एक अरब श्लोक थिए जो आज पनि देवलोकमा प्रचलित छन् भन्ने विश्वास गरिन्छ। त्यो पुराणको विशालता एवं विशदतालाई सरल वा सर्वजनग्राही बनाउने उद्देश्य राखी व्यासजीले १८ खण्डमा विभाजित गरेर श्लोकको सङ्ख्या पनि ४ लाखमा सीमित गरिदिएकोले पौरुषेय नामबाट चरितार्थ छन्। यी पौरुषेय अठार पुराण चाहिं वेदका परवर्ती कालका रचना हुन् भन्ने जानकारी पाइन्छ।

हाम्रा शास्त्रले भनेका ऋषि र मुनिमा पनि भिन्नता छ । ब्रह्माजीका मुखबाट निस्किए पनि वेदका प्रमुख द्रष्टा ऋषिहरू भएकोले **ऋषयो मन्त्र द्रष्टारः** भनियो भने पौराणिक ज्ञानधारालाई ग्रहण गर्ने चाहिँ मुनिहरू हुन् । वैदिक ज्ञानधारा यज्ञ व कर्मकाण्डीय संस्कृतिको वहन ऋषिकुल परम्पराले गरेभने पौराणिंक ज्ञानको लौकिक व्रत, उपासना, तीर्थ वा अनुष्ठान संस्कृतिका संवाहक चाहिं मुनि बने । तसैले ऋषि द्रष्टा हुन् भने मुनि प्रवक्ता हुन् । पुराण पौरुषेय तथा लौकिक शास्त्र हुन् जसका स्वरूप निश्चित नभएर समयका साथसाथै परिवर्तन भइरहन्छ । स्मृतिमूलक र परिवर्तनशील प्रवृत्ति भएका कारण पुराणको इतिहाससँग धेरै घनिष्ट सम्बन्ध रहेको पुष्टि विज्ञहरूले गरेका छन् । त्यसैको पुष्टि श्रीमद्भागवतमहापुराण १/४/२० को "इतिहास पुराणं च पञ्चमो वेद उच्यते" ले गरेको छ । इतिहास पुराणं पञ्चम वेदानां वेद (न्याय दर्शन ४/१/६२), इतिहास पुराणाख्यमुपाङ्ग च प्रकीर्तितम् (सीता उपनिषद्) र इतिहास पुराणं पञ्चमं वेदानां वेदम् (छान्दोग्योपनिषद् ७/२/२) ले पनि सोही कुराको उद्घोष गर्नुले पनि अन्यथा सोच्नुपर्ने अवस्था देखिंदैन ।

वेदको शैली रूपकमय र पुराणको शैली अतिशयोक्तिमय रहेको कुरा वेदमा सूत्र रूपमा र पुराणमा विस्तार रूपमा त्यही कुरा बताइएकोले पुष्टि हुन्छ । पौराणिक ज्ञानका उपदेश सर्वप्रथम व्यासजीले गुरु-शिष्य परम्परामा आफ्ना शिष्य सूतजीलाई दिएपछि कालान्तरमा सूतजीले नैमिषारण्य तीर्थमा साधनारत अठासी हजार ऋषिवृन्दलाई पुराणको प्रवचन दिनुका साथै आफ्नो गुरु-शिष्य परम्परामा ६ जना शिष्य क्रमशः सुमति आत्रेय, अकृतव्रण काश्यप, अग्निवर्चा भारद्वाज, मित्रायु वाशिष्ठ, सोमदत्ति सावर्णि र सुशर्मा शांशपायनलाई पुराणको ज्ञान दिएको उल्लेख वायु पुराणमा पढ्न पाइन्छ । ती छ जना शिष्यमा काश्यप, सावर्णि र शांशपायनले आआफ्ना नयाँ पुराणसंहिता बनाएका हुँदा चारवटा पुराणसंहिता प्रचलित भएको बुझ्नमा आएपनि यी चारैवटा संहिताको अर्थ वा भावमा भने भिन्नता नरहेकोमा विज्ञहरू एकमत रहेको पाइन्छ ।


यसरी अपौरुषेय श्रुति (वेदराशि) भित्रकै ज्ञानगंगालाई लोकहितार्थ व्याख्या विश्लेषण गरेर वैदिक सनातन धर्म परम्पराको संरक्षण र सम्वर्धन गरी मानव जगत्लाई सन्मार्गतिर प्रवृत्त गराउने पौरुषेय ज्ञाननिधि पुराणहरूको मूल कथ्य हो । हाम्रा शास्त्रहरूमा पुराणहरू असङ्ख्य छन् भन्ने उल्लेख पाइन्छ । ब्रह्म, पद्म, विष्णु, शिव, भागवत, वायु, नारद, मार्कण्डेय, अग्नि, ब्रह्मवैवर्त, लिङ्ग, वराह, स्कन्द, वामन, कूर्म, मत्स्य गरुड र ब्रह्माण्ड अठार पुराण हाम्रा मूल पुराण हुन् । यसै तथ्यलाई श्रीमद्देवी भागवतको प्रथम स्कन्ध तृतीय अध्यायको दोस्रो श्लोक–"मद्वयं, भद्वयं चैव, ब्रत्रयं, वचतुष्टयम् । अनापलिंगकूस्कानि पुराणानि पृथक्पृथक् ॥" भनी पुष्टि गरेको छ ।

व्यास शब्दको शाब्दिक अर्थ विशद वा विस्तृत गर्नु भन्ने हुन्छ । भगवान् विष्णुका अवतार मध्येको एउटा अवतार पनि व्यास हो जसले पवित्र पौराणिक पदवी पाएको बोध हुन्छ । संसारको सृष्टिपछि सर्वप्रथम द्वापरयुगमा स्वयं ब्रह्माजी नै व्यासका रूपमा प्रकट भएर वेदको विभाजन (व्यास) गर्नुभयो । ब्रह्माजीपछि सत्ताइसौँ द्वापरयुगसम्म क्रमशः प्रजापति, शुक्राचार्य, बृहस्पति, सूर्य, यमराज, इन्द्र, वशिष्ठ, सारस्वत, त्रिधामा, त्रिवृष, भरद्वाज, अन्तरिक्ष, धर्मराज, त्रैयारुणि, धनञ्जय, मेधातिथि, व्रतीमुनि, अत्रि, गौतम, उत्तम, वाजश्रवा, आमुष्यायण, तृणविन्दु, भार्गव, शक्ति, जातुकर्ण्य व्यासको पदवीमा आसीन हुनुभएको र २८ औँ व्यासको पदवीमा सत्यवतीपुत्र कृष्णद्वैपायन रहेको उल्लेख श्रीमद्देवीभागवत प्रथम स्कन्ध तृतीय अध्यायको २६ देखि ३३ सौँ श्लोकले गरेका छन् ।

विष्णुपुराणको तृतीय अंश अध्याय–१ का श्लोक ६–७ ले भनेका स्वायम्भुव, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष र वैवस्वत ७ मन्वन्तरका साथै सोही पुराणको प्रथम अंश दोस्रो अध्यायका श्लोक १५–४२ मा उल्लिखित सावर्णिक, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, सावर्णि, रुचि र भौम ७ समेत मन्वन्तरको सङ्ख्या १४ हुन आउँछ । ती चौध मनुमध्ये सातौँ वैवस्वत मन्वन्तरको अठ्ठाइसौँ द्वापरयुगमा सत्यवतीपुत्र कृष्णद्वैपायन व्यास पदवीमा रहनुभएको युगमा आज हाम्रो अवस्थिति रहेको छ । त्यसैले हामी वैदिक सनातन धर्म संस्कृतिका अनुयायीहरू कुनै धार्मिक, सांस्कृतिक कार्य गर्दा गराउँदा 'वैवश्वत मन्वन्तरे अष्टाविंशतितमे युगे ....' भनी प्रतिज्ञासङ्कल्प पनि गर्दछौँ । यसो भन्नु हाम्रो धार्मिक सांस्कृतिक परिचय मात्र नभएर पौराणिक/ऐतिहासिक सत्य तथ्य पनि हो ।

श्रीमद्देवीभागवतको प्रथम स्कन्ध तेस्रो अध्याय श्लोक १८ र १९ अनुसार भगवान् वेदव्यासले नै धर्मरक्षार्थ पुराणहरूको रचना गर्नुहुन्छ । प्रत्येक द्वापरयुगको प्रारम्भमा भगवान् विष्णु नै वेदव्यासको रूपमा अवतरित भएर सर्वलोकहितार्थ वेदका अनेक वेदोपभेद बनाउनुका साथै कलियुगमा ब्राह्मणहरूको अल्पायु एवं अल्पबुद्धि जानेर हरेक युगमा पुराणको रचना गर्दछन् । स्त्री, शूद्र र भ्रष्टद्विजातिहरूलाई वेद सुन्ने अधिकार नभएकोले उनीहरूको कल्याणका लागि भगवान् वेदव्यासले पुराणहरूको रचना गरेका हुन् । त्यसैले अगाध ज्ञानराशि पुराणहरू हाम्रा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक धरोहर हुन् जसलाई जतिसक्यो बढी अध्ययन, मनन, चिन्तन र निदिध्यासन गर्नाले मानव जीवन अझ परिष्कृत हुँदै जान्छ र शास्त्रले उद्घोष गरेका चौरासी लाख जुनीमध्ये मनुष्य जीवन प्राप्तिको मूल लक्ष्य मुक्तिको द्वार खुल्छ । त्यही आस्था र विश्वासका कारण नेपाली समाजमा पुराण लगाएर भगवद् पूजा–आराधना गर्ने गराउने पुनीत परम्परा कायम रहेको पाइन्छ । ■

**(संस्थापक अध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज)**



# सत्ता

चन्द्रप्रसाद न्यौपाने

सत्ता शक्ति अदम्य दम्भ रहँदा देख्नेछ हात्ती कण
खोज्दा बोक्न उचाल्न फाल्न सहसा केही हुँदै होइन
उस्तै चाल चली समर्थन दिने भ्याली पिटी वाहले
बिर्सेझैँ इतिहास खुम्चिन पुगी उद्दण्ड सञ्जालले ।

जुत्ता चढ्दछ ताजका मुकुटमा श्रीपेच जुत्ता छुने
फुः गर्दा रउँ हल्लिए खबरमा वृक्षादि हल्ला हुने
काट्दा कान मुसो समाइ बलले झैँ सिंहको गर्जन
बोल्दा राम त राँड सुन्छ युगले भो मानमा मर्दन

छल्कन्नन् छल बाहिरी सतहमा उम्लन्छ भित्री तह
निस्कन्छन् बलसाथ कम्पित बनी ती पिल्सिएका बह
ज्वाला दन्दनसाथ कम्पन चली मैदान डाँडा हुँदै
आफ्सेआफ फिँजिन्छ रूप बदली आक्रोश धर्ती छुँदै

साझा राज्य तथापि भेद चुलिए वर्गीयता ल्याउन
बढ्छन् भ्रष्ट विचारका नजर झन् आचार सिध्याउन
बाँकी राख्नु हुँदैन भ्रष्टमतिका आवाज आओस् जुन
केही शोषक थाल्छ पोखिन झुसी आदर्श निम्ठ्याउन

पानी कल्कल बज्छ सत्य कसरी ढुङ्गा नहोस् घर्षण
जस्तै शान्त समुद्र द्वन्द्वविनुको मुर्दा त हो जीवन
द्वन्द्वैद्वन्द्व छ सिर्जना जति यहाँ जीवन्तता लाग्दछ
जुद्धा बज्दछ कल्कली कलकला उत्साहले जाग्दछ । ■



# प्राणीलाई प्रकृतिसँगै जोड्नुपर्छ

हरिप्रसाद सोडारी

प्राण हुनेलाई प्राणी, प्राणीका आमालाई प्रकृति भनिन्छ । आधुनिक प्रविधिले मानिसलाई प्रकृतिबाट विमुख बनाउँदै छ । प्रकृति र प्रविधिको सन्तुल गर्न नसके प्राणीले ठूलै प्रलय भोग्न बाध्य हुन सक्छ । हाम्रा शास्त्रले जीवन जिउन दिएको सन्देशलाई शिक्षासँग जोड्न आवश्यक छ । जहाँ जङ्गल उहीँ मङ्गल भन्ने सिद्धान्तअनुसार हाम्रा शिक्षालय र साधनालय बस्तीभन्दा टाढा अर्थात् जल र जङ्गल निकट हुन्थे । जीवनको आधार नै जल, जङ्गल हो भन्दा फरक पर्दैन । जङ्गललाई वैदिक धर्मले देवीदेवताको स्वरूपमा पूजा गरी बचाएको इतिहासले बताउँछ । वनस्पतिले प्राणीलाई बचाउँछ, बताउँछ र बनाउँछ । यहीँका कन्दमूल, फलफूलले ऋषिलाई बचायो । वेद, पुराण, मुन्धुम, त्रिपिटक, उपनिषद्को जन्ममा जल, जङ्गल, हिमाल र गुफाहरूमै भए । मन्त्रका बीजहरू, अस्त्रका बिउहरू वनस्पतिकै छत्रछायाँमा टुसाएका थिए ।

बिउबाट उत्पन्न, जरामा उभिएका, कोषमा प्लास्टिक हुने सजीवलाई वनस्पति भनिन्छ । महाभारत (अनुशासन पर्व ५८।२३-३२)का अनुसार वृक्ष, लहरा, वल्ली, गुल्म, त्वक्सार एवं घाँस गरी वनस्पतिलाई ६ भागमा विभाजन गरिएको छ । प्राचीन कालदेखि प्राणी, प्रकृति र वनस्पतिबिच अन्योन्याश्रित सम्बन्ध छ । एउटामा पर्ने नकारात्मक प्रभावले अर्काको अस्तित्व सखाप बनाउँछ । मानिसले गाँस, बास, कपास र श्वासका लागि वनस्पतिमा निर्भर हुनुपर्छ । देवस्थल र तीर्थस्थलका वनस्पतिलाई देवीदेवता र ऋषिमुनिहरूको रूपमा पुज्ने, दर्शन गर्ने, शुभसाइतको प्रतीक मान्ने चलन छ । मन्दिरको निर्माण हुनुपूर्व देवीदेवताका मूर्ति रुखको फेदमा राखिन्थ्यो । रुखको ऊर्जाले मूर्तिको शक्ति बढाउँथ्यो । तान्त्रिक मूर्तिहरूलाई अहिले पनि रुखमुनि राखिन्छ । उपत्यकाका खरीबोटका फेदमा यस्ता मूर्ति प्रशस्त थिए । मन्दिरमा राख्नुपूर्व मूर्तिहरूको आश्रय रुखकै फेदमा हुन्थे ।

पशुहरूलाई खुवाउन, देवीदेवताको पूजा गर्न, आहार बनाउनसमेत मानिसहरू वनस्पतिभन्दा टाढा जान सक्दैन । सार्वजनिक जङ्गल मात्र होइन निजी बारीमा समेत वनस्पति लगाउने चलन थियो । सनातनधर्मले एउटा रुख रोपेका ठाउँबाट अर्को रुख

बीस हात टाढा रोपे उत्तम, सोह्र हात नजिक रोपे मध्यम र बाह्र हात नजिक रोप्नुलाई अधम मानेको छ। वनस्पतिले घर, फलफूल र अन्न दियो, धार्मिक अनुष्ठान गराउन सहयोग गऱ्यो, ध्यान र साधनामा सहयोग पुऱ्यायो, पानीलाई आश्रय दियो। पक्षीले वनस्पतिमा गुँड लगाए, वनस्पतिकै फेदमा शास्त्र र ग्रन्थ लेखिए, साधकले ब्रह्मचिन्तन गरे। यसकारण वृक्षरोपणमा ऋषिमुनिले ध्यान दिए, पाश्चात्य वैज्ञानिकहरूले 'अक्सिजन दिने हुनाले वृक्षरोपण गर्नुपर्छ भने। हिन्दूधर्मले वरको रुखलाई महादेव, पीपल र तुलसीलाई विष्णु, दुबोलाई गणेश मानेर वनस्पतिलाई संरक्षण गर्दै आएका छन्।

विकासका नाममा पहाड भत्काउने, चौताराहरू हटाउने, कुवाहरू पुर्ने क्रम देख्दा प्रविधिलाई प्रकृति नाशमा पो लगायौँ कि जस्तो लाग्छ। तुलसीको मठदेखि चौतारीका वर र पीपलले भूतप्रेत हटाउने मात्र होइन आफैँ हल्लिएर शीतलता, अक्सिजन र आनन्द प्रदान गरिरहेका हुन्छन्। पीपललाई ज्येष्ठादेवी र शनि ग्रहको अधिष्ठाताका रूपमा पुजिन्छ। शनिबार सूर्योदय पहिले पीपलमा पानी, फलामका टुक्राहरू, कालो दाल, कालो कपडा आदि चढाइ शनिदेवको पूजा, उपासना गरे सुख-शान्ति मिल्ने, दुर्घटनाबाट बच्ने ज्योतिषीय मान्यता छ। *'मूलतो ब्रह्मरुपाय मध्यतो विष्णु रुपिणे। अग्रतः शिवरूपाय अश्वत्थाय नमो नमः* अर्थात्, "पीपलको जरामा ब्रह्मा, काण्ड (जरा र रुखबिचको भाग) मा विष्णु र त्यसमाथिको भागमा महादेव हुनुहुन्छ, यस्तो पीपललाई नमस्कार छ।" मानिसको कुण्डलीमा नीच वा कमजोर शनिग्रह छ भने साढेसाती, उल्का र शनिको महादशा, अन्तरदशामा ठुला नोक्सानी तथा विपत्ति आउन सक्छ। सबैबाट मुक्ति पाउन प्राणप्रतिष्ठा गरेको पीपलमा सूर्योदय पहिले पूजा गर्दा त्रय देवताको आशीर्वाद प्राप्त गरी शनिको कुप्रभाव एवं अनिष्टबाट मुक्ति पाउँछ। शमीको पूजा गर्दा अनेक लाभ हुन्छ। गर्मी हुने स्थानमा शमीले आध्यात्मिक मात्र होइन राम्रै ओत दिन्छ।

भन्ज्याङमा देवीदेउराली पुजेर, जलाशयमा नागको अनुष्ठान गरेर, नदीहरूलाई नमन गरेर आर्यहरूले प्रकृतिलाई संरक्षण गरिरहेका छन्। पूजालाई अन्धविश्वास ठान्नेहरू मूलतः प्रकृतिविरोधी हुन्छ। प्रकृतिलाई उछिन्न खोज्दा खेप्नुपरेका विपदहरू भयानक थिए। प्रकृतिसँग पूजा र परम्परा जोड्दा जीवन जिउन सहज थियो। वृक्षरोपण गर्नेको पहिले र पछि हुने पितृको समेत मुक्ति हुन्छ, त्यसैले रूख रोप्ने काम गर्नुपर्छ भन्ने चिन्तन कुन दृष्टिले रुढीवादी र जडसूत्रवादी हुन सक्ला ? महाभारतका अनुसार वनवासका क्रममा युधिष्ठिरले भीमसेनलाई वनस्पति र प्रकृतिको दुरुपयोग नगर्ने उपदेश दिएका थिए। महाकवि कालिदासले रघुवंशको दोस्रो सर्गमा *अमूं पुरः पश्यसि देवदारुं पुत्रीकृतोऽसौ वषभ...* को उल्लेख गरी भगवान् महादेवले देवदारु वृक्षलाई छोराको जस्तै स्नेह गरेको एवं पार्वतीले पानी बोकेर सिँचेको वर्णन छ। इन्धनका लागि हरियो रुख काट्नु अपराध मानिन्छ, काट्नै पर्ने भयो भने शास्त्रीय

विधान पूरा गर्नुपर्छ । शास्त्रअनुसार दश छोरा बराबर एक छोरी, दश छोरी बराबर एक वृक्ष मानिन्छ । समय, परिस्थिति, लक्ष्य, इच्छा आदिलाई ध्यानमा राखेर वृक्षलाई विभिन्न स्वरूपमा पुजिन्छ । वनझाँक्री, सिद्ध महापुरुषहरू जङ्गलमा बस्छन् । केही अघिसम्म वनझाँक्रीले मानिसलाई लगेर पढाइ, सिकाइ फर्काएको प्रशस्त घटना भेटिन्थे । प्रेतदेखि ब्रह्मराक्षससम्म रुखकै आडमा बस्छन् । सोमलतादेखि सञ्जीवनी बुटी वनस्पति नै हुन् जसले शरीरमा प्राणको सञ्चार गराउँछ । हाम्रो धर्मले रुखहरूलाई ऋषिमुनि र वनजङ्गललाई देवताको निवासस्थल मान्ने हुँदा तीर्थस्थलको शोभा बढेको छ । रुख काट्नुभन्दा पहिले कम्तीमा पाँचवटा बिरुवा रोप्ने नियम थियो । रुख काट्यो तर रोपेन भने यमराजले यातना दिने विश्वासले बिरुवा र वन संरक्षण भयो । वनस्पतिले आँखाको तेज बढाउँछ, जङ्गलको शान्तिले दिमागलाई ताजा तुल्याउँछ, जङ्गलको पानीले औषधिको काम गर्छ । यसरी वनस्पतिको सम्बन्ध ध्यान, ज्ञान, वातावरण, शरीर र धर्मसँग जोडिएको छ ।

तत्र पुत्रा भवन्त्येते पादपा नात्र संशयः ।
परं लोकं गतः सोऽपि लोकानाप्नोति चाक्षयान् ।
पुष्पैः सुरगणान्सर्वान् फलैश्चापि तथा पितृन् ।
छायया चातिथीन्सर्वान्पूजयन्ति महीरुहाः ॥

-शिवपुराण, (उमासंहिता १२।१८-१९)

अर्थात्, "अहिले रोपिएका रुखहरू अर्को जन्ममा छोरा भएर जन्मन्छन्, यसमा सन्देह छैन । रुखका फूलले देवतालाई, फलले पितृहरूलाई र छायाँले अतिथिहरूलाई पूजा गर्दछन् ।" वृक्षले वातावरण संरक्षण गर्छ, पर्यावरण सुन्दर बनाउँछ, भूमिको सुरक्षा गर्छ, दैवी विपत्तिबाट जोगाउँछ । चौतारो लगाउने, बाटाका छेउमा वृक्षरोपण गर्ने लगायतका कार्यले पापबाट मुक्ति हुने र फेरि जन्मनु नपर्ने धार्मिक विश्वास छ ।[1] मुक्तिको इच्छा राखेर इनार, कुवा, बाटो, मठमन्दिर, घाट निर्माण गरी आसपासमा रुख हुर्काइन्थ्यो । यस कार्यले नाग र वरुण देवता खुसी भई आशीर्वाद दिन्छन्, बाटोघाटोमा वृक्षरोपण गरे पितृमुक्त हुन्छन्, बटुवाको आशीर्वाद लाग्छ, पुण्य लाभ हुन्छ । यही धार्मिक विश्वास एवं आस्थाका कारण नेपालका अधिकांश भागमा विशाल वनजङ्गल संरक्षित थियो । पीपल-नीम-बयरको एउटा, चिञ्चिणीक-कपित्थ-बेलको दशवटा, अमलाको तीनवटा एवं आँपको पाँचवटा रुख रोप्ने मानिसले नरक देख्नुपर्दैन ।[2]

माथि उल्लिखित वृक्षहरू सबै औषधि, अक्सिजन र शीतलताका लागि

---

१. तडागकृद् वृक्षरोपी चेष्टयज्ञश्च यो द्विजः ।
एते स्वर्गान्न हीयन्ते ये चान्ये सत्यवादिनः ॥ -शिवपुराण, (उमासंहिता १२।२२)

२. अश्वत्थमेकं पिचुमन्दमेकं न्यग्रोधमेकं दश चिञ्चिणीकान् ।
कपित्थबिल्वामलकीत्रयं च पञ्चाम्ररोपी नरकं न पश्येत् ॥- (नीतिसार अङ्ग, पृ. ४९, वर्ष ७६, गीताप्रेस, गोरखपुर)

अत्यन्तै महत्त्वपूर्ण छन् । पाटीपौवा बनाउने, अन्नक्षेत्र खोलिदिने, उकालो र अप्ठेरो बाटोमा सिँढी लगाइदिने, पानीको व्यवस्था मिलाइदिने लगायतका कार्य गर्नु प्रत्येक वैदिक धर्मका अनुयायीको कर्तव्य र परम्परा हो । हाम्रा पुर्खाहरू यस्ता संरचनामा आफ्नो अभिलेख, शिलालेख राख्न रुचाउँदैनथे । **परोपकारः पुण्याय पापाय परपीडनम्** (उपकार गर्दा पुण्य, पीडा दिँदा पाप लाग्छ) भन्ने महाकाव्यलाई आत्मसात् गर्थे न कि पद-प्रतिष्ठाका लागि ।

पद्मपुराणमा पीपल, अशोक, इमली, अनार आदि लगाउनाले क्रमशः सम्पत्ति, पापमोचन, दीर्घायु, असल श्रीमती प्राप्त हुने चर्चा छ। केही वर्ष अघिसम्म हरेक ठाउँमा होटेल आदिको व्यवस्था थिएन । समाज मिलेर यात्रीलाई सुविधा होस् भनी पाटी, पौवा, चौतारो, अन्नक्षेत्र, इनार आदिको व्यवस्था गरिदिन्थे । पुर्खाले ब्रह्मचर्य आश्रममा रही पढ्न एवं वानप्रस्थ र सन्न्यास आश्रममा परमात्माको चिन्तन-मनन गर्न पनि जङ्गलकै आश्रय लिन्थे । आरण्यकग्रन्थहरूको अध्ययन र अभ्यास गर्न जङ्गलमा बस्नुपर्थ्यो ।[३]

आसन, योग, ध्यान, जप, तप जङ्गलमै गरिन्थ्यो । त्यसैले '**जहाँ जङ्गल उही मङ्गल**' भन्ने उखान आजसम्म उत्तिकै लोकप्रिय छ । अझ नेपालीहरूको जीवनचर्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जङ्गलसँगै सम्बन्धित भएकाले '**हरियो वन नेपालको धन**' भन्ने उखान अहिलेसम्म जीवन्त छ । केटाको दोस्रो विवाह हुने सम्भावना चिनामा देखिए आँकमा सिन्दूर हाल्ने, केटीको दुई घरबार हुने ग्रह भएमा पीपलसँग विवाह गराएपछि मात्र वास्तविक विवाह गर्ने परम्परा छ। यज्ञलाई चाहिने समिधादेखि योगको समाधिसम्म जङ्गलको सहयोग चाहिन्छ। कापी (पेपर)को आविष्कार हुनुभन्दा पहिले भोजपत्रमा लेखिन्थ्यो जो रुखको बोक्रा हो । यसरी जीवनको हरपाटासँग वनस्पतिको सम्बन्ध छ ।

तुलस्यां सर्वतीर्थानि तुलस्यां सर्वदेवता ।
कार्तिके मासि तिष्ठन्ति नात्र कार्या विचारणा ॥

अर्थात्, "कार्तिक महिनामा सबै देवता र तीर्थहरू तुलसीमा बस्दछन्, यसमा कुनै विचार गर्नुपर्ने काम छैन ।" शिवपुराणका अनुसार शङ्खचूड नामक राक्षसकी श्रीमती तुलसी पतिव्रता थिइन्। यही धर्मका आडमा राक्षसले उपद्र मच्चाउन थाल्यो । भगवान् विष्णुले तुलसीको पतिव्रता धर्म नष्ट गरिदिएपछि शङ्खचूड राक्षस मारियो । पतिको देहान्तपछि तुलसीले विष्णुलाई ढुङ्गा हुने श्राप दिइन् । भगवान् विष्णुले श्रापको बदलामा तुलसीलाई मुक्ति र पूज्या हुने वरदान दिनुभयो । विष्णुबाट श्रापको बदला आशीर्वाद पाएपछि तुलसीलाई ज्यादै पछुतो लाग्यो । तब महादेवले विष्णु र तुलसी दुवैलाई सम्झाउँदै 'तुलसीलाई गण्डकी नदी र विष्णुलाई शालिग्राम[४]

३. अरण्य एव पाठ्यत्वादारण्यकमितीर्यते ।- सायण (ऐतरेयब्राह्मण भाष्य)

तवेयं तनुरुत्सृष्टा नदीरू पा भवेदिह । भारते पुण्यरूपासा गण्डकीति च विश्रुता ॥ हुन प्रेरणा दिनुभयो । तिनै तुलसीलाई घर-घरमा मठ बनाएर पूजाआजा गर्दछौँ । जसको तुलना अरूसँग गर्न मिल्दैन त्यसलाई तुलसी भनिन्छ । यसकारण मृत्युको समयमा तुलसीको मठमा राखेर तीर्थस्थल एवं शालिग्रामको जल खुवाइ मुक्ति वा स्वर्गवासको कामना गरिन्छ । वैज्ञानिकहरूले मरणासन्न मानिसलाई तुलसीले श्वास फेर्न सजिलो तुल्याउने विश्वास गर्दछन् । पीपलपछि तुलसीले अन्य वनस्पतिको तुलानामा धेरै अक्सिजन दिन्छ । यसकारण वरपीपलको चौतारो बनाइन्छ । अन्त्येष्टि गर्दा चन्दन, तुलसीका दाउराको प्रयोग गरिन्छ । **तुलसीस्पर्शनेनैव नश्यन्ति व्याधयो नृणाम्** अर्थात् तुलसीको स्पर्श मात्रले पनि मनुष्यको रोग-व्याधि नष्ट हुन्छन् । भौतिकवादीले त्यसलाई औषधिको रूपमा प्रयोग गर्दछन् भने अध्यात्मवादीले 'तुलसीको फेदमा सबै तीर्थ, मध्य भागमा सबै देवता, माथिल्लो भागमा चारै वेदको निवासस्थल सम्झेर नमस्कार गर्दछन्[५] । कफ वा खोकीले दुःख दिएमा, धेरै चिल्लो खाएमा, पिसाब रोकिएमा, पाचनक्रियालाई सक्रिय तुल्याउन, रगत शुद्धिका लागि[६] तुलसीको पात महौषधि हुन्छ । यसको गरिमालाई बुझेर पछिल्लो समयमा तुलसीचियाको लोकप्रियता बढ्दै गएको छ । पाश्चात्यहरूले तुलसीमा विभिन्न किटाणु र व्याक्टेरिया मार्ने शक्ति छ भनी प्रमाणित गरेका छन् ।

तुलसीविटप स्थानं गृहे यस्यावतिष्ठते ।
तद्गृहं तीर्थरूपं हि न यान्तिमकिंकराः ।
तुलसीमञ्जरीयुक्तो यस्तु प्राणान्विमुञ्चति ।
यमस्तं नेक्षितं शक्तो युक्तं पापशतैरपि । -गरुडपुराण (९।७-८)

अर्थात्, "जुन घरमा तुलसी छ, त्यो तीर्थस्थल हो । त्यहाँ यमराजका दूत आउन सक्दैनन् । जो मानिसले कोपिलायुक्त तुलसी नजिक प्राण छोड्छ त्यसका करोडौँ पाप नाश हुन्छन् र यमलोकमा जानुपर्दैन ।" वनस्पतिले मानिसलाई अकाल मृत्युबाट बचाउँछ र मृत्युपछि मुक्ति दिन्छ[७] । वनस्पतिको गरिमा बुझेर देवीदेवतादेखि ऋषिमुनिहरूले वृक्षरोपण र पूजनलाई निरन्तरता दिए । किन्नर, सर्प, राक्षस, देवता, गन्धर्व, मानिस र ऋषिगण आदिको आश्रयस्थल रुख हो[८] ।

---

४. तवेयं तनुरुत्सृष्टा नदीरूपा भवेदिह । भारते पुण्यरूपा सा गण्डकीति च विश्रुता ॥
किंयत् कालं महादेवि देवपूजनसाधने । प्रधानरूपा तुलसी भविष्यति वरेण मे ॥
- शिवपुराण,(रुद्रसंहिता ४१।४४-४५)

५. यन्मूले सर्वतीर्थानि यन्मध्ये सर्वदेवताः । यदग्रे सर्ववेदाश्च तुलसि ! त्वां नमाम्यहम् ॥)

६. महकते जीवन-फूल । - डा. रामचरण महेन्द्र (पृ. ३३१)

७. यावतीः कियतीश्चेमाः पृथिव्यामध्योषधीः । ता मा सहस्रपर्ण्यो मृत्युर्मञ्चन्त्यंहसः ॥
- अथर्ववेद (८।७।१३)

८. किन्नरोरगरक्षांसि देवगन्धर्वमानवाः । तथैवर्षिगणाश्चैव संश्रयन्ति महीरुहान् ॥-शिवपुराण, (उमासंहिता २२।२०)

रुखको संरक्षण गर्नु भनेकै प्राणी र प्रकृतिको संरक्षण गर्नु हो, परमात्माको साँचो पूजा हो । पार्वतीले महादेवलाई पतिरूपमा पाऊँ भनी आँपको रुखमुनि तपस्या गर्नुभएको थियो । गौतम बुद्धलाई जन्माउँदा मायादेवीले सालको हाँगा समातेकी थिइन्, त्यसैले गौतम बुद्धको वंशलाई शाक्यमुनि भनियो । गौतम बुद्धले पीपलको रुखमुनि बसेर तपस्या गरेका थिए, जसलाई बोधीवृक्षको नामले चिनिन्छ । जीवनको अन्तिम समयमा गौतम बुद्ध कपिलवस्तु फर्कंदै गर्दा बाटोमा अचानक बिरामी परे । कुशीनगरका नरेशले बुद्धलाई बस्न सजिलो हुने गरी सालको रुखमा झलुङ्गो बनाइदिएका थिए । विष्णुको नाभीमा उत्पन्न कमलमा ब्रह्माजी बस्नुभएको छ । सरस्वतीले कमलकै फूलमा आसन बनाउनुभएको छ । भगवान् रामले शमीको पूजा गरी प्रदक्षिणा गर्दा शमी खुसी हुँदै रावणमाथि विजय गर्ने आशीर्वाद दिएका थिए । लङ्का विजयपछि राम र सीताले शमीको पूजन गरेको विषय रामायणमा पाइन्छ । पाँच पाण्डवले गुप्तबास जाने समयमा शमीकै वृक्षमा आफ्ना हतियारहरू राखेका थिए ।

वनस्पतिले पानी उत्पन्न गर्दछ, पानी बर्साउँछ, अक्सिजन दिन्छ, आगो उत्पन्न गर्दछ अर्थात् पञ्चतत्त्वको आश्रय वनस्पति हो । वन विनाशले कैयौँ प्राणीहरूको विनाश गराएको छ, केही लोपोन्मुख अवस्थामा पुगेका छन् । दक्षिणतर्फ धेरै जङ्गल भएकै कारण नेपालमाथि अङ्ग्रेजहरूले तुरुन्तै आक्रमण गर्न सकेनन् । वृक्षका विविध महत्ता बुझेर शुक्लयजुर्वेदको १२ औँ अध्यायमा विस्तृत रूपले वर्णन गरेको छ । जनता त के स्वयं राजा राम र युधिष्ठिरहरूले राज्य छाडेर वनलाई आश्रयस्थल बनाएका थिए । मानिसको तनावलाई कि त जलले, कि त जङ्गलले छिटो तानिदिन्छ । तनाव हुनासाथ जङ्गलमा मौन बस्ने, रुखहरूलाई हेर्ने, वृक्षको आवाज सुन्ने प्रयास गर्ने हो भने तुरुन्तै सुधार हुन्छ । छारेरोगीलाई सल्लाको रुखमुनि बस्दा लाभ पुग्छ । मानिसलाई नोक्सान गर्ने तरङ्गलाई रुखले परावर्तन गरिदिन्छ । यसकारण जङ्गमा मोबाइलको नेटवर्कले काम गर्दैन । वनस्पति र सनातनधर्म, वनस्पति र औषधि, वनस्पति र धन, वनस्पति र साधना प्राचीन कालदेखि एक अर्काका परिपूरक मानिन्छन् । जुन ग्रहमा वनस्पति छैन त्यहाँ न त प्राणी छन्, न त पानी छ, न त जीवनको सम्भावना छ । वनस्पति जगत्कै आधार हो । पृथ्वी र ब्रह्माण्ड संरक्षक मानेर वनस्पतिलाई देवीदेवताका रूपमा पुजेर वृक्षरोपणमा वृद्धि गर्न वैदिक धर्म, संस्कृति र परम्पराले जोड दिएको छ । यसैले हामी रक्षक र संरक्षका सन्तान हौँ, वनस्पतिका मित्र हौँ । परमात्मासम्म पुग्न प्रकृतिलाई कि त पुज्नुपर्छ कि त बुझ्नुपर्छ । प्रविधिले जीवन सहज त बनाउँछ तर भविष्यको आधार प्रकृति नै हो भन्ने तथ्यलाई बिर्सनुहुँदैन ।

■

# सर्वस्वहरण–पत्र



रामेश्वर राउत 'मातृदास'

**परिवेश** : आकाशमा चारैतिर कालो बादल मडारिएर मेघ गर्जन भइराखेको छ। हरियो चौरमा मलिन अनुहार लगाएर मान्छेहरू बलि दिन राखिएका भेडा च्याङ्ग्राहरूलाई जस्तै लामबद्ध गराइएको देखिन्छ। कसैका कानबाट त कसैका नाकबाट रगतका धारा बगिरहेका देखिन्छन् विवाहिता महिलाहरूको सिउँदोबाट सिन्दूर पुछिएकोमा सधवा आमा दिदीबहिनीहरू आँखाभरि आँसु बगाउँदै कोही रोइराखेको देखिन्छन् भने कसैको मनमा रोश र आक्रोश मडारिएको हुन्छ। पाका, अनुभवी र परिपक्व उमेर समूहका प्रबुद्ध व्यक्तिहरू आफ्नो राष्ट्र र समाजमा भइराखेको गतिछाडा, हुतिहारा, धर्म, संस्कार, संस्कृति आदि आफ्नो अस्तित्व र महत्त्वमाथि व्यापक र विषाक्त हमलाप्रति चिन्तित र विह्वल देखिन्छन्। यस्तो निम्छरो र दयनीय अवस्था यो नेपाल धराधाममा कहिल्यै पनि नभएको प्रबुद्ध पाकाहरूको अभिमत हुन्छ। यी सबै गतिछाडा अवस्थाका हामी तमासे भएका छौँ, हामीले न ठीकलाई ठीक भन्न सक्यौँ न बेठीकलाई बेठीक भन्न सक्यौँ। हाम्रो हैसियत जन्तु जनावरहरूभन्दा पनि तल्लो तहमा पुग्ने ओरालोतिर झरिरहेको त हैन !

**पात्रहरू** : सूत्राधार, मनधुर, धौले, चनभुमे, ज्वालामुखी, गौरवी, शूरवीर, समरजङ्ग, तारेभीर, तितेफापर आदि

**स्थान** : रमणीय नेपाल प्राङ्गण

**सूत्राधार** : यस नाट्यशालामा उपस्थित हुनुभएका महानुभावहरू, हाम्रो अभियानलाई हेर्न सुन्न र बुझ्न यहाँसम्म पाउकष्ट गरिदिनुभएकोमा सबैमा सर्वप्रथम म सूत्राधार मेरो आफ्नो र आजका पात्रहरूको तर्फबाट हार्दिक भावनात्मक अभिवादन र अभिनन्दन गर्दछु, सबैबाट स्वीकार एवं समर्थन होस्। ताली बज्छ।

हो, आजको परिवेशले नै यहाँहरू सबैलाई ज्यादै व्यापक र गम्भीर एवं संवेदनशील हुनैपर्ने झलक दिएको छ। हुन त यो सिङ्गो संसार एउटा

नाट्यशाला नै हो । यो पृथ्वीमा आएका र भएका हामीहरू सबै जना नाटककै पात्र हौँ । हाम्रो जीवन आफैँमा एउटा रहस्यमय नाट्यशाला भइराखेको छ । यो नाट्यशालामा खेल्ने कोही यस्ता खतरनाक पात्रहरू हुन्छन्, ती स्वार्थी, विवेकहीन र अन्यायीहरूले गर्दा कहिलेकसो यो सिङ्गो नाट्यशाला र तमाम पात्रहरूलाई नै एकमुष्ट स्वाहा पारिदिन बेर मान्दैनन् । यो तथ्यगत वास्तविकतालाई नाट्यशालामा रहनुभएका तमाम पात्रहरू हरेक पल चनाखो र होसियार हुनैपर्दछ, हुनैपर्दछ र हुनै पर्दछ । (**मनधुरको आगमन**)

**मनधुर**: सूत्राधार, आज हामी तमाम नेपालीहरू कुहिराको कागजस्तै भएका छौँ, कुहिराको काग ! भनौँ त हामी बेवारिसे र अनाथ छौँ आज ! कोही हाम्रो सहारा छैन । जसलाई हामीहरूले आफ्नो ठान्यौँ, मान्यौँ र काँधमा बोक्यौँ, तिनीहरूले नै हामीहरूलाई बदनाम र दुर्गन्धित बनाए । हाम्रा प्रशस्तै युग र पूर्वजहरू अनाहकमा बरबाद भए । हामीहरू पनि जीवनको उत्तरार्द्धमा पुगिसकेका छौँ । तैपनि हामीहरूले हाम्रो भाग्य र भविष्यलाई गतिशील र सुनिश्चित गर्न सकेका छैनौँ । युग धेरै अगाडि बढिसकेको छ, तर हामी र हाम्रो यात्रा अवरुद्ध छ र योजनाबद्ध ढङ्गले हाम्रो नैसर्गिक अधिकारबाट समेत हामीहरूलाई वञ्चित बनाइएको छ । के हामी यही अत्याचारको भारी बोकेर बसिरहने ? यस नाट्यशालामा उपस्थित हुनुभएका तमाम जिम्दा नेपालीहरू अब अनिवार्यतः हामीहरू जाग्नुपर्छ र बिम्झनैपर्छ ।

**धौले**: हैन, हामीहरू हरेक दिन सुत्ने र ब्युँझने क्रम त निरन्तर छँदै छ नि ! योभन्दा बेग्लै कहाँ गएर के ? बिम्झने भनेको हो मनधुर ! (**मुसुमुसु हाँस्दै मनधुर**) ।

**मनधुर**: हाऽ हाऽ ! मैले यस्तो बिम्झाइ भनेको हैन, धौले ! यसको मतलब यो धराधाममा रहेभएका कुनै पनि भाषा, साहित्य, कला, संस्कार, संस्कृति र सभ्यताका, वैरी र विरोधी हैनौँ हामीहरू । जीव र निर्जीव यस धर्तीमा दुईवटा तत्त्वहरू छन् । यी दुवै तत्त्वहरूको बेग्ला बेग्लै अस्तित्व, महत्त्व, पहिचान र परिचय छ । कुनै पनि तत्त्वको अस्तित्व, महत्त्व र महानतालाई हटाउने, घटाउने मास्ने र मेटाउने अत्याचार सामान्य चेतना भएका जन्तु जनावर र पशुपक्षीहरूले समेत गरेका छैनन् । दुर्भाग्य आज हाम्रै अनुहार भएकाहरूले नै हाम्रो महानतालाई माटियामेट बनाउने अन्याय हाम्रा लागि पीडादायी अत्याचार हो । यो अत्याचार हाम्रा लागि कुनै पनि हालतमा मान्य र स्वीकार्य छैन र हुँदैन । आफ्नो अस्तित्वलाई मास्ने अन्यायीलाई स्वीकार गर्नुहुँदैन र यसप्रति हामीहरूले 'मौनं स्वीकृति लक्षणम् नगरौँ' । बिम्झनुपर्छ भनेको यही सचेतना हो । जिम्दो हुँदाहुँदै पनि हामी ब्युँझँदैनौँ भने हामी जिम्दो लास हौँ, जिम्दो लास । हामी जिम्दो लास बनेर एकपल पनि बस्न हुँदैन, धौलो, हुँदैहुँदैन ।

**धौले** : मनधुर, म त कुइराको काग नै भइराखेको रहेछु, कुहिराको काग ! मेरो चेतनाका अङ्गहरू मैसँग भएर पनि नभएसरह लाटो बुङ्गो बनेको रहेछु म । यी बन्द भइराखेका आँखालाई खोली दिएकोमा सबै चेतनाका बत्तीहरूलाई म हार्दिक नमन गर्दछु... मनधुर, अभिवादन र भावनात्मक अभिनन्दन गर्दछु ।

(**चनभुमेको प्रवेश**)

**चनभूमे** : धौले ! यो संवादले मेरो पनि आँखा बन्दै रहेछन् भन्ने मैले महसुस गरेँ । यथार्थमा जागरण नै जीवन हो । चेतना र जागरणका ढोका बन्द भए जीवन र समाजको औचित्य समाप्त हुन्छ । यस्तो व्यक्ति र समाज भएर पनि नभएसरह हो, जसले बुझ्केन उसलाई कुनै दोष दिने ठाउँ रहँदैन । बुझ्कीबुझ्की बुझ्क पचाएका र कपटको भारी बोकेर बस्ने र मात्र आफ्नो निकृष्ट स्वार्थ परिपूर्ति गर्नका लागि सिङ्गो समाज र राष्ट्रलाई घनघोर अन्यायमा अन्यायको भुङ्ग्रोमा हाल्ने खतरनाक ज्यानदुश्मनहरू हाम्रा लागि भयावह अभिशाप हुन् अभिशाप ! यी अन्धकार अत्याचारी, तस्कर र माफियाहरूको स्वार्थको पासोमा जकडिन हामीहरू तमाम नेपालीहरू बाध्य र विवश बनाइएका छौँ । आज वर्तमान जीवित हामी तमाम जिम्दा नागरिकहरूले बिम्झेर सोचेनौँ भने निर्दोष भावी भविष्यका सन्ततिहरूको रगत र आँसुले हामीहरूलाई बारम्बार धिक्कारिरहने छ । मानव इतिहास, संस्कृति र सभ्यताले कहिल्यै पनि क्षमा र छुट नदिने अन्यायको भारी कुनै पनि युगले बोक्न हुँदैन धौले, बोक्नै हुँदैन !

**ज्वालामुखी** : आज यो देशभूमि माथि भइराखेको अन्धकार अन्याय र अत्याचारले गर्दा सबैका लागि पीडादायी अवस्था उत्पन्न भइराखेको छ । यत्रतत्र सर्वत्र रगत, आँसु, पीडा, रुवाबासी, करुणा र चरम विवेकहीनता व्यापक छ । न भन्न जाने ठाउँ, न सुनिदिने कोही छन् । राज्यका सबै निकायहरू सम्पूर्णतः प्रयोजनहीन भइराखेका छन् । शहीदहरूको बलिदान, त्याग, तपस्या र समर्पणको कुनै मूल्याङ्कन छैन । छ भने एकमात्र दानवीय अत्याचार ! यो अत्याचारभित्र किर्ते, जालसाझ्की झ्कूट, लूट र धूर्त्याइँले आफ्नो साम्राज्य बढाइराखेका छन् सूत्रधार ! यो दुर्लभ र अमूल्य मानव चोला केवल लिन, खान र उमेर आयु पुगेपछि धर्ती छोडेर जानका लागि मात्र प्राप्त भएको हैन सूत्राधार ! उप्रान्त हामी यो भूमिमाथि निरन्तर भइराखेको मूर्खतापूर्ण अत्याचारको भारी बोक्ने अन्धकारका भरिया भई राख्न सक्दैनौँ र हुँदैन ।

**सूत्राधार** : मूलतः यो अन्तर हृदयमा भएकै यथार्थता प्रकट भएकोमा ज्वालामुखीप्रति म हार्दिक कृतज्ञता नमन गर्दछु । हो हाम्रो भाषिक, सांस्कृतिक, सम्पत्तिका, गोपनीयता र मानवाधिकारसमेत समाप्त भइराखेको छ । यो अत्याचारलाई

हामी मौनम् स्वीकृति लक्षणम् गरेर बसिराख्यौं भने यो संसारमा हामी खोलाको बालुवा बिलाएझैं बिलाउने छौ, हराउने छौं र हाम्रो अस्तित्व एकादेशको कथा झैं समाप्त हुने छ । मासिने र मेटिने पक्कापक्की भइसकेको छ । के हामी हाम्रै जन्मभूमिमाथि भइराखेको यस्तो मूर्खतापूर्ण अन्धकार अत्याचारलाई पूजा गरेर डोलीमा बोकेर हिँडिरहन सक्छौ र हुन्छ ? ए जिम्दा नेपाली हो, के हाम्रो छातीमा ढुकढुकी छैन ? के हामी जिउँदा लास हौं ? छाम छाम आफ्नै छाती छाम, सोधी हेर आफ्नै मनभित्र प्रश्न गरेर सोध- के हामी हरेक युगमा मात्र चपाइएका अनुहार मात्र हुन जन्मेका हौं ? के हाम्रो जीवनको कुनै मूल्य, मान्यता र हैसियत छैन ? के हामी आँधीका पत्कर हौ ? कि चेतना र जागरणका पुञ्ज हैनौं हामीहरू टुप्पी सँगै डुब्न लाग्दा समेत हामीहरू बिम्झिएनौं भने यो मानव चोलाको औचित्य नै के बाँकी रहन्छ र ! कोकोहोलो, रुवाबासी र एक्कासि वातावरणमा विरसिलो हुरी चलेको अनुभूत हुन्छ ।

**गौरव** : आँखाभरि आँसुका बलिद्र धारा बगाउँदै ए सूत्राधार यहाँ के जिम्दा मान्छे अरू कोही छैनन् ? देखियो के यो समाज जिम्दा लासहरूको चाङ हो धिक्कार होस् धिक्कार होस् यस्ता देख्नका डाल, खानका कालहरूको आगमन यस धर्तीमा कहिल्यै पनि नहोस् । हे भगवान् हजुरसँग म सधैं यही अन्तर पुकार गर्दछु आश्चर्य प्रकट गर्दै सूत्राधारको प्रवेश ।

**सूत्राधार** : के भयो गौरवी, किन यो आवेग ?

**गौरव** : हाऽ हाऽ के भएन सूत्राधार हुन बाँकी नै के छ र यहाँ । अब हाम्रो सिउँदोको सिन्दूर पुछिएको छ । नाक बुचियो । शिरको टोपी हटाइएको छ । आँखाका नानी, शरीरको जैविक तत्त्व चल अचल सम्पत्ति उप्रान्त हाम्रो भन्ने हामीहरूसँग केही बाँकी नरहेको शुन्य नै भयौं सूत्राधार हामी केही नरहने हामी सर्वस्वहरणमा परेका छौं । विधिको शासन र न्यायिक सर्वोच्चताको कुरा एकादेशको कथा भएको छ । सामाजिक न्याय निमिट्यान्न भएको छ । राज्यका कार्यपालिका, न्यायपालिका व्यवस्थापिका र अन्तर्गतका निकायहरूको अस्तित्व अब कहाँ बाँकी रहन्छ र सूत्राधार, कहाँ लगेर अड्याउने ?

**सूत्राधार** : गौरवी यथार्थमा चेतना र जागरण आको, जागरणको बत्ती भनेकै यही हो । हरेक नागरिकहरूमा यस्तै जागरण र चेतनाको धुन गुन्जिन अनिवार्य छ । सामान्य चेतना भएका पशुपक्षीहरू र जन्तु जनावरहरूलाई समेत आफ्नो हित र अहितका बारेमा ज्ञान हुन्छ । दुर्भाग्य, गौरवी नेपाली समाज, सत्य, धर्म, न्याय र विवेकको धरातलबाट कहिल्यै पनि जाग्न र ब्युँझन सकेन । स्वार्थको भारी बोकेर सधैं तस्कर र माफियाहरूको भरिया भइराखेसम्म हाम्रो ज्ञान, बुद्धि, विवेक र मानवताको बाटो कहिल्यै पनि तङ्ग्रन सक्दैन

गौरव । हामी सर्वगुण सम्पन्न भएर पनि केही नभएझैं भइराखेका छौं । यो हुनुमा हाम्रै भूल हो । हाम्रै मूर्खताले हामीहरू आफ्नो सर्वस्व गुमाउन बाध्य र विवश भइराखेका छौ र आज सिउँदो पुछियो, नाक बुचियो र शिरको टोपी हट्यो, भोलि हामी हाम्रो जन्मभूमिबाट धमाधम शरणार्थी बनाएर लखेटिने अवस्था न आउला भन्न सकिँदैन । गौरवी हाम्रो शुद्धि, बुद्धि र सद्भावमा आफैँले लगाएको राँकोले हामीहरू धमाधम खरानी भइराखेका छौं खरानी !
(**मुसुमुसु हाँस्दै शुरवीरको प्रवेश**)

**शुरवीर** : सूत्राधार हुने नहुने सबै भइराखेको कुरा सबैलाई थाहा छ । के यो भयो, त्यो भयो भनेर मात्र हाम्रो कर्तव्य र दायित्व पूरा हुन्छ त ? यो धराधाममा जन्मेका सम्पूर्ण जिम्दा नागरिकहरूले बिम्भेर उप्रान्त तथ्यगत वास्तविकता जे हो त्यो बोल्न र खोल्न सकेनौं र आँशुको तलाउमा डुबेकी नेपाल जननीको उद्धारका लागि केही गरेनौं भने हामीहरूलाई हरेक युगले थुक्ने र धिक्कार्ने छ । हाम्रै चिहानले पनि हामीहरूलाई अपमान गर्ने छ र आउने भावी पुस्ताका सन्ततिहरूको रगत र आँसुले हामीहरूलाई क्षमा र छुट नदिने निश्चय छ । के हामी हरेक युगमा मात्र खोलाको गीत मात्र भैराख्ने ? योभन्दा बढी हाम्रो कुनै जिम्दो अस्तित्व र महत्त्व छैन ? हाम्रा हरेक पाइलाहरूसँग समय र समाजले प्रश्नैप्रश्न तेर्स्याइराखेको छ । के समय र समाजको प्रश्नलाई हामीहरूले सम्बोधन गर्न पर्दैन ? सूत्राधार, उप्रान्त यो समाजले पनि जिम्मेवार हुन अनिवार्य छ, अनिवार्य छ !

**सूत्राधार** : शुरवीर ! मानवीय घाम मनमा कहिल्यै न उदाएका यी कपटै कपटका अन्धकार बस्तीहरूबाट हामीहरूले कुनै समुन्नत आशा नगरौं । यो संसारमा आएकाहरू सबैले लिने, खाने र पाउने चाहना राखेका हुन्छन् । भए जति सबै अरू भरोसाको भारी बोकेर दौडी राखेकाहरूसँग थप आशा राख्नु नै व्यर्थको मूर्खता हो । ज्ञानी, गुणी र चेतनाका ढोका खुलेकाहरू अरूको मान, सम्मान वा अपमान आदिको कुनै आशा, अपेक्षा र भरोसा राख्दैनन् र जे जसरी हुन्छ आफूसँग भएका सद्भाव राष्ट्र र समाजलाई दिनमै खुसी र आनन्दित भै राखेका हुन्छन् । शुरवीर, हो आज हाम्रो भन्ने केही बाँकी छैन । विवेकहीन, अन्धकार तस्करहरूले सार्वभौम नेपाल र तमाम नेपालीहरूलाई घनघोरसँग तड्पाइ पाइराखेका छन् । सफा मन र प्रस्ट व्यवहार नै आजको आवश्यकता हो । जीवनको प्राप्ति भनेकै राष्ट्र र समाजका लागि समुन्नत योगदान दिन सक्ने हैसियत बनाउन सक्नुमा हुन्छ । (**शुरवीर**)

**शुरवीर** : सूत्राधार ! आदर्श छाँटेर ताउमा रोटी पाक्दैन । शिरका रौंदेखि पैतालाका छालासमेत चुसेर खाने अत्याचारीहरूले गरेको अन्यायबाट हाम्रो एकमुष्ट

उठिबास भइराखेको छ । समय र समाजलाई गुमराहमा राख्ने अन्यायीहरूलाई समय र समाजले नै उचित समयमा अवश्य दिनुपर्ने दण्ड दिएरै छाड्ने छ । सूत्राधार देखिने संसार नदेखिने शक्ति र ताकतबाट सञ्चालित छ । मान्छेले मूर्खतापूर्ण दम्भ र घमण्ड गर्नै पर्ने केही छैन । शिरदेखि पैतालाका पाउसम्मका हाम्रा हरेक अङ्गहरूमा उही नदेखिने शक्ति र ताकतको आशीर्वाद र कृपा छ । हुन त, खान र जान मात्र आएकाहरूलाई यो तथ्य उति मात्र हैन मनैपर्दैन । कसैलाई मन पर्नु र नपर्नु हाम्रो परिधिभित्र पर्दैन ।

**सूत्राधार** : एऽ समरजङ्ग, किन तिमी मौन छौ ? केही छैन तिमी भित्र ?

**समरजङ्ग** : छ, अवश्य छ, सूत्राधार किन नहुनु ! हामीहरूले वर्तमानलाई अन्याय गऱ्यौं भने भावी भविष्यले पनि हामीहरूलाई न्याय नगर्ने निश्चित छ । सूत्राधार, निश्चित छ ! यो पीडादायी युगले सार्वभौम नेपाल र हामी तमाम नेपालीहरूमाथि गरेको अत्याचार समय र समाजले सितिमिति बिर्सदैन सूत्राधार ! मेरो मनमा पनि ज्वालामुखी औडाहा छ । दुख्दा ऐय्या र पोल्दा आत्था भन्ने भाषा, सांस्कृतिक, साम्पत्तिक अधिकार, गोपनियताको हक र मानवाधिकारलाई समेत माटियामेट बनाएको छ यो अन्धकार युगले । हाम्रा बस्तीहरूबाट मानव अस्तित्वलाई मेटाएको पीडा छ समाजको मनमा ! नबोल्दैमा मन भित्र कोही छैन भन्ने हैन सूत्राधार ! (**तारेभीरको आगमन**)

**तारेभीर** : हाऽ हाऽहाऽ ए, आँट र आँत नभएका हुतीहारा हो ! तिमीहरूको पानीमरुवा र पतेङ्ग्रे कुरा सुनेर भुसुनो पनि हाँस्दो हो ! यो भूमिमाथि र समाजमाथि भएका सबै अत्याचारहरू हाम्रै निर्घृणीपनले गर्दा भएको हो । हामीहरूले कहिल्यै पनि ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्न नसकेकै कारण हामीहरू माथि यो घनघोर अन्याय सर्वत्र व्याप्त भइराखेको छ । सिङ्गै संसारभरि परम वीर गोर्खाली भनेर परिचित भएको हाम्रो गौरवशाली पहिचान आज हेर्दाहेर्दै मासको गेडामा अडेस लागेर भेन्टाको बोटमा भ्कटारो हान्ने तहमा पुगेको छ ! के यो सबै हाम्रो र हाम्रै कारणले आएको हैन सूत्राधार ! किन हामीहरू जिब्रो चपाएर सत्य लुकाएर जिम्दोलास बनिराखेका छौं ? सूत्राधार, म त तारेभीर ! बाघले खाए पनि किलो रित्तै, भीरबाट लडे पनि किलो रित्तै ! मलाई कुनै चिन्ता र डर छैन । लड्नुजति लडिसकें, झर्नु जति झरिसकें । उप्रान्त मलाई लडुँला र झरुँला भन्ने कुनै चिन्ता छैन । तर यो मान्छेको जात देखेर मलाई ताजुब लाग्छ, ताजुब ! आखिर यो मान्छेले यो संसारबाट के लिएर आएको थियो र के लिएर जान्छ । यो विधि लोभ र पापको भारी बोकिराखेको छ । हरे, हुँदाहुँदा आफ्नै पहिचानलाई समेत समाप्त पार्ने सर्वस्वहरण पत्रलाई राष्ट्रिय परिचयपत्रको आवरणमा जन्मन

बाँकी भावी भविष्यका सन्ततिहरूको अस्तित्वलाई समेत समाप्त पार्न पछि नपर्ने यी अन्यायीहरूलाई यही नै काँधमा बोक्ने यो विवेकहीन समाजलाई देखेर भुसुनाहरू समेत अचम्मित छन्, सूत्राधार अचम्मित भइराखेका छन् ।

**सूत्राधार** : तारेभीर ! उप्रान्त बोलेर मान्छे सुध्रिने कुनै सम्भावना देखिँदैन । बोलबोल मछली मुखभरि पानी ! लातको भूत बातले सुध्रिँदैन भनेझैँ भइसकेको छ । मानव समाज आफ्नो स्वार्थका लागि मान्छेले जस्तोसुकै अन्याय र अपराध गर्छ भन्ने जीवन्त नमूना भएको छ वर्तमान समय । यस्तो दारुण र कारुणिक अन्याय त दानवहरूले पनि नगरेको तथ्य इतिहासले भन्छ ।

**तारेभीर** : उपाय छ, सूत्रधार, अवश्य यो संसार सम्भावनै सम्भावनाको शिखर पुञ्ज हो । यो संसार केवल यही घमण्डी र अन्याय विवेकहीन भइसकेको मान्छेको मात्र हैन । भनौँ त यो संसारमा ज्यादै थोरै समुन्नत सोच भएका मानिसहरूको समर्पण र त्यागले नै मानव संस्कार, संस्कृति, भाषा, साहित्य, कला र वैज्ञानिक आविष्कारहरू भएका छन् । बाँकीहरू त पाएको खाने र भेटेको लाउनेहरूकै हुलमुल न हो । मलाई त पूर्ण विश्वास छ ठुलो भरोसा छ, सूत्रधार, गहिरो आशा छ । देखिने संसार नदेखिने शक्ति र तागतबाट सञ्चालित छ । अवश्यमेव, त्यो अगम्य र अदम्य शक्ति र ताकतले यो तहसनहस भएको वर्तमानलाई सम्हालेर फेरि नयाँ उचाइमा उठाउने छ । यो मेरो दृढविश्वास अवश्य सार्थक हुने छ । हो पर्खनलाई कठिन छ । तर नफर्क नपर्खीकन पनि त धर छैन । अत्याचारीहरू को हातमा समयको बागडोर गयो भने समाजले कुनहदसम्म पीडित र प्रताडित बन्नुपर्दोरहेछ भन्ने तथ्यलाई वर्तमानले छर्लङ्ग पारेको छ सूत्रधार !

**तितेफापर** : यो युग त जम्मै बाँझो र गुनासै गुनासाहरूकै मात्रै हुँडुलो रहेछ । बाटो, घाटो पानी, पँधेरो, घर, कार्यालय जहाँ गए पनि केवल नासो र गुनासो मात्रै सुनिन्छ । एरात्तै हैन के भै राछ ! यो मानव समाज यत्रतत्र सर्वत्र बुझिनसक्नु भइराखेको छ । के हामी हाम्रो हित र अहितसमेत छुट्याउन नसक्ने तहमा पुगिसकेका हौँ । हाऽ हाऽ ए दर्शकवृन्द हो, तपाईंहरू पनि सुन्नु होस् उद्देश्यविहीन यात्राले कतै पुगिँदैन, केही हुँदैन, हुन्छ त केवल समयको बर्बादी मात्रै । यो हुतिहारा बाँझो युगले मात्र समयलाई बर्बाद बनायो । हाम्रो भाग्य र भविष्यलाई बन्धक बनायो र बनाइराखेको छ । एऽ जिम्दा मान्छे हो, हामी सासछँदै जिम्दो लास बनिरह्यौँ भने हाम्रो चिहानले पनि हामीहरूलाई थुक्छ । धिक्कार्छ र आउने हरेक युगका भावी भविष्यका सन्ततिहरूको निर्दोष रगत र आँसुले हामीहरूलाई बाटो दिने छैन । के यो दुर्लभ मानव चोला केवल खान र मर्नका लागि मात्र हो । सोच मान्छे हो सोच ! सोच्ने र सम्झने बेला यही हो । शरीरमा तागत

छँदै सोचेनौं भने हाम्रो हातमा केवल पश्चात्ताप मात्र पर्नेछ । धिक्कार होस्, न्याउरी मारी पछुतोभन्दा अभिशप्त जीवन हुन त के जीवन हो र ! मानव पशुपक्षीहरूले पनि आफ्नो जीवनलाई सार्थक र प्रभावकारी बनाइराखेका हुन्छन् के हामी मानवहरू हैसियत जन्तु ? छ र जनावरहरूको भन्दा पनि तल्लो धरातलमा पुगिसक्यो ।

**सूत्राधार** : हैन यो मानव संसारबाट लोप हुन लागेको त हैन ? यत्रतत्र सर्वत्र यही मान्छेका विरुद्ध छ । मान्छेसँग मान्छे किन योविधि रुष्ट छ । समय र समाज आज पूरै मान्छेका विरुद्धमा उर्ली राखेको छ । तैपनि मान्छे केही नबुझेझैं होशहीन भैराखेको छ । के छ । दर्शकवृन्द तपाईंहरूको सोच ?

**तितेफापर** : सूत्रधार म जे देख्छु त्यही मात्र बोल्छु र हृदय खोल्छु । ढुङ्गा हान्ने होइन ढुङ्गा बोक्ने संस्कार हो हाम्रो झगडाको बीउ रोप्ने होइन, आफ्नो वनपाखामा विरुवा रोप्ने संस्कृति थियो हाम्रो मान्छेको खुट्टा तान्ने होइन, पानीको पाइप तानेर आफ्नो बाँझो खेतबारीलाई हराभरा बनाउने सोचको अनिवार्यता छ यो मानव समाजमा । अन्यथा यो मानव समाज प्रयोजनहीन हुने छ, प्रयोजनहीन । सूत्राधार राजनीति भनेको पनि साइकल चलाई जस्तै हो, जसरी नियमित चलाए भने मात्र पाङ्ग्राले दूरी पार गर्छ । मैले हिजो चलाएको थिएँ आज पनि चल्छ भन्यौ भने साइकल चल्ने हैन ढल्छ । राजनीति भनेको पनि गतिशील भइरहनुपर्ने राष्ट्रको नीति हो । दुर्भाग्य, हाम्रो देशमा राजनीतिको नाममा अराजनीतिक अत्याचारबाहेक केही भएन । त्यही दुर्भाग्य र मूर्खतापूर्ण अत्याचारको फल आज हाम्रो देशको हालत यो भिरको पहिरो भइराखेको छ ।

**सूत्राधार** : तेरो त नाम मात्रै तितेफापर रहेछ त ! वरनीति, परनीति, अर्थनीतिभन्दा पनि महान राजनीतिको समेत सर्वस्व जानकार रहेछ नि त ! म त यी सबै कुरा केही पनि जान्दिनँ त, तितेफापर ! भनौं तर म आफैलाई पनि जान्दिनँ (**धौलेको प्रवेश**)

**धौले** : हैन आजको नाटक त के सूत्राधार र तितेफापर कै मात्रै वीर्ता र बपौती जस्तै भयो नि त ! के हाम्रो कुनै भूमिकै नहुने ?

**सूत्राधार** : क्याबात धौले क्याबात ! मूलतः मैले प्रारम्भिक चरणदेखि नै यस्तै साहसी र आँटिला पात्रको खोजी गरिराखेको थिएँ यो नाट्यशालामा । भएभरका सबै प्राय नुन खाएका कुखुरा, कुखुरीहरू जस्तालाई देखेर मलाई दिक्क लागिराखेको थियो । बल्ल एउटा आँत र आँट भएको जिम्दो पात्र फेला परेकोले म हर्षविभोर भएको छु धौले, हर्षविभोर !

**धौले** : मैले आफ्नो जीवनका हरेक मोड र क्षणमा आफ्नो सङ्कुचित स्वार्थलाई

हैन सर्वजन सुखायलाई सर्वोपरी ठाने । मलाई थाहा छ, भाषा, भूगोल र भगवान्बाहेक यो संसारमा केही अन्य उम्दा तत्त्व रहेनछ । मलाई जीवनबोध भएदेखि नै म यिनै तत्त्वहरूको अन्वेषणमा नियमित निमग्न भई राखेको छु । म यस्तै शुभकार्यमा लागिरहन्छु ।

**सूत्राधार** : सबैले आफूलाई मै मात्र राम्रो छु भन्छन् । 'कर्म करिष्य इति प्रथम सङ्कल्प ।' जीवनको मूल ध्येय भनेकै कर्म हो धौले, कर्म ! कर्म नगरेसम्म केही हुँदैन । कर्म पनि आफ्नै निकृष्ट स्वार्थका लागि मात्र होइन, अरूको हित रक्षाका लागि । जसरी घाम, पानी धरती आकाश र सूर्य चन्द्रमाले अटूट गरिराखेका छन् कर्म । यथार्थमा हामीहरू पनि यिनै तत्त्वका अंश हौँ । दुर्भाग्य मान्छेभित्रको मूर्खतापूर्ण दम्भ र घमण्ड बोलाएर योना यो मानव समाज मात्र होइन चराचर जगतलाई नै मान्छेले त्राहिमाम र भयभीत बनाइराखेको छ । मान्छेले मच्चाएको उद्दण्डताका कारण आज संसार सन्त्रस्त भइराखेको छ सन्त्रास्त ।

**धौले** : हैन यही सन्त्रासको पासो त हैन यो राष्ट्रिय परिचयपत्रको आवरणमा हामीहरूलाई लिन र दिन बाध्य र विवश बनाएको सर्वश्वहरण-पत्र ।

**सूत्राधार** : बिल्कुल ठीक हो, धौले बिल्कुल ठीक ! वंशज, जन्मसिद्ध, अङ्गीकृत र सम्मानित पृष्ठभूमिमा आधारित नेपाली नागरिकताको प्रमाणपत्र नै हाम्रो असली राष्ट्रिय परिचयपत्र हो । फेरि हामीहरू हरेक नेपालीहरूसँग अनेकौँ परिचयहरू पत्रहरू छन् कर्मचारी परिचय पत्र, सेनासँग सेना परिचयपत्र, प्रहरीसँग प्रहरी परिचयपत्र, हरेकसँग निर्वाचन परिचयपत्र, लालपुर्जा अर्थात् जग्गाधनी प्रमाणपूर्जा । यी सबै परिचय पत्रहरूलाई खोटो, निष्प्रयोजन र प्रयोजनहीन बनाएर मौजुदा ऐन कानुन र संविधानले समेत कतै नचिनेको यो सर्वस्व हरण पत्रलाई राष्ट्रिय परिचयपत्रको आवरण लगाएर तमाम सार्वभौम नेपालीहरूको नैसर्गिक, भाषिक, सांस्कृतिक, साम्पत्तिक गोपनियताको हक र मानव अधिकारलाई समेत अपहरण गर्ने पासो हो यो राष्ट्रिय परिचयपत्र ।

**धौले** : यी सबै त हो सूत्रधार, तर यसबाट हामीहरू कसरी उम्कने त ?

**सूत्राधार** : धौले जहाँ इच्छा त्यहाँ उपाय । यो संसारमा मान्छेले चाह्यो भने केही पनि कुरा असम्भव छैन । नियमले नमिल्ने अधिकारले नभ्याउने कुनै पनि माग दाबी हामीहरूले गरेका छैनौँ । हरेक जीवित प्राणीहरूलाई प्रकृतिले नै उनीहरूको निश्चित र गोप्य बाँच्ने आधार दिएको हुन्छ । यो गोपनीयता हरेक व्यक्तिको नितान्त निजी सम्पत्ति हो यसैलाई प्राकृतिक नैसर्गिक अधिकार भनिन्छ । यो गैरकानुनी असंवैधानिक राष्ट्रिय परिचयपत्रको आवरणमा लिन र दिन बाध्य र विवश रहेको सर्वस्वहरण पत्रले सार्वभौम नेपाल र हामी तमाम नेपालीहरूलाई सधैँका लागि कुलो न घट्ट बनाएको छ र बनाउँदै लाने

निश्चित छ । यो अत्याचारको पासोलाई जो जसलाई दिन र लिन बाध्य र विवश बनाएको छ, यो परित्याग लिन र दिन रद्द र बन्द गरेपछि हाम्रो समस्या सधैँका लागि समाप्त हुन्छ । आँट गरौँ, उठौँ, आटौँ र जागौँ ।

**धौले** : दर्शकवृन्द जीवनमा आज ठुलो आँट र उत्साहको शिखर मार्ग फेला पारेका छौँ हामीहरूले । जो डराउँछ, त्यो हराउँछ । हामी यो संसारमा हराउन आएका हैनौँ । हाम्रै घरबाट हाम्रै आँखा अगाडि हाम्रै सर्वस्वहरण हुँदा समेत हामी जिम्दा लास बनेर बसी राख्यौँ भने एउटा सामान्य भुसुनाले पनि हाम्रो मुखमा लात हान्नेछ, लात । के हामी हुतिहारा काँतर हुन यो संसारमा आएका हौँ ।

**सबैले एकै स्वरमा** : हैनौँ हुँदैहैनौँ उप्रान्त हामी उठ्छौ जुट्छौँ र एक हुन्छौँ । हामी हाम्रो गुमेको अधिकारलाई पुन प्राप्ति गरेरै छाड्ने छौँ । लाग्छौँ, हामी जाग्छौँ र यो मूर्खतापूर्ण अत्याचारलाई परित्याग गर्छौं र यो सर्वस्वहरण पत्रलाई राष्ट्रिय परिचयपत्र भन्दैनौँ । यो अत्याचारयुक्त अभिशापको पासोलाई लिन र दिन बन्द गरेर हाम्रो असली पत्र नेपाली नागरिकताको प्रमाणपत्रकै आधारमा सम्पूर्ण वैधानिक कार्य गराएरै छाड्ने छौँ । जय जननी नेपाल ! नेपथ्यमा वीररसको जागरण धुन बजिराखेको हुन्छ ।

**परमवीर गोर्खालीको पौरखशाली शिर,**
**जस्तै विध्नबाधा आउन मान्ने छैन पीर ॥**

**हाम्रो आस्था विश्वास हो हाम्रो गौरवगाथा,**
**कहिल्यै होचो हुने छैन मनको सगरमाथा ॥**

**अघि बढ्दै लम्किने छन् पाइला सधैँ धीर,**
**परम वीर गोर्खालीको पौरखशाली शिर ॥**

**हाम्रो घाम हाम्रो जुन हो जीवन पलपल,**
**चेतनाको जागरणले हुन्छौँ झलमल ॥**

**हुतिहारा काँतर कहिल्यै हुन्न परम वीर**
**परम वीर गोर्खालीको गौरखशाली शिर ॥ ■**

**आबद्धताः नेपाल विद्युत प्राधिकरण**



# दुःखकी खानी

विमल भौकाजी

मुटुको धड्कन कतै रोकिन्छ कि !
चस्... चस्... दुखिरहेको थियो पूरै शरीर
अचानक !
कुनै तिलस्मी जादुझैँ
शान्त महसुस भयो
मानौँ, पीडा थिँदै थिएन ।

छामेँ मुटु
धक्... धक्...
उस्तै चलिरहेको थियो धड्कन
अहँ, कहीँ-कतै दुखाइको
रत्तिभर आभास भएन
खोइ, कहाँ गयो मेरो दुःख ?

हराएको दुःख
कतै घरबाहिर पो गयो कि !
आश्चर्यचकित !
दुःख खोज्न फुत्त...
घरबाहिर निस्कन के खोजेथेँ
एकाएक
ढोकाको सङ्घारमै
उभिइरहनुभएको देखेँ, आमा ।

नियालेँ आमाको अनुहार,
आमा !
मुसुक्क मुस्कुराइरहनुभएको थियो । ■



# गजल

जयदेव गोविन्द

भन्यो माकुराले 'अझै जाल बुन्छु'
लताले प्रतिज्ञा गऱ्यो "साथ हुन्छु'

गरे गोप्य सल्लाह भित्ताहरूले
गजलकार बोल्यो 'सबै प्रस्ट सुन्छु'

चुसेतुल्य गर्नु भ्रमरझैँ मलाई
कुसुमझैँ मिठो रस निकालेर रुन्छु

कठै कोइलीले मिठो गीत थाल्यो
झुसे बारुलाले भन्यो 'कान थुन्छु'

धरातल भुलेको शिखर धक्कु देला
'क्षितिजले नछेके म आकाश छुन्छु'

यसो भन्न सक्ने कुनै 'देव' छैनन्
'म तिम्रो रगतमा डुबी धर्म धुन्छु' । ■

बहर : मुतकारिव मुसम्मन सालिम
रुक्न : फऊलुन गुणा चार



# शासकको अनुहार

ठाकुर बेलवासे

हो
तिमी रोऊ !
तिमी छाती पिटिपिटी रुँदा
यी अजङ्गका पहाडहरू पनि रुन सक्छन् !
तर
तिम्रो रोदन/क्रन्दनमा
म भने हाँस्छु
तिम्रो आँसुमा मेरो राजनीति लुकेको छ !

तिमी कहालिँदा
नदीले आफ्नो प्रवाह रोक्न सक्छ
स्तब्ध बन्न्न सक्छन्
घाम-जून
तर म भने प्रफुल्ल बनेर महाभारत पढिरहेको हुनेछु !

तिमी जनता हौ
म शासक हुँ
मेरो खुसीका लागि
तिम्रो मृत्यु सामान्य हो !
तिम्रो रोदन
मेरो मनोरञ्जन हो !

तिम्रो भोक !
शोक !
अनि सन्ताप !

मेरा ऊर्जा हुन
तिम्रो मृत्युले
मेरो आयु बढाउँछ !
म शासक हुँ !
मेरै निर्देशनमा चल्छ -
यमराज
मेरै आदेशमा बग्छ -हावा !

यो देशको म राजा हुँ
म सर्वोच्च शिखर हुँ
म माथि अडेको छ
आकाश
मेरै पैतालामा झुन्डिएको छ
धरती

भगवान्लाई मैले होइन
मलाई भगवान्ले पुज्छन्

म शासक हुँ
तिम्रो आँसुले
तिर्खा मेट्छु !

जब चुनावमा तिमीसँग भेट हुन्छ
तिमीमा सपनाको अक्सिजन भरेर
सक्दो उडाउँछु आकाशमा

म बिना ब्रह्माण्ड स्थिर बन्छ
तिमी रुनु
कराउनु/चिच्याउनु
या मर्नु
सामान्य सम्झने
म कोमल हृदयको शासक हुँ

जनताको आँसुको नदीमा शासनको ढुङ्गा चलाएर
अमनचयन स्थापित गर्न आतुर
म तिमीले खोजेको शासक हुँ । ■



# भलबाढीमा भागाभाग

ध्रुव अधिकारी

मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले सधैं जस्तै मौसमको भविष्यवाणी गऱ्यो । तर, त्यो एक दिनअघिको भविष्यवाणी नभएर करिब एक हप्ताअघिकै थियो । उसको भविष्यवाणी थियो असोजको ११, १२ र १३ गते आरीघोप्टे पानी पर्छ । आरीघोप्टेलाई उसले परिभाषा गरेको थियो- आरी/कुनै भाँडाले घोप्ट्याए जस्तो गरी पानी ओइरिने । मौसम विज्ञान विभागले यस्तो भविष्यवाणी मात्र नगरेर त्यस अवधिमा अत्यावश्यक कामबाहेक सकेसम्म घरबाट बाहिर ननिस्किन र सुरक्षित साथ घरमा बस्न पनि सुझाएको थियो । उसले यतिसम्म पनि भनेको थियो कि असोज ११ गते पूर्वबाट सुरु भएको वर्षा क्रमशः पश्चिमतिर अघि बढेर १३ गतेसम्म कायम रहन्छ । यो भविष्यवाणी सुनेपछि यात्रा पछि सार्ने कि भन्ने सोच पनि नपलाएको होइन, पलाएको थियो । तर नजिकै बडादसैँको तिथिमिति भएकाले त्यसो गर्न पनि उचित लागेन । अनि, पूर्व निर्धारित कार्यक्रम भएकाले हामी पाँच भाइ मलगायत अन्य चार साथीहरू असोज महिनाको दोस्रो हप्ताको पहिलो दिनमै कोशी प्रदेश टेक्न पुग्यौँ । काठमाडौँ-विराटनगरको हवाई मार्गबाट तीन दिनका बिचमा चार पाँच जिल्ला घुम्ने योजना बनाएर विराटनगर पुगेका हामीबिच बेलाबखत मौसम पूर्वानुमान महाशाखाको मौसम बुलेटिनका विषयमा विशेष चर्चा परिचर्चा भइरहन्थ्यो ।

यो मौसमीय भविष्यवाणीले मेरा मनमा कता कता छुट्टै किसिमको डर भित्र्याइरहेको थियो । साथीभाइलाई त्यो कुरो भनिनँ । हामीले मौसम विज्ञान विभागको भविष्यवाणीलाई सधैँझैँ हलुकै रूपमा लियौँ । यसरी यस भविष्यवाणीलाई हलुका रूपमा लिनुको कारण हुन सक्थ्यो- यिनीहरूको यो अनुमान औपचारिकताका लागि मात्र हो, सत्यताका लागि होइन । किनकि, मौसम पूर्वानुमान महाशाखाले भोलिपल्टैका लागि गरेको अनुमान त प्रायः मिल्दैन भने यो त एक हप्तापछिका लागि गरिएको एक हप्तैअघिको अनुमान थियो । त्यसमाथि यिनको अनुमान कहिले पो मिलेको छ र ? अहिले मिल्नु ! सबैभन्दा जान्ने म नै

हुँ भन्ने सिद्धान्तका अनुयायी हामी सबै यस विषयलाई खासै वास्ता नगरेर आफ्ना कामतिर लाग्यौं ।

तोकिएको कार्य जिम्मेवारी सम्पन्न गरेर दश गते नै काठमाडौं फर्किने योजनामा थियौं हामी । सबैको ज्यान विमानस्थलमा छ । हात हातमा जहाजको टिकट छ । तोकिएको समयमा जहाज आएन । ढिलो, ढिलो भन्दाभन्दै अबेर गरेर जहाज नआउने निधो दियो सम्बन्धित एयरलाइन्सले । यात्रा भोलिपल्टका लागि तय भयो । साँझमा गह्रुङ्गो मन लिएर हामी फर्कियौं रात्रिवासका लागि पुरानै गुँडतिर । मन छटपटिएको छ, भोलि जहाज आउँछ कि आउँदैन ? भन्ने कुराले । जे त होला, भगवान् भरोसा भन्दै निद्रादेवीको शरण स्विकार्‍यौं ।

असोज ११ गते । बिहानको समय । मडारिएर वर्षा भइरहेको छ डरलाग्दोसँग । साँच्चै आरीघोप्टे नै छ पानी पराइ । हामी तोकिएको समयभन्दा पनि केही समयअघि विराटनगर विमानस्थल पुगिसकेका छौं । पटक पटक विमानस्थल हेर्छौं, हातको टिकटको समय हेर्छौं । समय घर्किसक्यो काठमाडौंबाट नै जहाज उडेको छैन । फेरि विमानस्थल हेर्छौं, हातको टिकट हेर्छौं । निराशाको बादल मडारिँदा मडारिँदै त्यस दिन पनि जहाज नआउने टुङ्गो भयो । फसाद अब पर्‍यो । अघिसम्म जहाजको आशामा तड्पिइरहेका हामी अब ढिलो नगरीकन नयाँ योजनाको खोजीमा लाग्न बाध्य भयौं ।

अब काठमाडौंसम्म नै गाडीमा जाने निधो गरेर असोज ११ गते नै दिनको एक बजेतिर हामी गाडीको व्यवस्था गरी हानियौं धरान-चतरा राजमार्ग पछ्याएर काठमाडौंतिर । वर्षाले आफ्नो हतियार बिसाएको छैन, हानेको हान्यै छ डरलाग्दोसँग । बेलाबेलामा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाको सचेतना सन्देश सम्झन्छौं । गाडीले आफ्नो गति रोकेको छैन । वर्षालाई चुनौती दिएर अगाडि बढेको बढ्यै छ, जतिसक्दो छिटो काठमाडौं चुम्नका लागि । गाडीको इन्धनमा चिन्ता छैन, भरि छ । तर, चालक र हामी सवारी यात्रुको इन्धन सकिएको ठहर भएपछि तीन चार बजेतिर उदयपुरको गाईघाट पुगेर सबैमा आवश्यक इन्धन भर्‍यौं । 'बाटोमा कता के हुन्छ ?' को चिन्ता मत्थर गरियो । यो सर्वथा उचित निर्णय थियो हाम्रो ।

गाडी उही रफ्तारमा छ, जुन रफ्तारमा विराटनगरबाट अघि बढ्दाको समयमा थियो । साँझको करिब सात बजेतिर गाडीले सिन्धुलीको भिमान टेक्यो । हामी यहीँ खानपान गरेर यहीँ नै वास बस्ने योजनामा थियौं । चालकसहितको छ सदस्यीय योजना आयोगले योजना परिवर्तन गरेर अगाडि बढ्ने निधो गर्‍यो । परिमार्जित योजनाअनुसार हामी अघि बढ्यौं । योजना परिवर्तनको कारण बनाइएको थियो- अविरल भइरहेको वर्षालाई ध्यानमा राखिसके जति अझै अगाडि बढेर

भोलिपल्टका लागि थोरै भए पनि यात्रा मार्ग छोट्ट्याउने । सुरक्षित अवतरण खोज्ने ।

परिमार्जित योजना मुताबिक हामी अघि बढ्यौँ । रातको साढे नौ बजेतिरको हाराहारीमा हामी बी. पी. राजमार्गको मूलकोट भन्ने स्थानमा आइपुग्यौँ । वर्षा यथावत् छ । रोकिने छाँटकाँट छैन । मौसम पूर्वानुमान महाशाखाको थप सन्देश के छ ? त्यो पनि याद गर्न सकिरहेका छैनौँ । हामीलाई विनाबाधा व्यवधान काठमाडौँ पुग्नु छ, त्यत्ति मात्र थाहा छ ।

निरन्तरको अविचलित वर्षा । रातको समय । यसभन्दा अघि बढ्ने आँट हामीले गर्न सकेनौँ । जहाँ पुगे पनि बिच बाटोमा वास नबसी सुख थिएन । त्यसैले यसका लागि यही मूलकोट रोज्यौँ । यहीँ खाना खाने, यहीँ बस्ने योजना सर्वसम्मत रूपमा सबैबाट स्वीकृत भयो । जहाँ हामी यतिखेर आइपुगेका छौँ, त्यस ठाउँमा कसै गरी खोलाको बाढी नआइपुग्ने उद्घोष गरिरहेछन् स्थानीयहरू । इतिहासमा नभएको कुरा कसरी हुन सक्छ ? भनेर ठोकुवा गर्दैछन्, उपस्थित सबै स्थानीय व्यवसायी तथा अन्य महानुभावहरू ।

मान्छेको भिडभाड छ । सोचेभन्दा बढी भाडा कबुलेर चालकसहित सबैका लागि कोठा लिइयो । होटल परिसरमै रहेको सुनकोशी नदीतर्फको दृश्यावलोकनका लागि बनाइएको टावरमा गएर सुनकोशीको दृश्यावलोकन गर्ने प्रयास गरियो । रातको समयमा के नै देखिन्थ्यो र ? के नै अनुमान गर्न सकिन्थ्यो र ? तैपनि जे जति देखिन्छ त्यो हेरियो । तर स्थितिले इतिहास उल्टाउने अनुमान गऱ्यौँ हामीले । अलिक तलसम्मको अवस्थाका विषयमा जानकारी पाएपछि हामीले सुनकोशी पनि यहीँ वास बस्न आउँछ कि क्या हो ? भनेर शङ्का व्यक्त गऱ्यौँ । हामीलाई त्यहाँ उपस्थित त्यहीँका पाहुना र स्थानीय सबैले उडाए । हिजो विराटनगरबाट उड्न नपाएका हामी सिन्धुलीको मूलकोट आएर उभिएको उभियै अवस्थामा मजाले उडचौँ । यी कस्ता डरपोक रहेछन् जस्तो पनि लाग्यो होला तिनलाई । काठमाडौँका मान्छे, यस्तै डरछेरुवा हुन्छन् भन्ने पनि सोचेका थिए होलान् तिनले । जे भए पनि हामी मजासँग उडचौँ । हाम्रा कुरालाई हलुका रूपमा लिए उनीहरूले । हामी खिस्सीका पात्र बन्यौँ विनामूल्यमा ।

उनीहरूले जे जसो भने पनि हामी सुरुमा लिएको कोठामा बस्न डरायौँ । गफ गरेर बस्दाबस्दै खोलो कराएको आवाज नजिकको आफन्त जस्तै कानमै आएर कानेखुसी गर्न लाग्यो । खोलो कराएको आवाज नजिकै कानमा बज्रिन थालिसकेपछि, ढुक्कले कसरी बस्नु त ? कसरी सुत्नु त त्यस्ता ठाउँमा ? हामीले माथितिरको अर्को कोठाका लागि आग्रह गऱ्यौँ । केही हुँदैन भन्दै थिए उनीहरू । 'हामीलाई अहिलेसम्म बाघले खाएको छैन' जस्तो कुरा गर्ने स्थानीयको कुरा मान्न हामी तयार भएनौँ । उपस्थित सबै हाँसे । अर्को कोठाका लागि गरिएको आग्रह

पटक पटक दोहोऱ्यायौँ । सबैभन्दा माथिल्लो तलामा कोठा रहेछ, झन्डै झन्डै होटलभन्दा माथितिर रहेको राजमार्गको समानान्तर अग्लाइमा । यो होटेलको चौथो तला थियो । खोलो बाघ गर्जेभन्दा पनि कता कता कडा स्वरमा गर्जिरहेकै छ, कसैसँग कत्ति डराएको छैन ।

दुई तीन घण्टा सुतेपछि रातको तीन बज्दा नबज्दै निद्रा खुल्यो । चौथो तलाको बार्दलीबाट खोलो नियालियो । मोबाइलको बत्तीले त्यहाँको अन्धकारलाई चिर्न सकेन । केही देखिएन । खोलो मस्तले अघाइसकेको रहेछ, बेलुकाको जस्तो कराएको छैन । अनि, खोलो यसरी नकराउनुको अर्को कारण रहेछ, हिजो राति हामीले सुरुमा बुक गरेका कटेजभित्र मजाले पानी छिरिसकेछ । ठाउँमै आइपुगिसकेँ, पख न तिमीहरूलाई भने जस्तो गरी ऊ नकराईकन केही शान्त भएको रहेछ ।

त्यसको दश मिनेट जतिमै हल्लाखल्ला सुरु भयो । यता र उता ढ्याङढ्याङ र ढुङढुङ गरेको सुनियो । सडक बन्द भएर नयाँ मानिसहरू होटलका पाहुना हुन आएका होलान् भन्ने अनुमान गऱ्यौँ । त्यति माथिसम्म खोलो आइसकेको त हामीले शङ्का नै गरेका थिएनौँ । चार बज्दा नबज्दै होटलका तर्फबाट ढोका ढकढक्याउन आए । हामी जतिखेर पनि भाग्नुपर्ने स्थिति आउन सक्ने अनुमानमा झोला फुत्त टिपेर भाग्न सक्ने गरी तयारी अवस्थामा राखेर बाहिरिने लुगासमेत लगाएर सुतेका थियौँ हिजै राति । शङ्का सत्यमा साबित भयो । ढोका ढकढक्याउने बित्तिकै झोलासमेत बोकेर हामी हतार हतार बाहिरियौँ ।

होटलवालाहरू भन्दै थिए- हजुरहरू सुत्नुहोस् । होटेलको तल्लो भागमा पानी पसिसकेको छ तर माथि केही हुन्न । भोलि गाडीलाई अप्ठ्यारो पर्ला, अहिले राखेको ठाउँबाट त्यसलाई अन्यत्र सार्नुपऱ्यो भनेर मात्र हामीले ढोका ढकढकाएका हौँ । हामीलाई साँचो दिनुहोस्, हामी सुरक्षित ठाउँमा लगेर गाडी पार्किङ गर्छौं । उनीहरूको अनुरोधपछि गाडीको साँचो चालकसँगै रहेकाले कटेजमा गएर उनैसँग माग्न आग्रह गऱ्यौँ र हामी सडकतिर जान्छौँ भनेर तल्लो तलातिर झऱ्यौँ । कटेजभन्दा करिब पाँच सात फिट माथिको होटेलको पक्की भवनमा समेत खोलाको पानीले कब्जा गरिसकेको रहेछ । नदी यस्तो अवस्थासम्म आइपुगेपछि हिजो हामीलाई खिस्सी गर्नेहरू पनि जम्मा भइसकेका थिए तर केही हुन्न भन्ने विचार बोकेर ती अझै कोठा छोड्ने मनस्थितिमा पुगिसकेका थिएनन् । सायद, उनीहरू अझै पनि हामीलाई डरछेरुवाकै उपाधि बोकाइरहेका थिए जस्तो लाग्यो ।

अब चारैतिर बत्ती गइसकेको छ । उज्यालोविहीन छ पूरा वातावरण । निकै कहालीलाग्दो छ पूरै परिवेश । 'प्रकृतिसँग सितिमिति जुध्न को सक्छ ?' मनमनै सोचिरहेका छौँ । होटेलका मानिसलाई गाइड गर्न लगाएर तिघ्रासम्म आउने बाढीको पानीमा जुत्तासमेतका सामान हात हातमा बोकेर मुस्किलले बाहिरियौँ

हामी । चालकले गाडी नल्याउन्जेल पाँच सात मिनेट जति मौसम पूर्वानुमान महाशाखाको भाषामा भन्नु पर्दा आरीघोप्टे पानीमा भिजेर सडकमा उभिइरह्यौँ हामी । गाडी राखेका ठाउँमा चक्काभन्दा पनि निकै माथि आइसकेको रहेछ भलको पानी । मुस्किलले गाडी निकालियो । गाडी आइपुगेपछि सडकको अर्को होटेलका अगाडि गएर गाडीभित्रै बस्यौं । कता जाने ? ठेगान छैन । के गर्ने ? निधो छैन । पूरै अलमलमा छौँ हामी । जहाँ हामी गाडीमा बसिरहेका छौँ, त्यहीँ अगाडिको होटल खोल्न लगाएर अदुवा राखेको कालो चिया बनाउन लगायौँ र एक एक कप चिया पियौँ । कुन सड्को ? कसरी चिया पिइयो ? त्यो पनि हामीलाई त्यतिविधि याद छैन । तर हामीले चिया पिएको भने पक्का हो । यसमा शङ्का थिएन ।

यतिखेरसम्म राजमार्ग तलतिरका घरका मानिसहरू पनि त्यहाँ जम्मा भइसकेका थिए । हामी पहिला बसेकै होटेल कटेजका कर्मचारी तथा अन्य पाहुना

*चारैतिर बत्ती गइसकेको छ । उज्यालोविहीन छ पूरा वातावरण । निकै कहालीलाग्दो छ पूरै परिवेश । 'प्रकृतिसँग सितिमिति जुध्न को सक्छ ?' मनमनै सोचिरहेका छौँ ।*

पनि बाढीलाई छिचोल्दै त्यहाँ जम्मा भए । यसै बिचमा दुई/चार जना सुरक्षाकर्मी कताबाट हो फुत्त आइपुगे । टर्च बालेर सडकमुनिका सबै होटल र घरका पाहुना तथा अन्यलाई छिटो माथि सडकमा उत्रिन र घर खाली गर्न ठुलो ठुलो स्वरमा आग्रह गरिरहेका थिए । सुरक्षाकर्मीको यस्तो आग्रहपछि सडकमुनिका घर तथा होटलमा रहेका मानिस सबै राजमार्गमा जम्मा भए ।

यति गर्दागर्दै करिब पाँच बज्यो बिहानको । दिन निकै छोटो भइसकेको छ । रातको सुँड निकै लम्बिइसकेको छ । तैपनि अलि अलि उज्यालो हो कि ? हो कि ? जस्तो भयो । अलि अलि उज्यालो छरियो दुई दिनदेखिको वर्षाले मस्तसँग थलिएको हिले भुइँमा ।

सडक तलतिरका मानिस कोही सुँगुर बोकेर आए, कोही सुँगुर डोऱ्याएर आए । कोही कुखुरा च्याएर आए, कोही खसी बाख्राको बथान लखेट्दै आए । बिचल्ली पनि कति हो कति ? हामी गाडीभित्रै भएकाले अझ मसिना कुरा त्यतिविधि थाहा भएन । नियाल्न सकिएन । सुँगुर कराउँदा चाहिँ तिनीहरूको बिजोग बाहिरै ओर्लेर हेरियो । भलबाढीको असरले तिनलाई पनि छाडेन ।

सडकछेउ तर्फ सडक चर्किन थाल्यो भनेर त्यहाँ पार्किङ गरिराखिएका मोटरसाइकलहरू अन्यत्र सारिए । सडक चर्केकै तर्फ एउटा सेतो घरमा बाख्राको खोर रहेछ । खोर जोगाउन गएका सबै फर्के । सायद कोही एक जना बाँकी थिए । माथि बाटोमा आइसकेका बाख्रा धनी बाख्रा जोगाउन भन्दै उतै कुदेछन् सायद । 'लग्यो', 'लग्यो' भन्ने आवाज आयो । तर 'को ?' 'कसलाई लग्यो ?' भन्ने तत्काल थाहा भएन । त्यस किसिमको कहालीलाग्दो आवाजमा 'लग्यो', 'लग्यो' भनेको सुन्दा मन निकै अमिलियो । नमिठो लाग्यो । प्रकृतिको नसोचेको ताण्डव नृत्य देखेर मन बेसरी भक्कानियो । मुलुकका अन्य भागतिरको अवस्था अझ कस्तो होला ? भन्ने पनि सोच्यो मनले ।

काठमाडौं तर्फ हिँडेका हामी मूलकोटबाट फेरि खुर्कोटतर्फै फर्कियौं । एक कि. मि. जति पर गएर अर्को पार्क जस्तो ठाउँमा गाडी लगेर राखियो । अरू गाडीलाई सुरक्षाकर्मीले आउन दिएनन् । पछि हामीलाई पनि सुरक्षाकर्मी आएर यो पहिरो जाने क्षेत्र हो, यहाँ नबस्नुस् भने । हामी फेरि काठमाडौंतर्फ नै हानियौं । प्रहरीले केही सुरक्षित छ भनेका ठाउँ- जुन ठाउँ मूलकोटबाट पाँच/छ कि.मि. पर थियो, मा गाडी पुऱ्याएर अडचाएका मात्र थियौं, नेपालथोक तर्फको बाटोमा अवरोध छ । तत्काल खुल्ने अवस्था छैन भन्ने जानकारी पायौं । यति सुनिसकेपछि जानी जानी अघि बढ्ने कुरा भएन ।

फेरि अर्को हल्ला आयो । खुर्कोटको तल्लो बजार लगिसक्यो, अब माथिल्लो बजार पनि लग्छ भन्ने हल्ला थियो त्यो । हामीलाई हामी रोकिएका ठाउँबाट एक घण्टा जति लाग्थ्यो खुर्कोट पुग्न । नेपालथोकतर्फ अघि बढ्न नसक्ने भएपछि हामीले तत्कालै खुर्कोटतिरै फर्किने योजना बुन्यौं । यस यात्राले हामीलाई योजना बनाउन खप्पिस बनाइसकेको छ । जहाँ जतिखेर पनि तत्काल योजना बनाइहाल्छौं । नयाँ योजना बनायौं र हुइँकियौं त्यतैतिर ।

हिजो काठमाडौंतर्फ आउँदा कतै पनि पहिरो थिएन । फर्किंदा पाइलैपिच्छे पहिरै पहिरा । कतै रुख लडेका, कतै ढुङ्गा झरेका । यस्तो अवस्थामा एक ठाउँमा त सडकमा लमतन्न सुतेका रुखका हाँगा पन्छाएर गाडी अघि बढाउनेसम्मको काम गरियो । खुर्कोटको खतराबाट पनि पार पाइयो । जब कि कतिपय ठुला गाडीहरू सडक पार गर्न नसकेर सडकमै लामबद्ध भएर पर्खिरहेका थिए । संयोगले हामी कतै रोकिनु परेन । भगवान्ले हात थाप्दै गए, हाम्रो यात्रालाई । खनियाँखर्कसम्म ठाउँमा ठाउँमा सडक बिग्रेका थिए । सुरुको अवस्थामा खनियाँखर्क नै कट्न सकिन्न कि ? जस्तो पनि लागिरहेको थियो । तर खनियाँखर्क पुगेपछि त्यस उताको सडकमा खासै अवरोध केही रहेनछ । अवरोध पुऱ्याउने कुनै पहिरा थिएनन् । भेटिएनन् । असोज १२ गते शनिबार साढे दश बजेतिर जनकपुरको

बर्दिबास पुगियो । चालकलाई बर्दिबासमा खाना खुवाएर विराटनगरतिरै फर्किने गरी फुर्सद दिइयो ।

हामीलाई जानु थियो हवाई यात्राका लागि जनकपुरको धनुषा । शनिबार साँझतिर धनुषा पुगियो । टिकटका लागि प्रयास भइरहेको थियो । आशावादी भएर विमानस्थल हानियौँ । साँझ अबेरसम्म बस्दा पनि टिकट मिलेन त्यस दिनका लागि । फेरि यहाँ पनि मन अमिलियो । विभिन्न स्रोत र व्यक्तिको अथक प्रयासपछि भोलिपल्ट १३ गते आइतबारका लागि टिकट मिल्यो । दिनभर विमानस्थलमा बसेर 'अब त उड्न पाइन्छ कि ?', 'अब त उड्न पाइन्छ कि ?' भन्दा भन्दै रातको बाह्र बज्यो जहाज उपलब्ध भएन हाम्रा लागि । यति हुँदा पनि हामीले हरेस खाएर विमानस्थल छाडेनौँ । कुरेको कुऱ्यै गऱ्यौँ ।

जहाज चढ्ने हाम्रो पालो आउँदा घडीको समयले असोज १४ को मिति देखाइसकेको थियो । टिकटमा थियो असोज १३ को मिति । परिस्थितिले त्यस्तो गरायो । असोज दश गतेदेखिको हवाई यात्राको सपना विभिन्न भूगोलको भुइँको भेलबाढीसमेत बेहोरेर भागाभाग गर्दागर्दै धनुषा पुगेर मुस्किलले पूरा भयो । ढिलै भए पनि हामीलाई सकुशल काठमाडौँ उतारिदिएकोमा चालक दलका सदस्यसहित सरोकारवाला एयरलाइन्ससमेतलाई मनमनै आभार भन्दै ढिलो नगरीकन आआफ्ना गुँडतिर धकेलियौँ हामी ।

सुरक्षित साथ यसरी गुँडतिर धकेलिँदै गर्दा पनि यस पटकको वर्षाले व्यापक जनधनको क्षति गरेको, कतिपय स्थानमा हेलिकोप्टरबाट बिचल्लीमा परेकाहरूको उद्धार गरिएको, कतिपय स्थानमा अझै उद्धार हुन बाँकी रहेको समाचारहरू कानमा बज्रिरहे । ठोकिइरहे । यस्ता समाचार सुन्दा यत्रो भुक्तभोगी हामीले बेहोर्दा पनि त्यो अरूका तुलनामा अझै कम हो कि ? जस्तो पनि हामीलाई लागिरह्यो । सरकारले पनि मौसम पूर्वानुमान महाशाखाको मौसमीय भविष्यवाणीलाई त्यतिविधि वास्ता नगरेको समाचारहरू बाहिरिइरहँदा त्यस विषयमा हामीले पनि त्यतिविधि ठुलो गल्ती नगरेको अनुभूति हामीलाई भइरह्यो । र अर्को महत्त्वपूर्ण कुरा- मुलुकले यस किसिमको विपत्ती र क्षति कहिल्यै बेहोर्न नपरोस् । अनि, यस किसिमको दर्दनाक यात्रा संस्मरण जो कसैले कहिल्यै लेख्न र पढ्न नपरोस् भन्ने तर्कना पनि मनमा पलाइरह्यो ।

■



# चुपचाप

तेजविलास

लाखौँ प्रश्नले घेरिएर
हजारौँ सपनाबिच बाँचेको म

यति बेला
चुपचाप चुपचाप
धकेलिरहेछु जिन्दगी
चिमोटिरहन्छन् विगत
घाँटी अठ्याउने गरी लम्कन्छ आगत
छलफल गर्छ मेरो चेतना
अलमलिन्छ कार्यदिशा
र त
कहिले अर्कालाई रोक्न
कहिले स्वार्थीलाई बोक्न
विवश विवश मेरो यात्रा
चुपचाप चुपचाप
नबढे जस्तो
कतै नदेखिए जस्तो
केही थापेर अनेक अत्तो

मन न हो
गाउँछ विरही गीत
अनायास उरालिन खोजे राग
अत्यासमा
श्मशान जस्तै
छाएर चारैतिर सन्नाटा
बोकेर एउटा सुदूर भय
चुपचाप चुपचाम म
आफ्नो यात्रामा
सक्दिनँ भन्न आफ्ना समस्या

सम्पादन गर्न नसकिएका थुप्रै काम
थाती राखेर
पुनः
सोचिरहन्छु नयाँ
अहँ कत्ति हात लाग्दैन काममा
र त म
चुपचाप चुपचाप छु
नक्साको कालापानी जस्तै
गुमेको नालापानी जस्तै
विदेशमा बन्धक
युवाको जिन्दगानी जस्तै
अस्तिदेखि नै
चुपचाप छु चुपचाप
भयाक्रान्त
तथापि विवेक रहुन्जेल
पल्टाइरहेछु मेरा हात
अनेकौँ उपायका
मार्गचित्र भएको विषयसूची । ■



# सुकुमटोल : अनागरिकको नगर

अशोक कुँवर 'नेत्र'

गोधूलि साँझको त्यो समय, जब काठमाडौं उपत्यकाका डाँडाकाँडालाई चिसो हावाले सुसुम्याउँदै थियो । सहरका बिजुली बत्तीहरू एकपछि अर्को गर्दै बल्न थालिसकेका थिए । तल सहर झिलिमिलीको पछ्यौरा ओढेर मुस्कुराइरहेको थियो । पहाडको अँध्यारो काखमा टाँसिएको सुकुमटोलमा भने उज्यालो यसरी आउँदैनथ्यो । त्यहाँ त धिपधिपे टुकीहरूले मात्र आँखा खोल्न सिकेका थिए ।

टिनको झुपडीको साँगुरो झ्यालबाट टुकीहरूको त्यो मसिनो उज्यालो नियाल्दै मदन आफ्नो बुबाका अनुहारमा खोरिएका पीडाका रेखाहरू र ती रेखाहरूबाट बग्ने पुराना कथाहरू सम्झिरहेको थियो ।

"हामी पुस्तौंदेखि यहाँ बसेका होइनौँ, बाबु, "बुबाको स्वरले हरेक साँझ एउटा कथा सुनाउन थाल्थ्यो । त्यो स्वरमा कतै पुरानो गाउँको माटाको सुगन्ध बाँकी थियो, कतै सहरको चिसोपनसँग हारेको मनको आवाज ।

"हामी त गाउँबाट आएका हौँ । आँखामा सहरका रङ्गीन सपनाको चम्किलो पर्दा र पिठ्युँमा गरिबीको च्यातिएको भारी बोकेर ।"

सहरको त्यो रङ्गीन पर्दा बिस्तारै च्यातिँदै गएको कथा बुबाले कति साँझ सुनाएका थिए । वर्षौंअघि गाउँमाथि पहिरो खसेको त्यो रात खेत र घर दुवै माटाको भोकमा हराएपछि मदनका बुबा जस्ता हजारौँ आँखाहरू जीवनको नयाँ त्यान्द्रो खोज्दै सहरतिर फर्किएका थिए । ती आँखाहरूमा सहर सुनौला सपनाको ठुलो पोको थियो ।

सहर त टाढैबाट मुस्कुराउने मृगतृष्णा मात्र रहेछ । जति नजिक पस्यो, त्यति नै चिसो र नाङ्गो । सहरले सडक बढार्ने, माटो खन्ने, इँटा बोक्ने अनगिन्ती हातहरू त गन्यो तर ती थाकेका हातहरूलाई समाएर "आऊ, यहाँ बस" भन्ने हृदय सहरसँग थिएन । घर थिएन, भाडा तिर्ने रकम थिएन, चिसोबाट जोगिने ओत मात्र पनि थिएन ।

अनि ती हातहरूले आफैँ एउटा संसार बनाए । सहरले बेवास्ता गरेको खोल्साको डिलमा, अँध्यारो डाँडाको कटुसमा, जहाँ जग्गा भन्ने शब्दको कुनै अर्थ

थिएन । त्यहीँ मिलेसम्मका बाँस, पुराना प्लास्टिकका टुक्रा, च्यातिएका टिनपाता र काठका फग्ल्याँटाहरू जोडेर ओत लाग्ने चार कुना उभ्याए ।

एउटा जेनतेन ओतलायक झुपडी उभियो अनि त्यसको छेउमा अर्को, अनि अर्को गर्दै पसिना र आँसुको अदृश्य जगमा सुकुमटोल आफैँ जन्मियो । सहरले नचिनेको, नदेखेको, र नदेख्न चाहेको अर्को सहर ।

समयको धर्कोसँगै मदन हुर्किँदै गयो । हुर्किँदै गर्दा उसले देख्यो, सुकुमटोलको अनुहार एकै रहेनछ । बिहानीको सूर्यसँगै ब्युँझँदा त्यो बस्ती नाच्न थाल्थ्यो । साँगुरा गल्लीहरू बालबालिकाको हाँसोले गुन्जिन्थे, कोही थोत्रो टायर गुडाउँदै, कोही धुलाम्य खाल्टामा उफ्रिँदै । सार्वजनिक धारामा पानी भर्न लागेका आमाहरूको लस्करसँगै जिन्दगीका सुखदुःखका गफहरू पनि पालो पर्खेर बस्थे । कुनातिरबाट उम्लिएको चियाको बास्नाको पछि लाग्दै साना पसलका सटरहरू खुल्थे र दिनभरिको श्रममा निस्कने बाबुहरूको लर्कोले गल्ली एकछिन झन् साँगुरो हुन्थ्यो ।

*बिहानीको सूर्यसँगै ब्युँझँदा त्यो बस्ती नाच्न थाल्थ्यो । साँगुरा गल्लीहरू बालबालिकाको हाँसोले गुन्जिन्थे, कोही थोत्रो टायर गुडाउँदै, कोही धुलाम्य खाल्टामा उफ्रिँदै ।*

त्यो बखत सुकुमटोल जीवनको चटकदार रङहरूले भरिएको हुन्थ्यो, हाँसो थियो, आशा थियो र अभावभित्र पनि अदम्य बाँच्ने चाहना थियो ।

आकाशमा अँध्यारोको लस्कर पस्किँदै जाँदा सुकुमटोलले आफ्नो उज्यालो च्यादर फेर्दै अर्कै अनुहार देखाउँथ्यो । दिनको हाँसो कतै खुम्चिएर जान्थ्यो । बस्ती सन्नाटाको भारीले थिचिन थाल्थ्यो । त्यही सन्नाटालाई चिर्दै कसैको अपरिचित पाइलाको चिच्याहाटले मनमा त्रासको काँडा उमार्थ्यो । अनि कहिले आफू बसेको ठाउँमा डोजरको क्रूर दाँतले चिथर्ने हो, कहिले सरकारी कागजको चाङले बस्तीको नामनिसान मेट्ने हो, यही स्थायी डरले सुकुमटोलको रात झन् गहिरो र चिसो बनाउँथ्यो ।

मदनकी आमाको आँखामा त्यो डर झन् पुरानो थियो । उनी कहिलेकाहीँ त्यो कहालीलाग्दो विगत सम्झन्थिन्, जुन दिन सरकारी अक्षरहरूले सुकुमटोललाई सहरको नक्साबाट एकै झट्कामा मेटिदिएको थियो । "हामीलाई त्यहाँबाट धपाए, "आमाको स्वरमा आक्रोश मात्र थिएन, निरीहताको पीडा पनि मिसिएको हुन्थ्यो,

“तर पठाएको ठाउँमा पिउने पानी थिएन, केटाकेटीलाई पढ्ने ठाउँ थिएन, काम खोज्ने बाटो पनि थिएन । सहरलाई हाम्रो श्रम चाहिएको रहेछ, हाम्रो अनुहार होइन ।”

उनको आवाज त्यहीँ अड्किएर हल्लिन्थ्यो तर अर्को क्षण आँखामा एक्कासि जिद्दी देखिन्थ्यो, “त्यसैले हामी फर्कियौँ । भत्काएको ठाउँमै फेरि जुरुमुरो उभ्यायौँ ।”

त्यो आँखा, आँसु र हठको मिश्रण मदनले कहिल्यै बिर्सन सकेन ।

फर्किएको सुकुमटोल झन् बाक्लो भयो, झन् जिद्दी बन्यो । केही ठाउँमा बाँसकै बार लगाएर भए पनि पढ्ने कोठा बने, सानातिना व्यवसायका भाडाहरू खनखनाउन थाले । मानिसहरूले राज्यको बाटो नहेरी आफैँ आफ्नो समुदायको नियम र न्याय बनाए ।

समस्याको गाँठो उस्तै थियो, गरिबीको चक्रले शरीर र सपना दुवैलाई कसेर बाँधेको थियो, लालपुर्जा नहुँदाको असुरक्षाले हरेक सपनाको जग हल्लाइरहन्थ्यो । अनि माथि बसेर तल हेर्ने सहरिया आँखाहरूको हेपाहा दृष्टिकोण त झन् मिठो विष थियो ।

एक दिन मदनले आफ्नो बुढ्यौलीले चाउरिएको, अनेकौँ ठेला र घाउका कथाहरू बोकेको बुबाको हात समातेर सोध्यो, “बा, यो सहरले हामीलाई हेप्छ । सरकारले नक्साबाट मेटाउन खोज्छ । अनि हामी किन यही माटालाई समातेर बसिरहेका छौँ ?”

बुबाले मुस्कुराएर मदनको कपाल सुमसुम्याए । त्यो मुस्कानमा वर्षौंको घामपानीको तपस्या थियो ।

“किनकि बाबु, यो ठाउँ हामीले पौरख गरेर आफ्नो रगत र पसिना सिँचेर बनाएको हो । गुजारा जति कठिन भए पनि जिन्दगी जति काँडाले बिझेको भए पनि, यो माटामा हाम्रो अस्तित्वको कथा लेखिएको छ । यो केवल बाँस र टिनको बाकस होइन, यो हाम्रो आत्मा बसेको मन्दिर हो ।”

त्यो रात, मदन पहाडको सबैभन्दा अग्लो ढिस्कोमा उभियो । तल सहर अहङ्कारको उज्यालो पहिरनमा चम्किरहेको थियो । ठिक विपरीत सुकुमटोल आफ्नो सन्नाटा र अँध्याराभित्रै मौन बाँचिरहेको थियो । तर आज मदनलाई त्यो अँध्यारासँग कुनै डर लागेन । उसले महसुस गऱ्यो, त्यो धिपधिप बल्ने साना टुकीहरूको उज्यालाले बाहिरबाट हेर्नेका आँखा भलै नउज्यालोस् तर हरेक झुपडीभित्र एउटा पुरै सूर्य लुकेको छ ।

सुकुमटोल केवल गरिबहरूको बस्ती मात्र हैन, त्यो त सङ्घर्ष, पहिचान र आशाको जीवित अभिलेख हो । त्यहाँ चरम अभावमा पनि मानिसहरूले आफ्नो सुन्दर संसार बनाएका छन् । अनि हरेक झुपडीभित्र अहिले पनि कहिल्यै नहार्ने एउटा मान्छेको कथा जीवितै छ । ■



# खाली हात

रत्न प्रजापति

एउटा लिमिटेड कम्पनी छ । कम्पनी सानो छ । जसमा सञ्चालकहरू पाँच जना मात्रै छन् ।

त्यो कम्पनीको वार्षिक साधारणसभा थियो । साधारणसभाका बारेमा एक्काइस दिने सूचना देशको एउटा राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक छापिएको थियो । ऐनअनुसार रीत पुऱ्याउन त्यसरी छाप्नैपर्ने प्रावधान छ । त्यो प्रावधानलाई सबै कम्पनीहरूले मान्दै आएका छन् ।

कम्पनीका कानुनी सल्लाहकारले हिजै साधारणसभासम्बन्धी सबै कागजातहरू तयार पारिसकेको थियो । अडिट रिपोर्ट यसअघि नै तयार भइसकेको थियो । साधारणसभामा छलफलका विषयदेखि त्यसबारेका निर्णय पनि तयारी अवस्थामै थिए । कम्पनीको प्रशासन हेर्ने मुख्य कर्मचारीका हैसियतले ती कागजात तयार पार्नमा उसको पनि महत्त्वपूर्ण सहयोगी भूमिका थियो । त्यसैले त्यहाँ छलफलका विषय के-के थिए र के-के निर्णय पारित हुँदै छन् भन्ने कुरामा ऊ राम्रैसँग अवगत थियो ।

पाँचमध्ये चार जना सञ्चालक समयमै आइपुगे । एक जना सञ्चालक आएन । उसले सञ्चालकहरूको यसअघिका बैठकहरूमा पनि बेलाबेलामा फरक मत राख्दै आएको थियो । तोकिएको विषयमा छलफल हुँदा फरक मत राख्दै निर्णयमा हस्ताक्षर गर्न पनि अस्वीकार गर्दै आएको थियो । आजको वार्षिक साधारणसभामा पनि ऊ आएन ।

कोरम पुग्ने हुँदा एक जना सञ्चालक अनुपस्थित हुँदा पनि निर्धारित समयमै साधारणसभा सुरु भयो । सञ्चालकहरू थोरै भएका र छलफलका विषय पनि थोरै अनि पारित गर्नुपर्ने निर्णय पनि थोरै भएकाले सभा एकैछिनमा विसर्जन भयो । फरक मत राख्ने सञ्चालक नै नआएपछि सभामा कुनै विवाद उठेन । विवाद नभएपछि वादविवाद हुने कुरै भएन । त्यसैले उपस्थित सञ्चालकहरूले सर्वसम्मत निर्णय पारित गरे ।

सानो कम्पनी र थोरै सञ्चालक अनि कर्मचारी पनि थोरै भएकाले वार्षिक साधारणसभा नै भए पनि ठुला कम्पनीहरूमा जस्तो ठुलो तामझाम र कुनै भोजभतेरको व्यवस्था गरिएको थिएन । सामान्य चियापानपछि सञ्चालकहरू फर्किए । ऊ र अरू केही कर्मचारीहरू कार्यालय समय पूरा गर्न कार्यालयमै बसिरहे ।

दुई जना पत्रकार आएका छन् भनेर सुरक्षा गार्डले खबर लिएर आयो । ऊ अलमलमा पऱ्यो । कुनै पत्रकारलाई बोलाइएको थिएन । तैपनि किन आए ? त्यो पनि साधारणसभा नै सकिइसकेपछि ।

'केका लागि आएका रे ?' उसले गार्डसँग सोध्यो ।

'साधारणसभा छ भनेर आएका रे ।' गार्डले भन्यो ।

अब के गर्ने ? के भन्ने ? ऊ पुनः एकछिन अलमलमा पऱ्यो ।

'माथि पठाइदिनू ।' केही बेर सोचेर उसले गार्डलाई भन्यो ।

घाँटीमा नीलो परिचयपत्र झुन्ड्याएका दुई जना पत्रकार उसको सामु हाजिर भए ।

'हामी साधारणसभा छ भनेर आएका । कहाँ भइरहेको छ साधारणसभा ?' पत्रकारमध्ये एक जनाले भन्यो ।

'त्यो त भर्खरै सकियो । सञ्चालकहरू पनि सबै निस्किसके । तपाईंहरू ढिलो आउनुभो ।'

'हामी त समयभित्रै छौँ । अर्को पत्रकारले घडी हेर्दै भन्यो ।

उसले पनि हातको घडी हेऱ्यो । तिनीहरू सही थिए । भर्खर साढे बाह्र बजेको रहेछ । साधारणसभाको समय एघार बजेदेख एक बजेसम्मका लागि तोकिएको थियो । अब के भन्ने ? ऊ फेरि अलमलमा पऱ्यो ।

'हामी त झन् हतारहतार 'पठाऊ' मा आएको । त्यत्रो पैसा मात्रै खर्च भयो ।' एउटाले उसको मुख ताकेर भन्यो । त्यसले खर्चको कुरा किन गऱ्यो ? ऊ एकछिन सोचमग्न भयो ।

'हामीले त कुनै पत्रकारलाई बोलाएका थिएनौँ । तपाईंहरू किन आउनुभयो त ?' उसले प्रश्न तेर्स्यायो ।

'हामीलाई बोलाउनै पर्दैन । हामी पत्रकार हौँ । हामी जहाँ पनि पुग्छौँ अर्थात् पुगेका हुन्छौँ । सूचना माग्ने र सूचना सम्प्रेषण गर्ने हाम्रो काम, कर्तब्य र अधिकार हो । हामीलाई सूचनाको हक छ र सूचना माग्ने अधिकार छ । हामीले सूचना सम्प्रेषण गरेनौँ भने पाठकहरूले सुसूचित हुने अधिकारबाट बञ्चित गऱ्यो भनेर गुनासो गर्छन् । त्यसैले हामी सूचना खोज्दै जहाँ पनि पुगेका हुन्छौँ ।' एउटा पत्रकारले अलिकति बुझ्रुक पल्टेर भन्यो । साँच्चै भन्नुपर्दा त्यसले पत्रकार हुनुको अलिकति धाक नै लगायो ।

ऊ पनि पत्रकारितासँग धेरथोर भिजेकै मान्छे हो । धेरै पत्रकारलाई उसले चिनेको छ । धेरै वटा पत्रिकामा उसले लेखहरू पनि लेखेको छ । ऊ जस्ता पत्रिकामा नियमित लेख्नेहरूले आफूलाई स्वतन्त्र पत्रकार भन्छन् । तर उसले आफूलाई त्यस्तो पनि भन्न चाहेको छैन । केवल लेखक हुँ भन्छ आफूलाई । कुन पत्रिकाका सम्पादक को हुन् ? कुन पत्रिकामा ओपेड कसले हेर्छ ? अर्थ अथवा बिजिनेस ब्युरो कसले हेर्छ ? त्यसबारे धेरैजसो उसलाई थाहा छ। उसलाई यी साँच्चैका पत्रकार हुन् कि पत्रकारका नाउँमा पत्रकारिताका कलङ्क हुन् भनेर जाँच्न मन लाग्यो ।

'तपाईंको पत्रिकामा अर्थ र वाणिज्य ब्युरो हेर्ने त फलानो होइन र ? अर्थ र वाणिज्यसम्बन्धी समाचार सङ्कलन गर्न त प्राय उहाँ आफैँ जाने गर्नुहुन्छ। आज किन उहाँ आफैँ आउनु भएन ?'

त्यो पत्रकार यसलाई त सबै थाहा रहेछ भनेझैँ गरी एकछिन अकमकियो । के जबाफ दिने भनेर त्यो पत्रकार हडबडायो । अकमकिँदै र हडबडाउँदै त्यसले भन्यो, 'उहाँलाई सन्चो नभएर बिदामा हुनुहुन्छ । त्यसैले मलाई पठाउनुभएको ।'

त्यसको जबाफले उसको चित्त बुझेन । उसले मनमनै सोच्यो, त्यसले झुटो बोल्दै छ भनेर । किनभने उसलाई थाहा छ, ठुला राष्ट्रिय दैनिक पत्रिकाका समाचार प्रमुख अथवा ब्युरोचिफले नखटाई कुनै पत्रकार पनि समाचार सङ्कलनका लागि जाँदैनन् । जुन पत्रिकाको संवाददाता भनेर ती आएका थिए, ती दुवै साना दैनिक पत्रिका थिए । जुन पत्रिकाबाट तिनीहरू आएका थिए, त्यसका बारेमा ऊ राम्रैसँग परिचित थियो ।

एक पटक उसको कम्पनीले मतलब ऊ काम गर्ने कम्पनीले व्यावसायिक तालिम कार्यक्रमको आयोजना गरेको थियो । त्यसमा अरू धेरै वटा कम्पनीहरूबाट सहभागी आएका थिए। सोही कार्यक्रमको उद्घाटन र समापन समारोहको समाचार सङ्कलनका लागि ऊ आफैँले पत्र लेखेरै संवाददाता पठाइदिन अनुरोध गरेको थियो । त्यसबेला कुनै पत्रिकाबाट कुनै संवाददाता आएका थिएनन् । पछि ऊ आफैँले समाचार बनाएर विभिन्न पत्रिकामा पठाएको थियो । त्यो समाचार जम्मा दुई वटा पत्रिकाले मात्रै छापेका थिए, त्यो पनि उसले चिनेको सम्पादक भएर मात्रै । तैपनि उसले पठाएको समाचारलाई सम्पादन गरेर झारा टार्ने किसिमले छापेका थिए, एकदमै सानो अंश मात्रै ।

उसले ती दुवै पत्रकारलाई एक पटक राम्रोसँग नियालेर हेऱ्यो । तिनका अनुहार भर्खर उठेर आएका जस्ता थिए । हिजो बेलुकीको धङधङी अझै बाँकी नै देखिन्थ्यो तिनीहरूको अनुहारमा ।

समाचार सङ्कलनका लागि भनेर कार्यक्रमहरूमा जाने । कार्यक्रम अवधिभर बस्ने । बेलुकी भतेर टन्न हसुर्ने । मदिरा मजैसँग पिउने । तर त्यो कार्यक्रमका

बारेमा पत्रिकामा दुई अक्षर नलेख्ने धेरै पत्रु पत्रकारहरूलाई उसले चिनेको छ । खान र पिउनकै लागि ठुला कम्पनीका साधारणसभाहरूमा लर्को लागेर जाने पत्रकारको प्रवृत्तिबाट ऊ भलिभाँती परिचित छ । उसका केही पत्रकार साथीहरूले पनि यसबारेमा गरेको गफ उसले धेरै पटक सुनेको छ । उसले आफ्ना त्यस्ता पत्रकार साथीहरूलाई जिस्किँदै भन्ने गरेको छ, 'ट्वाँके पत्रुकारहरू ।' उसको कुरालाई उसका साथी पत्रकारहरूले हाँसेर टार्ने गरेका छन् ।

'सभा सकिएछ । ठिकै छ । यहाँसम्म आइहालियो । केही त लेख्नैपर्‍यो समाचार । सभाका निर्णयहरूबारे केही बताइदिनुस् न ।' एउटा पत्रकारले सानो नोटबुकमा केही लेख्न खोजेझैँ गरेर भन्यो ।

'के बताउने ? साधारणसभाको निर्णय सार्वजनिक गर्ने आधिकारिक व्यक्ति ऊ होइन । सञ्चालकहरू सबै गइसके । कानुनी सल्लाहकार पनि गइसक्यो । उसले के भन्ने ? ऊ सोचमग्न भयो ।

'निर्णयका बारेमा मलाई थाहा छैन । थाहा भए पनि मैले बताउन मिल्दैन ।' उसले अलिकति गम्भीर भएर भन्यो ।

'सूचना पाउने अधिकार हामीलाई छ ।' उसको गम्भीरतालाई कमजोरी ठानेर एउटाले अलि कड्केर बोल्यो ।

'होला, तर सूचना दिने अधिकार मलाई छैन ।' उसले पनि अलिकति कड्केर बोल्यो । उसलाई त्यसको पारा देखेर मनमनै रिस उठ्यो । उसले रिसाउँदै स्वागत भन्यो, पत्रकार भन्दैमा जे पायो त्यही सोधखोज गर्दोरहेछ । पत्रकार भन्दैमा के ठानेको छ यसले आफूलाई ? धम्काउन पो खोज्दोरहेछ । राजनीतिक दलका झोलेहरू... ।

ऊ कड्केपछि त्यो पत्रकार अलिकति हच्कियो । त्यो हच्केको देखेर उसको मनोबल बढ्यो । 'नमिल्ने कुरा म कसरी दिन सक्छु ?' उसले फेरि भन्यो ।

'त्यसो भए एउटा अडिट रिपोर्ट त दिनुस् ।' अर्कोले भन्यो ।

त्यसको कुराले उसलाई झन् रिस उठ्यो । मनमनै सोच्यो, पत्रकार भएर समाचार माग्ने कि कम्पनीको अडिट रिपोर्ट ? कसको सिआइडी भएर आएका हुन् यिनीहरू ?

उसको अनुहारको रङ र हाउभाउ बदलिएको देखेर तिनीहरू अलिकति हच्किए । सायद मनमनै डराए पनि ।

'तपाईंहरूलाई समाचार चाहिएको हो कि कम्पनीको आर्थिक विवरण ? के गर्नुहुन्छ यो आर्थिक विवरण लगेर ? एउटा कम्पनीको आर्थिक विवरणलाई समाचार बनाएर छाप्नका लागि कति ठाउँ दिन सक्नुहुन्छ तपाईंहरू आफ्नो पत्रिकामा ? पूरै एक पेज ?' यसपटक उसले अलिकति आवेगमै बोल्यो ।

'पैसा तिर्नुहुन्छ भने जति ठाउँ पनि दिन सक्छौँ ।' एउटाले भन्यो ।

सुनेर ऊ हाँस्यो, हाहाहा... । 'ए, त्यसोभए तपाईंहरू समाचार पनि पैसा लिएर छाप्नुहुन्छ ? पेड न्युज ! तपाईंहरू पत्रकारिता गर्नुहुन्छ कि पत्रकारको परिचयपत्र बोकेर ब्ल्याकमेल गर्दै हिँड्नुहुन्छ ?' ऊ झन् आक्रोशित भयो ।

दुवै जना बोलेनन् । एकअर्कामा मुखामुख गरे । एकछिनपछि एउटाले अकमकिँदै भन्यो, 'बिना आधार आरोपचाहिँ नलगाउनुस् है ।'

'यो आरोपमा कति सत्यता छ भन्ने कुरालाई तपाईंहरूकै व्यवहारले पुष्टि गरिरहेको छ नि ।' उसले चोरी औँलाले तिनीहरूतिर औँल्याएर भन्यो ।

ती दुवै जना चोर पक्रिएजस्तै भए । एकछिन मौनता छायो । ऊ बोलेन । तिनीहरू पनि बोलेनन् । वातावरण शान्त भयो ।

उसलाई भने मनमनै डर पनि लाग्यो । कतै तिनीहरू त्यो आजको साधारणसभामा अनुपस्थित सञ्चालकले कुरो बुझ्न पठाएका सुलसुले पो हुन् कि ! फेरि आफू अलि कडै रूपमा प्रस्तुत भएकाले त्यसको बदला लिन तिनीहरूले भोलिको पत्रिकामा अथवा अनलाइनमा अन्टसन्ट लेखिदिने हुन् कि ! कलमलाई हतियार जो बनाएर हिँडेका छन् । ठगहरू ! फेरि पत्रकारसँग किन जोरी खोज्नुपर्‍यो भनेर हाकिमले उल्टै गाली पो गर्ने हुन् कि ? उसलाई कताकता मनमा पछुतो लाग्न थाल्यो ।

दाल गल्ने स्थिति नेदेखेपछि तिनीहरू उठेर हिँड्नका लागि तयार भए । तिनीहरू उठेपछि ऊ पनि उठ्यो । एक पाइला हिँडेजस्तो पनि गर्‍यो उसले । उसले यस्तो गर्नुको उद्देश्य तिनीहरू छिट्टै त्यहाँबाट हिँडून् भन्ने थियो ।

एक पाइला अघि सारेर हिँड्न खोज्दै एउटाले भन्यो, 'साधारणसभाको निर्णय दिनुभएन । अडिट रिपोर्ट पनि दिनुभएन । हामी यहाँसम्म धाएर आयौँ । तपाईंहरूले केही पनि दिनुभएन । अब हामी खाली हात जाने त ? भोलिको पत्रिकामा तपाईंको कम्पनीको साधारणसधाबारे समाचार लेख्ने कि नलेख्ने त ?'

त्यसले 'खाली हात' शब्दको प्रयोग कुन प्रयोजनले गर्‍यो, त्यसको आशय उसले आफ्नो हिसाबले बुझ्यो । आफ्नै अन्दाजमा त्यसको आशय बुझेर ऊ आफैँ एक पटक फिस्स हाँस्यो । ऊ आफैँ फिस्स हाँसेको देखेर तिनीहरूको अनुहारको रङ बदलियो । सायद उसको त्यो मन्द हाँसोले आफूहरूलाई व्यङ्ग्य गरिरहेको अर्थमा बुझे तिनीहरूले । तिनीहरूको अनुहारको रङ कालो-नीलो भयो ।

तिनीहरूको अनुहारको रङ बदलिएको देखेर उसलाई फेरि हाँस्न मन लाग्यो । उसले त्यो खाली हात शब्दलाई मनमनै दोहोर्‍याउँदै पुनः एक पटक फिस्स हाँस्दै भन्यो, 'लेख्नुस् न, 'हिजो फलानो कम्पनीको साधारणसभा सम्पन्न भयो' भनेर ।'

'यसो त के समाचार कसरी लेख्ने भनेर तपाईंले हामीलाई सिकाइरहनु पर्दैन ।' उसको व्यङ्ग्यवाणले घाइते एउटा पत्रकारले उसलाई पनि व्यङ्ग्यवाण प्रहार गर्दै भन्यो । तर त्यो व्यङ्ग्यवाणले उसलाई कतै लागेन अर्थात् केही असर गरेन । उसले त्यसको वास्ता पनि गरेन ।

तिनीहरू उसलाई हेर्दै उभिइरहे ।

'यहाँसम्म आउनुभएकोमा यहाँहरूलाई धन्यवाद । बाइ द वे ! हामीले नै समाचार बनाएर पठाउन मिल्छ होला ?' उसले बिदाइको हात जोड्दै भन्यो ।

'मिल्न त मिल्छ... ।' यसो भन्दै तिनीहरूले एकले अर्कोलाई हेराहेर गरे । त्यो हेराहेरमा केही भन्न खोजेझैँ अथवा भन्न बाँकी केही कुरा छन् जस्तो लाग्थ्यो । तर तिनीहरूले केही पनि भनेनन् ।

'त्यसो भए तपाईंहरूको इमेल ठेगाना पाऊँ न । भरेसम्ममा हामी सङ्क्षिप्त समाचार बनाएर पठाउँछौँ र तपाईंहरूको भोलिको पत्रिकामा आउने अपेक्षा गर्छौं ।' यसो भनेर उसले तिनीहरूको उत्तर पर्ख्यो । दुवै जनाले मन नलागेझैँ गरेर आआफ्नो इमेल ठेगाना भने । उसले एउटा नोटबुकमा टिप्यो ।

तिनीहरू केही भन्न खोजेझैँ अलमलिरहेका थिए । उसलाई चाहिँ कतिखेर तिनीहरूलाई त्यहाँबाट भगाऊँ भन्ने भइरहेको थियो । अनि उसले फेरि एक पटक हात जोडेर भन्यो, 'हवस् त फेरि पनि धन्यवाद ।'

जाँदाजाँदै तिनीहरूमध्ये एउटाले सोध्यो, 'यहाँ ट्वाइलेट कता छ होला ?' सम्भवतः अब त्यो त्यहाँबाट उम्किने बहाना थियो ।

उसले हातको इसाराले उ.. त्यहाँ छ भनेर ट्वाइलेट देखाइदियो । तिनीहरू ट्वाइलेटतिर लागे । ऊ आफ्नो कार्यकक्षतिर लाग्यो । कानुनी सल्लाहकारसँग फोन सम्पर्क गरेर समाचारको पृष्ठभूमि तयार पाऱ्यो । बैठकले गरेका केही निर्णय समावेश गरेर उसले सङ्क्षिप्त समाचार तयार पाऱ्यो र दुवैको इमेल ठेगानामा पठाइदियो ।

भोलिपल्ट बिहान । अफिस पुग्नेबित्तिकै उसले हिजोको समाचारको कुरा सम्झ्यो । हिजो पठाएको समाचार आउँछ नै भन्ने कुरामा पूर्ण विश्वास नभए पनि एक पटक हेरिहालौँ न त भन्ने सोचेर उसले पत्रिका किन्न पठाउने निर्णय गऱ्यो । अनि उसले एक जना सहायकलाई भनेर हिजो आएका पत्रकारले भनेका दुवै पत्रिका बजारमा खोज्न पठायो । किन्न पठायो किन भनिएन भने ती दुवै पत्रिका बजारमा खोज्नैपर्ने किसिमका थिए ।

बजारभरिका पत्रिका पसलमा खोजेपछि बल्लबल्ल अलग-अलग ठाउँमा भेटिए ती दुवै पत्रिका ।

पत्रिका आएपछि उसले पत्रिकाका हरेक पानामा नियालेर हेऱ्यो । तर दुवै

पत्रिकामा हिजोको साधारणसभासम्बन्धी एक शब्द पनि कतै लेखिएको थिएन । रिसाउँदै उसले स्वागत भन्यो, 'वाहियात ।' त्यसपछि उसले दुवै पत्रिका हुऱ्याएर फाल्दियो ।

अन्त्यमा उसले हिजो घाँटीमा परिचयपत्र झुन्ड्याएर आउने दुवै पत्रकारको अनुहार एक पटक सम्झ्यो । अनि आफ्नो मुखाकृति बिगार्दै आफैं फिस्स हाँस्यो र पुनः एक पटक स्वागत भन्यो, 'खाली हात गएका पत्रकारले किन छाप्थे समाचार ।'

■





# गीत

**रत्नप्रसाद श्रेष्ठ 'अनामणि'**

सायद त्यो बाटो भुलेर पनि हिँड्ने छैन
अन्याय सहन्छु झुकिएर पनि भिड्ने छैन

गल्ती मेरै थियो जानीजानी फसेँ
कहालीलाग्दो समुद्रमा एक्लै पसेँ
एउटा बाटो थुनिँदा हजार बाटाहरू खुल्छन्
आशा गरौँ मेरो आँगनमा पनि घाम झुल्छन्
सायद त्यो बाटो भुलेर पनि हिँड्ने छैन ...

अतीतलाई सम्झेर अब कहिले रुने छैन
बिर्सेको मुटुलाई झुकिएर पनि छुने छैन
मेरो मायाको बारीमा अग्लो पर्खाल लगाउँछु
अमूल्य जिन्दगी सानदारले अब जिउँछु
सायद त्यो बाटो भुलेर पनि हिँड्ने छैन ... ।

■

# महोत्सव सहभागीको स्वागत

श्रीबाबु कार्की



अनपेक्षित रूपमा एउटा फोन आयो ।

मोबाइलको स्क्रिनमा एक परिचित नम्बर टुप्लुक्क देखायो । आत्मीय र शालीन आवाज थियो त्यो ।

- 'श्रीबाबुजी नमस्कार ।

आज तपाईंलाई सम्झिएँ ।

धेरैमा किन सम्झियो नभन्नुहोला ।

आज तपाईंलाई सम्झना गर्न लेखेको रहेछ । खास काम त केही होइन । हामी 'बागमती साहित्य महोत्सव' गर्ने तयारीमा छौं । फागुन १६ र १७ गते तपाईंको समय लिउँ कि भनेर ...! के छ समयको व्यस्तता ?'

यो आवाज मोबाइल नम्बरहुँदै मेरो कानसम्म ठोक्किन आइपुग्यो । परिचित नाम, आत्मीय व्यवहार भएको एक अकण्टक साहित्य साधक, गम्भीर लेखक, पूर्वपरिचित आदरणीय व्यक्तित्वको थियो ।

खासमा म मेला महोत्सवमा पर्ने/पारिने नाम हुँदै-होइन । म त्यो मामिलामा निक्कै कमजोर मानिस हुँ । आजसम्म त्यो खेलमा कहिल्यै लागिनँ पनि । लाग्नु पनि नपरोस् ।

मेला महोत्सवका मञ्चमा नियमित चढ्ने/चढाइने केही नामहरू छन् । ती तपाईंहरूको आँखामा नियमित प्रतिबिम्बित भइरहेकै छन् ।

हामी कहाँ लेखनमा पनि 'प्रवेश' छन्/'निशेध' छन्/'शोध' छन्/'प्रतिशोध' छन् । धेरै कुरा छन् - आज म त्यो लम्बेतान मार्गमा लागिनँ । मेरो मार्ग निःस्वार्थ साहित्य सेवा हो । निर्वाध नैसर्गिक अधिकारको पक्षधर हुँ । निष्ठाको मार्ग पछ्याइरहेको एक निष्ठा-यात्री भन्न रुचाउँछु । जति सक्छु निष्ठाको मार्गमा हिँड्छु । मलाई कहीं कसैको दैलोमा 'जी' 'हजुर' गर्न आएन । त्यो जीवनमा नआओस्/नपरोस् ।

यी कुराबाट प्राप्त हुने उचाइ निरर्थक लाग्छ ।

निकम्मा लाग्छ ।

व्यर्थ हुन्छ ।

- म सीधा बाटो हिँडने मानिस हुँ ।

सरल रेखा हिँड्न हिँड्नुको आनन्द अर्कै छ ।

र, पनि धादिङले मलाई सम्झियो ।

म फुरुङ्ग भएँ । मभित्रका लोभ-मोह/आसक्ति/चाहनाहरू पनि बेसरी खुसी भएँ । म पनि मानिस न हुँ । मानव जीवनमा रहेका अवयवहरू न हुन् यी सप्पै - भलै सुषुप्त बसेका थिए - ती पनि जागे ।

खुसीले गदगद भएँ ।

हृदय पुलकित भयो ।

यसर्थ फोनमा दुई ओठको कापबाट 'हुन्छ' भन्ने आवाज एक्कासि हावामै फुसफुसाइदिएँ ।

यस हिसाबले मैले आज पहिलो पटक धादिङका लागि नम्र धन्यवाद भन्नै पर्छ ।

धन्यवाद - प्रिय धादिङ ।

धादिङले मलाई स्नेहका साथ सम्झियो ।

स्रष्टाहरूको भीडमा सम्झिएरै खोज्यो ।

आत्मीयतापूर्वक नाम लियो । भीडको मानिसलाई खोज्नु चानचुने विषय होइन । यी सबै कुराका लागि अब मैले गोप्य राखेको एउटा नाम भन्नै पर्छ । त्यो शालीन नाम हो- डा. नवीनबन्धु पहाडी सर ।

हाम्रो नातो केही छैन ।

छ भनेँ- उहाँ लेखक म पाठक/म लेखक उहाँ पाठक । हामी एकअर्काको लेखनीको शुभचिन्तक ।

हामी बेला-बेला कुराकानी गर्छौं ।

सामान्य रूपमा एक अर्कामा परिचित पनि छौं ।

हाम्रो अलिक बढी सिर्जनात्मक चिनजान छ ।

नवीन सर धादिङमा बसेर निरन्तर सिर्जनात्मक कर्ममा हुनुहुन्छ । म छु काठमाडौँमा छ । हामी आजसम्म सँगै बसेर खाना-नास्ता त के चिया-कफी पनि लिएका छैनौँ ।

उहाँको जीवन-लय चलाउने कर्म पनि धादिङमै छ । सायद डा. नवीनबन्धु पहाडी सरले मेरो नामलाई विश्वासको आँखाले हेर्नू भएको होला । आत्मीयताको भावले हेर्नू भएको होला ।

अलिक मिठो भाषामा भन्ने हो भनेँ - वसुधैव कुटुम्बकम् !'

उहाँकै फोनले म धादिङ गएको हुँ । म यो कुरामा ढुक्क छु । मैले डा. नवीनबन्धु सरलाई आभार नभने घोर अन्याय हुन्छ । त्यो अन्यायको भागीदार कसरी बनूँ म !

धादिङ साहित्यको उर्वर भूमि ।

अनेकौं कालजयी स्रष्टाहरूको जन्मस्थल ।

ख्यातिप्राप्त सिर्जनाले चुमेको माटो ।

साहित्यको सुवासले भरिएको आकाश र सुन्दरताले भरिएको एउटा अनुपम पहाडी जिल्ला । मैले धादिङलाई धेरै पटक चुमेको छु । धेरै फन्को लगाएको छु । धेरै पटक छोएको छु । मनले/मुटुले/ममताले तर यो पटकको धादिङ यात्रा अलिक चुनौतीपूर्ण थियो ।

मेला महोत्सवमा- उही र उस्तै नामहरू देखा पर्छन् । उस्तै अनुहार र आवृति देखिनु पनि महोत्सवको अर्को परिचय हो । धादिङमा अलिक फरक ढङ्गले कार्यक्रम भयो । त्यही समय राजधानी काठमाडौँ/सुन्दर प्राकृतिक नगरी पोखरा/र पूर्व झापालगायत जिल्लामा साहित्यका ठुला कार्यक्रमहरू जुधेका थिए । ती हल्लीखल्लीमा वाग्मती प्रदेश स्तरीय साहित्यिक महोत्सव गर्ने धादिङ पनि चर्चामै रह्यो । अहिले कार्यक्रम गर्न गाह्रो छैन । मात्रै व्यवस्थापन चुस्तदुरुस्त राख्न गाह्रो छ । धादिङको महोत्सव व्यवस्थापनका हिसाबले निक्कै उच्च अनुभूति गरेँ मैले । यस हिसाबले पनि धादिङलाई धन्यवाद । कुशल व्यवस्थापनका लागि/सफल कार्यक्रमका लागि ।

मसँग फोन भएको केही दिनमा पहाडी सरले स्थानीय कार्यक्रम संयोजक श्री विष्णु आचार्यसँग एक भर्चुअल मिटिङमा सहभागी गराउनुभयो । हामीले एकापसमा परिचयका साथै कामको जानकारी लियौँ । मैले निबन्ध सेसनका लागि सहजकर्ताको भूमिका सम्हाल्ने तयारी गर्नुपर्ने देखियो ।

मैले हुन्छ भनेँ-

आफू तयारीमा रहने वाचा गरेँ । साहित्य पनि एउटा नशा हो । एक प्रकारको गहिरो लत हो । म मानसिक रूपमा आफूलाई तयारी गर्दै गएँ । पछिल्लो समय म निबन्धमा तानिएको थिएँ । निबन्ध लेख्नु र समकालीन निबन्धहरू खोजेर पढ्नु मेरो दिन-दैनिकी जस्तै बनेको छ ।

म विश्व साहित्य अध्ययन गरेर साहित्यमा प्रवेश गरेको स्रष्टा होइन । म आफ्नै हिसाबले साहित्य लेख्छु । स्व-अध्ययनमा रमाउँछु । हरेक कुरालाई गहिरोसँग अनुभूत गर्छु । मलाई थोरै निबन्धको सन्दर्भ जोड्न मन लाग्यो । निबन्ध पन्ध्रौँ शताब्दी आसपासबाट विश्वसाहित्यमा देखा परेको विधा हो । प्रारम्भिक रूपमा यो युरोपेली मुलुक फ्रान्सबाट विस्तारित भएको इतिहास पढ्न पाइन्छ । यद्यपि निबन्धको अवधारणाको पूर्वाभास भनेँ इसापूर्वकै समयमा प्लेटो, एरिस्टोटल,

होरेस, लन्जाइनसका लेखमार्फत भएको पढ्न पाइन्छ । निबन्धलाई सचेत रूपमा भने फ्रान्सेली विद्वान् मिचेल डी. मोन्त (सन् १५३३-१५९१) लाई जान्छ । निबन्धका जनक उनै मिन्तेत्र हुन् भन्ने कुरा सुनिन्छ । निबन्धको उन्नयन र विस्तारमा ब्रिटेनका विद्वान् फ्रान्सिस वेकन (सन् १५६१-१६६२) को महत्त्वपूर्ण भूमिका देखिन्छ । त्यसपछि भने निबन्धले विश्व परिक्रमा मात्रै गरेन यो विधाको फैलावट तीव्र रूपमा भएको देखिन्छ । विश्व साहित्यमा कविता, कथा र उपन्यासपछि निबन्धको पनि महत्त्वपूर्ण स्थान छ तर हामी कहाँ निबन्धको हाँगो सुक्दै गयो ।

निबन्धकारहरू औँलामा गन्न सक्ने भए । विश्वसाहित्यमा कविता, नाटक, आख्यान र गैरआख्यान (निबन्ध) चार शाश्वत विधामा पर्ने निबन्ध छायामा पऱ्यो ।

म आफू पनि निबन्ध लेखिरहेको स्रष्टा भएकोले म झन महोत्सवको आकर्षणबाट तानिएँ ।

म केही दिन पारिवारिक कार्यक्रमले दोलखा पुगेको थिएँ । धादिङको कार्यक्रमकै लागि भनेर म दोलखाको कार्यक्रम छोट्याएर काठमाडौँ फर्किएँ । त्यो बिचमा मलाई धादिङबाट अर्को सूचना आयो - 'श्रीबाबुजी ! हामीले कार्यक्रम अलिक फरक बनायौँ । तपाईंले समालोचनाको 'मोडरेटर' बस्नुपर्ने भयो ।'

मैले आफूलाई समालोचनाभन्दा निबन्ध नै ठीक थियो भन्ने प्रस्ताव पनि राखेँ । तर त्यो सम्भावना भएन । आखिरमा कार्यक्रममा केही सेसनहरू घटाउनुपर्ने भएकोले निबन्धको सेसन कटौतीमा परेछ ।

यद्यपि मैले पहाडी सरको विनम्र आग्रह स्वीकार गरेँ । अन्ततः मैले शीर्षक पाएँ- "समालोचनाको वर्तमान : आशाप्रद वा आशयप्रद ?"

समालोचनाका लागि यो विशेष शीर्षक नै थियो । यही शीर्षकबाट छिरेर मैले वर्तमान समालोचनाको विहङ्गम छलफल जोड्नु थियो ।

मसँग त्यो सत्रमा- नेपाली साहित्यको विदुषी प्रा.डा. ज्ञानू पाण्डे, युवा कवि/कथाकार/अनुवादक र प्रखर समालोचक महेश पौडेल अनि सुप्रसिद्ध युवा कवि हेम प्रभास हुनुहुन्थ्यो ।

अब मैले यो विषयमा आफूलाई तयारी गर्नुपर्ने भयो ।

महोत्सवको दिन क्रमशः नजिकिँदै थियो म आफूलाई तयार गर्दै गएँ । प्रा.डा. ज्ञानू दिदी र प्रखर समालोचक महेशजीलाई मैले आँखा अगाडि सम्झिँदै गएँ । कवि हेमप्रभासका शक्तिशाली कविताहरूको गहिरो स्मरण गर्दै थिएँ । उहाँको 'पहाड बोकेर पहाडतिर' र भर्खरै प्रकाशित 'साँझमा सेल्फी' कविता-सङ्ग्रहका कविताहरू राम्रैसँग पढेको थिएँ । यद्यपि एउटा कविसँग बहस गर्न जति सकिन्छ, त्योभन्दा समालोचकसँग बहस गर्न अलिक कठिन नै हुन्छ - मलाई थाहा छ ।

मैले केही समालोचनाका पुस्तकहरू खोजेर सिरानीमा राखिसकेको थिएँ । फुर्सदमा पढ्दै तयारी सुरु गरें ।

हामी फागुन १५ गते धादिङबेसी झर्‍यौं ।

कलङ्कीमा हामीलाई निर्मल पुरी 'भोगी'जीले पर्खिरहनुभएको थियो । हामी त्यहाँबाट तीन बजे कवि प्रोल्लास सिन्धुलीय, समालोचक तथा निबन्धकार कुमारी लामा, प्रा. दिनेशराज पन्त, डा. बलदेव शर्मा गाउँले, प्रा.डा. अमरराज जोशी, प्रा.डा. वीणा पौड्याल, कवि चन्द्रप्रसाद न्यौपाने, कवि तारा तामाङ 'सुनाखरी' लगायतको सहयात्रा थियो । हामीले बाटोमा साहित्यका अलवा अनेकौं प्रसङ्गमा गफिँदै बेलुकी आठ बजे धादिङबेसी पुग्यौं ।

१६ गते कार्यक्रम उद्घाटन भयो । बेलुकी अबेरसम्म विभिन्न साहित्यिक सत्रहरू चलिरहे । अन्तिममा कविता वाचनको शृङ्खलालाई पानीले थोरै झमेला गर्‍यो ।

प्रकृतिको यो लीला अपेक्षित त थिएन । यद्यपि प्रकृतिको निर्णय रोकेर रोक्न सकिन्थ्यो/छेकेर छेकिन्थ्यो ।

मैले अघिल्लो दिननै मेरो सेसनका सहभागीहरूसँग सामान्य छलफल गरें । भोलिपल्टको कार्यक्रमको लागि तयारी गर्दागर्दै अलिक ढिलो सुतेछु ।

१७ गते बिहान नित्यकर्म सकेर हामी प्रातःभ्रमण निस्कियौं । कवि अभय श्रेष्ठ, युवा निबन्धकार राजु झल्लुप्रसाद र म जरेबर, इजारा हुँदै माथिल्लो डाँडामा रहेको देवालयसम्म उकालो लाग्यौं । बिहान मज्जैसँग धादिङबेसीको आकाश तुवाँलोले ढाकेको थियो । अघिल्लो दिनको थोरै पानीले अलिक तुवाँलो फाटेको थियो । यद्यपि तुवाँलोको रामराज्य चर्कै थियो ।

त्यहाँ पनि हामीले समालोचनाको प्रसङ्ग उठाइरह्यौं । म त्यहीँ विषयमा तानिरहेको थिएँ । कवि अभय श्रेष्ठले धेरै कुरा सुझाउनुभयो । निबन्धकार राजु झल्लुप्रसादजी पनि नेपाली समालोचनाबाट खास उत्साहित नभएको गुनासो गरिरहनुभएको थियो ।

हामी कार्यक्रम स्थलमा फर्किएर खाना खायौं । खानापछि मेरो सेसन थियो । सेड्युल अलिक हेरफेर भएको थियो । प्रा.डा. ज्ञानू पाण्डे काठमाडौं फर्किन अलिक हतारोमै हुनुहुन्थ्यो । सायद १८ गते बिहान पोखरा जानु थियो ।

११ बजेपछि मैले आफ्नो सेसन चलाएँ ।

हलमा खचाखच दर्शक/श्रोताहरूको उत्साह देखेर कार्यक्रम सफल रहेको अनुभूति गरें । समालोचनाको विषय आम श्रोताहरूका लागि रुख्खासुख्खा विषय हो भन्ने लागेको थियो । यद्यपि समालोचनाको विषयले यति धेरै तान्यो कि कार्यक्रमको उत्तरवर्ती समयमा वक्ताहरूका लागि प्रश्नहरूको ओइरो नै लाग्यो । समय अभावका

कारण ती सबै प्रश्नहरू अभिलेखीकरण गर्न समेत असमर्थ रहनुपऱ्यो ।

बागमती साहित्य महोत्सव-२०८१ ले धादिङमा एउटा नयाँ खाका कोऱ्यो । यो बागमती प्रदेशको साहित्यसम्बन्धी पहिलो र उपलब्धिमूलक कार्यक्रम बन्यो । यो महोत्सवले केन्द्रीय रूपमा पनि राम्रै प्रभाव छोड्यो ।

राज्यको लगानीमा यत्तिको कार्यक्रम भयो । हामी साहित्यानुरागीहरू खुसी हुने नै भयौँ । यो वर्ष धादिङले उत्साहका साथ बागमती साहित्य महोत्सव मनायो आगामी वर्षहरूमा अन्य जिल्लाहरूमा होस् ।

बागमती साहित्य महोत्सव - २०८१ भव्यतापूर्वक सम्पन्न भएको छ । उप्रान्त कार्यक्रमले निरन्तरता पाओस् -शब्दातीत शुभकामना । ■

**तामाकोसी २ झुले - दोलखा**

लघुकथा .....



# पहाड घर

**डा. पुष्करराज भट्ट**

विभिन्न भूगोलबाट आएर बसोबास गरेका मानिसको बस्ती थियो ।

पहाडी भूगोलबाट बसाइँ सरेका मानिसको बस्ती बढ्दो क्रममा थियो ।

एक जना मित्र थिए, उनी जो कोहीसँग पनि एउटै प्रश्न सोधिरहन्थे, “तपाईंको पहाड घर कता ?”

मानिस आफ्ना मूल घर पहाड, हिमाल, तराईका नाम लिन्थे ।

आफ्नो मूल पहाड घर हुँदा उनी लामो कुरा गर्थे अन्यथा मौन ।

“तपाईं यसरी दोहरो व्यवहार किन गर्नुहुन्छ ?” प्रश्न सोधेँ मैले ।

“आफ्नोपनको आभास ।” उनी बोले ।

“तपाईं हामीले पुर्खाको थलो छोडेको लामो समय भयो । अब यहाँ भएका सब हाम्रा ।” म बोलेँ । ■

# नेपालको इतिहास लेखनमा बाबुराम आचार्यको योगदान



शशिधर भण्डारी

नेपालको इतिहास लेखनको सुरुवात विदेशीहरूबाट भएको थियो । यो परिदृश्यले नेपालको प्रज्ञा क्षेत्रको इतिहास निकै गरिब देखिन्छ । तर इतिहास लेखन र अनुसन्धानमा युरोपले हजारौँ वर्ष लामो इतिहास बोकेको छ । नेपालमा इतिहास लेखनका प्रमाण र आधारहरू भने संरक्षित नै रहेको देखिन्छ । नेपालको इतिहाससम्बन्धी प्रज्ञा मूलतः जनश्रुतिमा आधारित हुँदै आएको पाइन्छ । सन् १८८१ (वि.सं. १९६८) मा प्रकाशित विलियम कर्कव्याट्रिकद्वारा लेखिएको 'एन एकाउण्ट अफ द किङ्डम अफ नेपाल' नै नेपालको इतिहाससम्बन्धी पहिलो पुस्तक हो । त्यसपछि अङ्ग्रेजीमा लेखिएका हेमिल्टन, हडसन, ओल्डफिल्ड राइट आदि अङ्ग्रेजी लेखकका नेपालको इतिहाससम्बन्धी पुस्तकहरू प्रकाशन भएका थिए । सन् १९०९ (वि.सं. १९६६) मा जङ्गबहादुर राणाका छोरा पदमजङ्गले 'लाइफ अफ महाराजा सर जङ्गबहादुर अफ नेपाल' नामक पुस्तक लेखे । सो पुस्तक पनि अङ्ग्रेजी भाषामा थियो । वि.सं. १९७९ मा अम्विकाप्रसाद उपाध्यायले लेखेको नेपालको इतिहास भन्ने पुस्तक प्रकाशित भएको थियो । यो नै नेपालको इतिहाससम्बन्धी नेपाली भाषामा लेखिएको पहिलो पुस्तक थियो । त्यसपछि सूर्यविक्रम ज्ञवाली, तोत्रराज पाण्डे, पण्डित नयराज पन्तले नेपालको इतिहास खोज र लेखनलाई अगाडि बढाएको देखिन्छ । त्यसक्रममा नेपालको इतिहास लेखनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने श्रेय बाबुराम आचार्यलाई नै जान्छ । उनले नेपालको इतिहासको खोज, अनुसन्धान र लेखनलाई प्राथमिकतामा राखेर अहोरात्र खटेर काम गरे । त्यसैले नेपालले बाबुराम आचार्यलाई इतिहास शिरोमणिको पदवीले सम्मान गरेको छ ।

इतिहास शिरोमणि बाबुराम आचार्यको जन्म वि.सं. १९४४ मा काठमाडौँको सिनामङ्गलमा पिता धर्मदत्त र माता शिवकुमारीको कोखबाट भएको थियो । इतिहास शिरोमणि आचार्य व्याकरण, भाषा, लिपि, ज्योतिष, भूगोल, साहित्य, पुरातत्त्व, अभिलेख अध्ययन, वास्तुकलालगायत धेरै विषयमा प्रभावशाली र तार्किक दखल राख्थे ।

इतिहास शिरोमणि बाबुराम आचार्यले राज्यकेन्द्रित खरो राजनीतिक इतिहास मात्र लेखेका छैनन् । उनले लेखेका मुख्य कृतिहरूमा नेपालको सांस्कृतिक परम्परा, पुराना कवि र कविता, तुलनात्मक सुन्दरकाण्ड, हाम्रो राष्ट्र भाषा नेपाली, पृथ्वी नारायणको दिव्य उपदेश, नेपाल चीन तिब्बत, नेपालको सङ्क्षिप्त वृत्तान्त, अब यस्तो कहिल्यै नहोस् प्राचीन कालको नेपाल, जनरल भीमसेन थापाः यिनलाई मैले जस्तो देखेँ आदि हुन् । बाबुराम आचार्यले आफ्नो जीवनकालमा सबै कृति प्रकाशन गर्न सकेनन् । उनको मृत्युपश्चात् उनका छोरा श्रीकृष्ण आचार्यले आफ्ना पिताका लेख, टिपोट दस्तावेज तथा पुराना सामग्रीहरू हेरेर प्रकाशन गरेका छन् । निश्चय नै सुयोग्य पिताको सुयोग्य पुत्रका रूपमा श्रीकृष्ण आचार्यको महत्त्वपूर्ण योगदान रहेको छ । वास्तविक रूपमा इतिहास शिरोमणि बाबुराम आचार्य नेपालको इतिहासका जग हुन् । इतिहासका घटनाक्रमहरूलाई जे देख्यो त्यही टिपोट गर्ने र बोल्ने लेख्ने गरेका कारण उनलाई राणाजीहरूले त्यति राम्रो मानेनन् । त्यसैले त्यति ठुला विद्वान्,

*३२ वर्षको उमेरदेखि नेपालको इतिहासको खोज-अनुसन्धान र लेखनमा लागेका बाबुराम आचार्यले नै विश्वको सबभन्दा अग्लो हिम चुचुरोको नाम सगरमाथा हो भनेर नेपालीमा नामकरण गरेका थिए ।*

इतिहास, संस्कृतिका जानकार आचार्यलाई राणाजीहरूले राम्रो नजरले नहेरेकै कारण उनको खरिदारभन्दा माथि प्रमोसन पनि भएन ।

३२ वर्षको उमेरदेखि नेपालको इतिहासको खोज-अनुसन्धान र लेखनमा लागेका बाबुराम आचार्यले नै विश्वको सबभन्दा अग्लो हिम चुचुरोको नाम सगरमाथा हो भनेर नेपालीमा नामकरण गरेका थिए । यसभन्दा अगाडि सगरमाथालाई पन्ध्रौँ चुली र माउन्ट एभरेस्ट मात्र भनिन्थ्यो । अहोरात्र अध्ययन र लेखनमा मात्र क्रियाशील भइरहँदा वि.सं. १९९७ बाट उनका आँखा धमिला हुँदै गए । वि.सं. २००८ मा आउँदा त उनले आँखा नै देख्न छोडे । मिलनसार हँसमुख, व्यापक जनसम्पर्क बढाउन सक्ने, सरल तथा मिजासिलो प्रकृतिका बाबुराम आचार्यको व्यक्तिगत व्यवहार पनि अत्यन्त राम्रो थियो भन्ने कुरा उनका समकक्षीहरूले लेखेका छन् । उनी एउटा फलेको वृक्ष जस्ता थिए ।

आफ्ना बाजे पशुपति आचार्यबाट घरमै बसेर उनले प्रारम्भिक शिक्षा लिएका थिए । वनारसबाट उच्च शिक्षा लिएर फर्केपश्चात् बझाङी राजा

जयपृथ्वीबहादुर सिंहको सङ्गतले जागिरे भएका थिए। राणा शासन भएको अवस्थामा इतिहास लेखन त के मनमा लागेको कुरा बोल्नसमेत पाइँदैनथ्यो त्यस्तो अवस्थामा उनले खतरा मोलेरै इतिहास लेखेका थिए। कतिपय अवस्थामा उनलाई जुद्धशमशेरले विभिन्न धम्की दिने गर्दथे। उनी बझाङी राजा जयपृथ्वीबहादुर सिंहका मित्र थिए। सिंह राणाजीहरूका ज्वाइँ थिए। राजगुरु हेमराजले बाबुराम आचार्यलाई आफ्नो बौद्धिक सहयोगी बनाएर राखेका थिए। सुब्बा वीरेन्द्र केसरी अर्यालले उनलाई आफूसँग भएका सामग्री उपलब्ध गराएर इतिहास लेख्न प्रेरित गरिरहे। यस्ता केही कारणले उनलाई लेख्न केही सहज वातावरण सिर्जना भएको थियो। सुब्बा कृष्णलाल अधिकारीको मकैको खेती भन्ने पुस्तकको पाण्डुलिपि हेरेर अन्तिम रूप दिएको थाहा पाएपछि जुद्धशमशेरले दरबारमा बोलाएर धम्क्याएका थिए भन्ने कुरा पनि लेखकहरूले लेखेका छन्। वनारसमा पढ्दा घरको आर्थिक अवस्था कमजोर भएको कारण वि.सं. १९६३ मा पढाइ बिचमा छोडेर घर आउनुपऱ्यो। जीवनभर उनलाई जटिल आर्थिक सङ्कटसित जुध्नुपऱ्यो। खरिदारको तलबले उनको खर्च धान्न सक्दैनथ्यो। अध्ययन सामग्रीमा नै उनको धेरै खर्च हुन्थ्यो। वि.सं. १९७७ मा उनलाई टी.बी. भयो भनेर सरकारी सेवाबाट हटाइयो। यसबाट उनमा थप आर्थिक सङ्कट थपिएको थियो। वि.सं. १९८० मा पुनः पजनीमा थमौती भई स्रेस्ता अदालतमा जागिरे भए। भारतमा बस्दा उनले धेरै विद्वान् तथा इतिहासकारहरूसित सङ्गत गरेका थिए।

नेपालको इतिहासमा बाबुराम आचार्यलाई दरबारिया इतिहासकार भनेर प्रहार गर्नेहरू पनि छन्। उनका लेखनमा केही सीमाहरू छन् तर उनको कलम आलोचनात्मक इतिहास लेखनमै मुखरित थियो। त्यति बेलाको अवस्थामा यतिसम्म जोगिएर यतिसम्म लेख्नु वा तथ्य पस्कनुलाई पुरा नकारात्मक दृष्टिकोण अपनाउनु हुन्न। सम्यक दृष्टिकोण अपनाउनुपर्छ। इतिहासका लेखकहरूलाई अभिभूतवादी दृष्टिकोणले हेरिन हुन्न। त्यसमाथि दृष्टिकोण बनाउने हामी आफैले हो। मूलतः इतिहास शिरोमणि बाबुराम आचार्य शक्तिको आडमा तथ्यको सन्दर्भपरक परिभाषा गर्ने परम्परावादी इतिहास लेखनको प्रवृत्तिबाट मुक्त छैनन्। यही उनको लेखनीको कमजोर पक्ष हो। निःसन्देह उनी दरबारवरिपरिका इतिहासकार हुन्। तर उनी त्यतिमा सीमित इतिहासकार पनि होइनन्। मकैको खेती भन्ने पुस्तक लेख्दा जेलमा सडेर मर्नुपर्ने युगलाई पनि हामीले हेर्नुपर्छ। त्यति बेलाको त्यस्तो अन्धकारको युगका इतिहासकार हुन् बाबुराम आचार्य। त्यति बेलाको समाज यति अन्धविश्वासमा जकडिएको थियो कि प्रसव वेदनाले पीडित महिलाहरूलाई पृथ्वीनारायण शाहको पालाका चाँदीको टक घोटेर खुवाउने तथा कानमा रेलको टिकट झुन्ड्याइदिने प्रचलन थियो। बाबुराम आचार्यको वैचारिक दृष्टिकोण के थियो ? भन्ने प्रश्नलाई

प्रधान बनाएर मात्र बाबुराम आचार्यको प्राज्ञिक योगदानको एक पाखे मूल्याङ्कन गरिनु हुँदैन । उनले नेपालको सामाजिक सांस्कृतिक इतिहास पनि लेखेका छन् । पश्चिमका बाइसे राज्य, मध्य नेपालका चौबिसे राज्य तथा नेपालको प्राचीन इतिहासका विषयमा उनले महत्त्वपूर्ण खण्डहरू प्रकाशमा ल्याएका छन् । नेपालका किरात र खसआर्य जातिको इतिहास धमिलिन थालेको थियो । भीमसेन थापाले आफूलाई खस भएको बताउँथे तर जङ्गबहादुर राणाले अब बस्नेत, पाण्डे, थापा कसैले पनि आफूलाई खस आर्य नभन्नु भन्ने उर्दी जारी गरेका थिए । त्यसपछि नेपालका ठकुरीलगायत खस आर्यअन्तर्गतका बाहुन क्षेत्रीहरूले आफूलाई वैदिक आर्यसँग सम्बन्धित बनाउन आफ्ना पुर्खाहरू भारतको चितौड राजस्थानबाट आएको बताउन थालेका थिए । यस्तो अवस्थामा खस आर्य जातिको इतिहास उधिनेर खस आर्य जातिको वास्तविक इतिहास प्रकाशनमा ल्याउने काममा महत्त्वपूर्ण योगदान दिएका छन् । वैदिक आर्यहरूले खस आर्यलाई अछुत मान्थे । नेपालका पहाडे, क्षेत्री, बाहुन, सन्यासी र दलितहरूलाई सबै खस आर्य हुन् भन्ने व्यक्ति बाबुराम आचार्य हुन् । त्यसक्रममा उनले नेपालको सांस्कृतिक परम्परा भन्ने आफ्नो पुस्तकमा खस आर्य जातिको ऐतिहासिकता खोतल्दै 'नेपाल अधिराज्यका कुँवर, थापा, बस्नेत, बिष्ट, कार्की आदि क्षेत्रीय वर्गका नागरिकहरूले आफूलाई हामी यहाँका मूलनिवासी खस होइनौँ भारत वर्षबाट आएका चोखा राजपूतहरू हौँ भनी नाक फुलाउनु व्यर्थ छ । यही कुरा खनाल, पौडेल अधिकारी थर भएका ब्राह्मणहरूको हकमा पनि लागु हुन्छ' भनेका छन् । (पृष्ठ ७७) बाबुराम आचार्यले नै नेपाललाई खस र किरातको साझा आदिम भूमिका रूपमा ऐतिहासिक परिभाषा गरेका हुन् ।

इतिहास शिरोमणि बाबुराम आचार्यले नेपालको इतिहासको समग्र क्षेत्रमा योगदान पुऱ्याएका छन् । उनले सार्वजनिक गरेका इतिहासका कुराहरूमा टेकेर आफ्नो दृष्टिकोणका आधारमा समालोचना गर्ने काम पाठकको हो । हरेक इतिहासकारका विचार र दृष्टिकोणका आ-आफ्ना मूल्य तथा सीमा हुन्छन् । बाबुराम आचार्य पनि मूल्य र सीमा बाहिरका व्यक्तित्व होइनन् । त्यसकारण उनले नेपालको इतिहास लेखनमा पुऱ्याएको योगदानलाई आलोचनात्मक चेतका आधारमा हेर्न सकिन्छ तर त्राज्य गर्न सकिन्न । आज नेपालमा उनलाई त्राज्य गर्ने प्रवृत्ति पनि पैदा भएको देखिन्छ । त्यो एउटा अति हो । यस्तो अतिले इतिहासप्रति अन्याय गर्छ । इतिहासकार र इतिहासलाई हेर्ने बुझ्ने र संश्लेषण गर्ने यो एउटा अभिभूतवादी तरिका हो । जो धेरै बेठिक छ ।

■



# अर्जुनदृष्टि

नारायण आचार्य

मेरो पर्दा लागेको
नजरले
केवल फूलमा
कोमलता सुवास र मुस्कुराहट देख्छ

तिम्रो
पर्दा खुलेको नजरले
पाषाणमा पनि कोमलता
सुवास र मुस्कुराहट
अनुभूत गर्छ

मैले देखेको
फूलको कोमलता, सुवास र मुस्कान
क्षणिक थियो
ओइलायो झ-यो र माटोमा
विलीन भयो
तर
तिमीले देखेको
पाषाणको कोमलता
सुवास र मुस्कुराहट
अनन्त छ
अनन्त रूप, स्वरूप र प्रतिरूपमा । ■



# साहित्यकार परिचय

प्रकाश आचार्य

**लेखकको बारेमा**

सन् १९६३ मा चेन काइहोङको रूपमा जन्मेका सुय्मो गान्सु, चीनका एक प्रसिद्ध लेखक हुन् । उनले ७० भन्दा बढी पुस्तकहरू लेखेका छन्, २०० भन्दा बढी संस्करणहरूमा प्रकाशित भएका छन्, अङ्ग्रेजी, फ्रान्सेली, जर्मन, कोरियन, रूसी र स्पेनिशसहित ३० भन्दा बढी भाषाहरूमा अनुवाद उपलब्ध छ । सुय्मो चीनको सबैभन्दा प्रभावशाली समकालीन लेखकहरूमध्ये एक हुन् । उनको अडियो बुक बुद्धको बुद्धिः Xuemo Interprets the Diamond Sutra in the Himalaya Platform, ३५ मिलियनभन्दा बढी पटक बजाइएको छ र एक शीर्ष -रैङ्किङमा परेको कार्यक्रम बनेको छ । उनको शृङ्खला लाओजीको दिमागमा के छः Xuemo Interprets Dao De Jing चीनमा लगभग एक मिलियन प्रति बिक्री भएको छ । २०१९ देखि, उनका कार्यहरू जर्मनी, लन्डन, संयुक्त राज्य अमेरिका र एसियामा प्रमुख अन्तर्राष्ट्रिय पुस्तक मेलाहरू र फिल्म फेस्टिभलहरूमा चित्रित भएका छन् । २०२२ मा, उनी फ्रान्कफर्ट पुस्तक मेलामा अन्तर्राष्ट्रिय मिडिया स्पटलाइट



सूचीमा शीर्ष स्थानमा पुगे, स्पेनको गेस्ट अफ अनरभन्दा पनि बढी ध्यान आकर्षित गर्न सफल भए। यस उपलब्धिलाई फ्रान्कफर्ट पुस्तक मेला २०२२ को सबैभन्दा उल्लेखनीय र यादगार घटनाहरूमध्ये एकको रूपमा लिइएको थियो।

उल्लेखनीय कुरा के छ भने, उनका दशभन्दा बढी रचनाहरू नोबेल पुरस्कार विजेता साहित्यका प्रतिष्ठित अनुवादक हावर्ड गोल्डब्लाट र सिल्भिया ली-चुन लिनले अनुवाद गरेका छन्। उनको कामप्रति समर्पित अनुसन्धान केन्द्रहरू निङ्बो विश्वविद्यालय र सेन्ट्रल साउथ युनिभर्सिटीमा स्थापना भएका छन्। सुय्मोको उपन्यास इन्टु द डेजर्टले चाइना इन्टरनेसनल कम्युनिकेसन्स ग्रुप (CICG) द्वारा २०२२ को उत्कृष्ट अनुवाद पुरस्कार, महिला कथाको लागि २०२४ NYC बिग बुक अवार्ड र साहित्यिक कथाको लागि २०२४ स्वतन्त्र प्रेस पुरस्कार जित्यो। उनको उपन्यास Curses of the Kingdom of Xixia ले विश्व साहित्यको लागि २०२४ NYC बिग बुक अवार्ड जित्यो। उपन्यास वाइल्ड फक्स रिजले २०२४ अन्तर्राष्ट्रिय प्रभाव पुस्तक पुरस्कार र २०२५ NYC बिग बुक अवार्ड जित्यो, र २०२५ अन्तर्राष्ट्रिय पुस्तक पुरस्कारबाट सम्मानित भयो। उनी माओ दुन साहित्य पुरस्कारको लागि तीन पटक मनोनित भएका छन् र लगातार छ पटक दुनहुआङ साहित्य र कला पुरस्कार जितेका छन्। 'डेजर्ट राइट्स', 'डेजर्ट हन्टर्स', 'ह्वाइट टाइगर पास', 'लभ लेटर्स फ्रम द गोडेस' र 'इटरनल लभ' जस्ता पुस्तकको ई-पुस्तक संस्करण अमेजनको बेस्टसेलर सूचीमा पटक-पटक पहिलो नम्बरमा परेका छन्।

मूलतः जीवन र जगत्को परामर्थ सत्यको खोजमा लिप्त एक साधक सुय्मो ताओ धर्म र महायानी बुद्ध धर्मका ज्ञाता हुन्। उनी उत्तर-पश्चिमी चीनको मरुस्थलीय पृष्ठभूमिमा हुर्के, बढे र अहिले त्यतातिरको सामाजिक जीवन, संस्कृति, रीति, परम्पराका अध्ययताका रूपमा चिनिन्छन्। मरुस्थलीय जनजीवनसम्बन्धी मौलिक पक्षका खोज र शोधका उनका थुप्रै कृतिहरू प्रकाशित छन्।

विशेषतः साहित्यमा चिनियाँ आख्यानको मूलधारभन्दा पृथक् स्वाद र मौलिकता दिँदै सामान्य मान्छेको जीवनको सूक्ष्म आकलन र कथालाई बिना आग्रह कलात्मक शैलीमा पस्किने उनको विशेषता हो। समाज र व्यक्तिबिचको मात्र होइन, व्यक्ति र प्रकृतिबिचको द्वन्द्व र अन्तरसम्बन्धको पृष्ठभूमिमा मानवीय अन्तरबोध, सूक्ष्म चेतना, मनोवेगलाई शाब्दिक चित्रमा सजीव वर्णन गर्ने उनी पाठकहरूका माझ बेग्लै स्वादको लेखनीका कारण चर्चित छन्।

उनको चर्चित पुस्तक सेलेक्टेड स्टोरिजलाई नेपालीमा अनुवाद गर्दा 'सिनचियाङ बुढो' नाममा लेखक तथा अनुवादक श्री मल्ल के. सुन्दरले अनुवाद गर्नुभएको छ। जसमा उत्तर-पश्चिमी चीनको मरुस्थलीय पृष्ठभूमिमा हुर्किएका

सुयमोले त्यहीँको सामाजिक जीवन, संस्कृति र भोगाइलाई आफ्ना कथाको विषयवस्तु बनाएका छन्। चिनियाँ आख्यानको मूलधारभन्दा पृथक् स्वाद र मौलिकता दिँदै लेखिएका उनका कथाहरूमा सामान्य मानिसको जीवनको सूक्ष्म आकलन र भोगाइलाई कलात्मक शैलीमा प्रस्तुत गरिएको सिनचियाङ बुढो उनका त्यस्तै उत्कृष्ट कथाहरूको अनूदित कृति हो भन्ने विषय अनुवादकले उठाएको देखिन्छ।

त्यस्तै डा. सर्वोत्तम श्रेष्ठले नेपाली भाषामा अनुवाद गर्नुभएको अर्को पुस्तक समीपमा प्रेम लेखक सुयमोको अर्को अनुपम कृति हो। जसमा काठमाडौँमा जन्मिएकी चेली सरस्वती र तिब्बती धर्मशिष्य ख्युङ्पो नेन्जोरबिचको अधुरो प्रेम रहेको छ। सरस्वतीलाई प्रेमपूजक र ख्युङ्पोलाई दृढ निश्चयी पात्र चित्रित गरिएको छ। सरस्वतीको परिवेश, जीवनदर्शन, प्रेम र परिवारभक्ति तथा परोपकारी भावनाका सुखद दुःखद पाटो केलाएर लेखकले युवतीको भाव चित्र उतारेका छन्।

उपन्यासमा सरस्वती र ख्युङ्पोलाई ऐतिहासिक पात्रका रूपमा चिनाइएको छ। बेला-बेलामा ती दुईको सम्बन्धमा कुमारी भन्ने पात्रले सहजीकरण गर्छिन्। अर्ध ऐतिहासिक प्रेम भनिएको उपन्यासकी ती पात्र हाम्रै जीवित देवी कुमारी हुन् या होइनन् भन्ने चाहिँ प्रस्ट छैन भन्ने कुरा अनुवादित पुस्तकका सम्पादक प्रमोद न्यौपानेको पनि तर्क रहेको देखिन्छ। उपन्यासले पूर्ण ऐतिहासिकता नबोक्न सक्ने भएकाले पनि कुमारीको पहिचान नखुलेको हुन सक्छ। कुमारीको इमान, आस्था र समर्पणले समग्र नेपाली चेलीको प्रतिनिधित्व पुस्तकमा वर्णित छ।

यो वियोगान्त उपन्यासमा चेली कुमारीप्रति अलि बढी नै सहानुभूति राख्ने ठाउँ दिएको छ र उनले अज्ञात हुनुअघि नै आफ्नो सबै सम्पत्ति कुमारीमार्फत ख्युङ्पोलाई सुम्पिएर सरस्वतीले भावनात्मक र भौतिक दुवै रूपमा असल प्रेमिका सिद्ध गरेकी छन्।

उपन्यासले धर्म, प्रेम र मानवतालाई मसिनो एउटै धागोमा नचुँड्ने गरी बाँधेको छ। यो नै लेखक सुयमो सफलता हो। चिनियाँ साहित्यको नेपाली भाषामा अनुवादपश्चात् नेपाली सायित्यका पाठकलाई नयाँ खुराक बन्न सकेको छ भने ठुलो जनसङ्ख्या भएको हाम्रो असल छिमेकी चीनमा रहेको साहित्य र संस्कृति अनुवाद भएको पुस्तकबाट नेपाली साहित्यकारहरूले नयाँ शैली सिक्न सक्नुका साथै पाठकहरूलाई समेत भरपुर ज्ञान र मनोरञ्जन प्राप्त हुने अपेक्षा गर्न सकिन्छ। अर्कोतिर नेपाली साहित्यलाई चिनियाँ भाषामा अनुवाद गर्न सकेमा विशाल चीनमा नेपाली साहित्यको प्रचार र प्रसार हुने विश्वास लिन सकिन्छ।

■

**आबद्धताः नेपाल विद्युत प्राधिकरण**

# वीरमानको आत्मकथा : कुकृत्यको स्वीकारोक्ति



भीमराज कडरिया

सहरमा घडेरी किनेको करिब बाह्र वर्षपछि एक तले घर बनाएको थिएँ । टोलमा आएपछि घरायसी काममै व्यस्त भएकाले चिनजानका मान्छे कमै मात्र थिए । जनसम्पर्क बढ्ने आशाले बिहान एक घण्टाको हिँडाइपछि एकछिन आराम गर्ने र साथीभाइसँगै एक कप कफी लिने बानीले कफी पसलसम्म डोऱ्याएको थियो मलाई । पहिला आफ्नै अफिसमा कार्यरत एक जना सवारी चालक वीरमान दाइसँग करिब सात वर्षपछि भेट भयो आज । देख्ने बित्तिकै बोलिहालेँ, दाइ नमस्ते, के छ हालखबर ? कताबाट भेट हुन पुगियो आज ?

जल्दोबल्दो समयको रापतापमा झलमलाएका दाइ निकै गलेका जस्ता देखिन्थे । एकोहोरो टोलाएर हेरे मलाई, उत्तिसाह्रै बोल्न खोजेनन् एकछिनसम्म । सामान्य औपचारिकताका कुराकानी मात्रै भए । म त अफिस जानु छ, ढिला हुन्छ कि भनेर हिँड्नै लाग्दा फेरि भेटम् है सर भन्ने उनको आग्रहलाई स्वीकार गर्दै छुट्टिएँ त्यो दिन ।

जाडोको समय, शनिबारको बिहान फेरि उही थलोमा हाम्रो भेट भयो । नमस्ते, आज त सरसँग समय होला नि भन्दै नजिकै आइपुगे वीरमान दाइ । कफीको चुस्कीसँगै कुराकानी सुरु भयो । त्यही टोलमा घर बनाएर बसेका रहेछन् । उनी अफिसमा काम गर्दासम्म हामी जस्ता सहायक कर्मचारीलाई गन्दैनथे । अवकाश भएपछि बास्तविकतामा फर्केका रहेछन् जस्तो लाग्यो मलाई । आफ्ना कुरा सुनिदिने मानिस भेटाएझैँ लागेछ क्यारे, पुराना दिनतिर फर्काए मलाई पनि ।

सात वर्षको उमेरमा भर्खर एक कक्षामा पढ्थेँ । स्कुलबाट घर फर्किंदै गर्दा आँगनमा एक हुल मानिस झुम्मिएका थिए तर ती मान्छेहरू तिर खासै ध्यान नदिई स्कुलको झोला घर भित्र फालेर हतार हतार खेल्न निस्किंदै थिएँ म । यता हुलका मान्छेहरू आ-आफ्नै तर्क पस्कँदै थिए, आँगनको छेउमा रहेको तुलसी मठमा सुताइएकी मेरी आमाका वारेमा । धेरै समयको गलफत्तिपछि सबैको एकैखालको निष्कर्ष निस्कियो- माइली परमधाम भएकै हुन् ।

माइलीको साथ टुटेपछि बाले अर्की श्रीमती ल्याएसँगै मेरा दिन सामान्यसम्म हुन पाएनन् । घरमा सधैँको कचकचले दिक्क भएका बाले नजिकै खुलेको विद्युत आयोजनाका एक जना हाकिमलाई भनसुन गरेर मलाई भान्सेको काममा लगाइदिएपछि अलिकति दिन फिरेका थिए ।

दयालु हाकिम वैद्यसर र ममतामयी मेमसाहेब भएका कारण धेरै ठुलो दुःख कष्ट भोग्नु परेन । खान लगाउनको कुनै समस्या भएन । मेडम र सरका कृपाले काठमाडौँ सहर जाने र घरको काम गर्ने अनि बच्चा हेर्ने जिम्मा पनि पाएँ मैले । काममा मात्रै लगाइनन् मेडमले, पढ्न पनि लगाइन् र एसएलसी पास पनि गराइन् । त्यति बेलासम्म सरको पनि हेड अफिस सरुवा भइसकेको थियो । अफिसमै काममा लगाइदिने आशयले गाडी चलाउने तालीमसमेत दिलाइदिए र पछि आफ्नै अफिसमा ड्राइभरको अस्थायी जागिरसमेत लगाइदिए हाकिम साबले ।

*हाकिमको विश्वास पात्रमा उभिइसकेकाले पद सहायककै भए पनि पावर र पहुँच निकै बढिसकेको थियो । जागिर स्थायी हुने कुरामा ढुक्क भएको मात्र होइन, अरूहरूलाई समेत स्थायी गरिदिने हैसियत बनेको रवाफसहितको राग अलाप्न छोडिनँ मैले पनि ।*

सहज एवं सुख उन्मुख जीवन धेरै चल्न पाएन, मुलुकमा चलेको आन्तरिक द्वन्दको सिकार बन्न पुगेर हाकिम साबको निधन हुन पुग्यो । दुखद घटनाबाट मर्माहत मेमसाहब आफ्नै माइती गाउँतिर आश्रय लिने गरी तराईतिरै झर्नुभयो ।

अस्थायी नै भए पनि जागिर त थियो । अब नयाँ हाकिमको मोटर चलाउने जिम्मा मैले नै पाएँ । युवा जोश जाँगर राम्रै थियो र सहरमा एक्लो बसाइ थियो । काममा मिहिनेती एवं आफ्नो पेसामा जिम्मेवार र निपुण पनि भएकाले होला, नयाँ हाकिमले राम्रै रुचाए अनि आफू अवकाश हुने समयमा अर्का नयाँ हाकिमको लागि सिफारिस गरिदिए ।

आफैँले मोटरमा बोक्ने हाकिम बी.डी. सर प्रशासन विभागका प्रमुख भएका थिए । काम गर्ने अफिस सरकारको पूर्ण स्वामित्वको कम्पनी भएकाले नयाँ नयाँ कर्मचारीहरू थपिने, जागिरमा स्थायी गर्ने प्रक्रियाहरू सुरु हुँदै थियो । हाकिम

रिझाउन पाए स्थायी भइने लोभले गाँज्यो मलाई पनि । हाकिमको घरमा छिट्टै पुग्ने मेडमलाई सघाउने गर्न थालें । हाकिमका छोराछोरी विद्यालयकै छात्राबासमा बस्ने र घरको सरसफाइका लागि काम गर्ने छुट्टै मान्छे भएकाले घरमा धेरै काम हुन्नथ्यो । हाकिम झिल्के र रसिक स्वभावका मेडम फेसनदार र आधुनिक भएकाले कसलाई कस्तो र के चाहिने भन्ने बुझेर मान, मर्यादा र चाकरीमा कुनै कसर बाँकी राखिएन । हाकिमको घर्कंदो जवानीबाट निरस र वाक्कदिक्क भएकी मेडमका मनसायअनुसारका सबै आवश्यकता मैले नै पूरा गर्नुपरेको थियो ।

हाकिमको विश्वास पात्रमा उभिइसकेकाले पद सहायककै भए पनि पावर र पहुँच निकै बढिसकेको थियो । जागिर स्थायी हुने कुरामा ढुक्क भएको मात्र होइन, अरूहरूलाई समेत स्थायी गरिदिने हैसियत बनेको रवाफसहितको राग अलाप्न छोडिनँ मैले पनि ।

कार्यालयको सरसफाइमा ठेकेदारका माध्यबाट काम गर्न आएकी नम्रताले विभागकै एक कोठामा चियाको ब्यापार गर्थी । नम्रताको हाउभाउ उत्तिसाह्रो उच्छृङ्खल नभए तापनि सुन्दर रूप, मिलेको जीउडाल र लजालु स्वभावले लोभ्याएको थियो मलाई । त्यही चिया पसलमा बसेर फुर्सदको समय कटाउँदै गर्दा नम्रताको चालचलन, कला, स्वभावलाई नजिकबाट नियालेपछि एक श्रीमतीको कमी भएको महसुस भयो । चाहेको भए रोजेरै एक से एक पाउने थिएँ होला, तर किन किन मन नम्रतातिरै ढल्केको थियो । चियाको चुस्कीसँगै एक दिन नम्रतालाई बिहेको प्रस्ताव राख्न पुगें । नम्रता पनि स्तब्ध भई बिहेको प्रस्तावले । तर एकैछिनमा सम्हालिएर भनी - “मेरो जीवनकथा सुनेर चार कोस टाढा भाग्ने पो हौ कि ?”

एक शनिबारको दिन नम्रतासँगै रत्नपार्कको उद्यानमा घाम ताप्ने योजना बन्यो । त्यही अवसरमा नम्रताले एक नाटकझैं लाग्ने आफ्नो विगत पूरै सुनाई । गाउँको विद्यालयमा कक्षा नौमा पढ्दै गर्दा एक शिक्षकको मायाप्रेममा परी विवाह गरेकी रहिछे । शिक्षक तत्कालीन भूमिगत कम्युनिस्ट पार्टी निकट भएको र साङ्ठनिक गतिविधिमा संलग्न भएकै अवस्थामा सैनिक गस्तीको जाँचको क्रममा भौतिक कारबाहीमा परी दिवङ्गत भएको तथा घर खानतलासीमा आएका सैनिकले बलात्कार गर्दा चार महिनाको गर्भ खेर गएको रहेछ । सासुले घरबाट निकाला गरेपछि माइतीको शरणमा गएकी रहिछे, भाउजूको अत्याचारले टिक्न बस्न नसकेपछि रोजगारीको सिलसिलामा सहर आइपुगेकी रहिछे । सुन्दासुन्दै ब्रह्माण्ड नै कम्पन भएझैं भयो । मनै मनले आफूलाई सम्हाल्दै सान्त्वना दिएँ र आफ्नो विगत तथा आफूले भोगेका दुःख पनि सुनाउन पुगें । अनि कथा व्यथा सबैका आआफ्ना हुने रहेछन् भन्ने सोचेर बितेको हिजोलाई बिर्सदै भोलि सम्हालिएर जीवन चलाउने प्रस्ताव गर्न भ्याएँ मैले नै ।

करिब एक महिनाको अवधिसम्म दुवैले खुल्ला छलफल चलाइयो। छलफलको निष्कर्षले माया बढ्ने र जिम्मेवारी पूरा गर्न सहज हुने ठहर गरी दुवै जना दाम्पत्य जीवनमा बाँधिएर अघि बढ्न थालियो।

सबैले वीरे नामले बोलाउँथे। तर हाकिमसँगको सामीप्यताले म अब वीरे मात्रै रहिनँ। सबैले मान पुऱ्याउन थाले, अब वीरमानको नामबाट चर्चित हुन सुरु भयो। हाकिमसाबको रेखदेख गर्नेदेखि लेनदेनको हिसाबसम्म हेर्ने भइसकेको थिएँ म अब। पद र शक्तिका दम्भकारी हाकिमलाई दोहोरी साँझ पुऱ्याउनेदेखि रोजाइका वेटर युवतीबाट सेवा दिलाउने तथा सकुशल घर पुऱ्याउनेसम्मका सबै जिम्मेवारी मेरै थिए। हाकिमको घरमा पनि शयन कक्षसम्मको पहुँच राखेकै थिएँ। हाकिम साबको छोराछोरीको प्रिय अङ्कल भएकै थिएँ।

कम्पनी अफिसले कर्मचारी स्थायी रूपमा भर्ना गर्ने विज्ञापन जसै खुलाएको थियो उसै मेरो चलखेल पनि बढ्न पुग्यो। हाकिमको तर्फबाट बिचौलिया बनिसकेको थिएँ। कर्मचारीको तहअनुसार एक लाख दररेट तोकेर रकम सङ्कलन गर्ने जिम्मा मैले पाएको थिएँ। आफ्नै नम्रतालाई स्थायी गराउनसमेत एक लाख तिर्नुपरेको थियो मैले, अरूको त झन् के कुरा गर्ने र ? कामको जिम्माअनुसार मेरो आर्थिकस्तर पनि क्रमशः उकासिँदै गएको थियो। मौकामा चौका हान्न सफल भएर चार आना घडेरीमा एक तल्ले घर बनाई नम्रतालाई भाग्यमानीको लहरमा उभ्याइसकेको थिएँ मैले त्यो समय।

प्रशासन विभागका हाकिमको मोटर चलाउने भएपछि हाकिमले गर्ने कुराकानी सबै जानकारीमै थिएँ। कर्मचारी भर्नाका लागि लिइने परीक्षाका प्रश्नपत्रको प्रतिलिपि लिनेदेखि अन्तर्वार्तामा सिफारिस गर्ने सम्ममा पहुँच राख्ने काम भ्याउन थालियो। मुलुकमा उत्पन्न चरम बेरोजगारीलाई नगदमै विक्री गर्ने कामको सुरुवात गर्ने समूह नै खडा गरेर विभिन्न तहका कर्मचारीको भर्ना, नियुक्ति तथा सरुवा बढुवासम्मका लागि दररेट नै तयार गरियो। केही इन्जिनियरहरूसमेतलाई रकमको मोलमोलाइ गरी सात लाखमा स्थायी गराइयो।

उच्च पदका हाकिम तथा नेताहरू र तिनका परिवारसम्मलाई ओसारपसार गर्ने तथा तिनीहरूको घरसम्म विदेशी ह्विस्की, सितन र उपहारसम्म पुऱ्याउने जिम्मा मेरै थियो। मोटरमा हाल्ने तेलको कुपनमा आफ्नै रजाईं पनि। के मात्रै गरिएन र सर त्यो समयमा ?

कर्मचारी माझमा राजनैतिक गतिविधि बढाउन आस्थाका आधारमा खुलेका कर्मचारी सङ्घ, युनियन, सङ्गठन तथा कर्मचारी मञ्चका अध्यक्ष तथा महासचिवहरूले यस्ता विकृतिको भण्डाफोर अभियान नै चलाउन विभिन्न कार्यक्रमहरू आयोजना गर्न थालेका थिए। म पनि के कम थिएँ र उनीहरूकै

माझमा रहेर राजनीति गर्न थालें । कोहीका श्रीमती, कोहीका साली र आफन्त पास गराइदिएँ । केही पदाधिकारीका आफ्ना मान्छेहरूलाई सरुवा बढुवामा सहजता बनाइदिएँ । केही पदाधिकारीहरूलाई सामान आपूर्तिका काम मिलाइदिएँ । यस्तै धन्दामा पल्केपछि यूनियन, सङ्घ, सङ्गठनकै पदाधिकारीहरूको माझमा फाटो ल्याउन सफल भएँ । पछिका दिनमा त तिनका परिवार तथा नातेदारलाई पास गराउनेदेखि चर्को रकम उठाउनेसम्मको जिम्मेवारी उनीहरूले नै लिन सफल भएर आर्थिक रूपमा निकै सम्पन्न पनि भएका थिए । त्यही समयबाट त कर्मचारीहरूको एकता भङ्ग भएको थियो नि । विकृतिका पराकाष्ठाको सीमा नै नघाइयो हाम्रा पालामा ।

हुन पनि त्यो समयको वीरमानको गाथा कम आकलन गर्ने खालको थिएन । अहिले उनैको मुखारबिन्दबाट प्रवचन जसरी श्रवण गर्न पाउँदा म पनि एकाग्र नै थिएँ केही बेर । अरू धेरै के सुन्नु त भनेर छुट्टिने उपाय खोजें । उनी रोकिने अवस्थामा देखिएनन् ।

तर सर, समय एकनाशको नहुने रहेछ । समयअनुसारको मोज मस्ती गरियो । धन सम्पत्ति पनि कमाइयो । अर्काको मन दुखाएर कमाएको के राम्रो हुन्थ्यो र ? हाकिम साब अवकाश भइहाले । अवकाशपछि हाकिमको त घर नै तहसनहस भयो । मेरो पनि राम्रो हुन सकेन तर पछिल्ला दिनहरू सबै ठिकै चलेको छ । जान्ने बुझ्नेहरूले अनियमितताको आम्दानी दशै वर्ष टिक्ला एघारमा बिनासै हुन्छ भन्थे । हो रहेछ नि सर, हाकिमको त घर नै लिलाममा परेको छ । मेरो पनि छोराहरू बिग्रेर घर झगडामा फसेको छु । गत वर्ष जेठो छोराले बियरको बोतलले हानेर झन्डै मरिन । नम्रता पनि रोगी भएकी छ, क्यान्सरबाट ग्रस्त छ । जेनतेन उपचार गराउँदै छु । कान्छो छोरा जेन्जी नै थियो, त्यै पनि तिम्रो पालामा गरेको बेथितिले घर बस्न पाइन भनेर दुबईतिर उड्यो गत महिना । छोरा उडाउन सजिलो रहेनछ, बिचौलियाले दुई लाख खाएर मिलाइदियो । काम राम्रो छैन भनेर गुनासो गर्दैछ । हेर्नुहोस् त सर, साक्षी त ईश्वर पनि थिए होलान् मेरा कुकर्मका, त्यसैले आफूले गरेका अनियमितताका कुकृत्यको फल आफ्नै जीवनकालमा भोग्न पाइने रहेछ नि भनेर गल्साए उनी ।

परिवर्तन समयको नियम नै हो, कसैको मन बदलिन्छ भने कसैका दिन । बीसै वर्षको अन्तरालमा देखिएका वीरमानका उतारचढाव तथा बदलावका गाथाको श्रोता बन्न पाएकोमा शनिबारको बिहानीलाई धन्यवाद दिँदै छुट्टिएँ म पनि ।

■

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**



# आँखाभित्र अटोस् मान्छे !

पदम दाहाल

मिहिनेती बनून् मान्छे कर्मनिष्ठ बनून् सबै
धैर्यधारणको बानी गुणगान कहून् सबै ।१।

रिसराग नपालेर प्रेम भाव उनून् सधैँ
गफाडी गफको पोको नहोस् मानव ऊ कबै ।२।

त्यागूँ छोडूँ नहोस् कोही आँखाभित्र नहोस् धुलो
चिल्लो चिप्लो घसी बक्ने ज्यास्ती मैलो नहोस् कुलो ।३।

सहिष्णु बन रे धर्ती जस्तै ज्ञान सिकाउने
सिस्नोपानी लगाएझैँ नहुन् पोल्न रुचाउने ।४।

दुखाएर कतै भित्र दुःख चोट चटाउने
न हौ मानव भै तल्लो डाह दुष्ट बिजाउने ।५।

शिष्य भै गुरुको ईख साँचिराख्छ कुनै भने
मानमर्दन भो ठान्नु मर्यादा नपलाउने ।६।

ठगी चाल झुटो मुद्दा अविश्वास गनिन्न र ?
भ्रष्टाचारी अनाचार अबगाल बनिन्न र ? ।७।

आज्ञाकारी बनोस् स्नेही दयालु मनको धनी
बोक यौवन हे मान्छे ! उत्साहमय जीवनी ।८।

अनैतिक नहौ घोच्ने काँडाझैँ ती दुखाउने
अश्लील नबनून् बोली शिष्टाचार गुमाउने ।९।

चर्को झर्को नहोस् कोही कर्णप्रेय बनोस् सधैँ
आँखाभित्र अटोस् मान्छे बटूलोस् ममता सधैँ ।१०। ■



# पानीमा जिन्दगानी

भलादमी भोला

पर्यावरणको आवरणमा सग्लो र सङ्लो भएर लमतन्न परेको छ पृथ्वी । यही पृथ्वीको काखमा जुरुक्क उठेका छन् शिखरहरू । आफ्नै भाका र धुनमा लय हाल्दै कलकल बगेका छन् नदी, खोला, छागा र झर्नाहरू । पर्यावरण पृथ्वीलाई ढाक्ने बुट्टेदार मजेत्रो । यही मजेत्रो भित्र मनग्य आनन्दले बाँचेका छन् जलचर, थलचर र नभचर प्राणीहरू । बाँच्न पाउनु सबैको समान अधिकार, निर्भय निसङ्कोच । पृथ्वीलाई आफ्नो जरामा झुन्ड्याएर थामिरहेका वृक्ष हुन् वा सम्पूर्ण जीवात्माहरूलाई धरतीमा छोडेर आफू आकाशमा कावा खाएकोमा गर्व गर्ने पन्छीहरू सबै पर्यावरणको चौबन्दीभित्र कसिएका देखिन्छन् ।

पर्यावरणलाई सीमित घेराभित्र बाँधेर राख्न सकिँदैन । न यो थैलीजस्तो गुजुक्क परेको छ न सन्दुक जस्तो निसासिने । यो त खुल्ला किताब हो सिङ्गो विश्वविद्यालय हो । यहाँ किताबका ठेलीलाई चुनौती दिने ज्ञानको अजस्र भण्डार छ । पृथ्वी ज्ञानको भण्डार नहुँदो हो त तपस्या गर्ने तपोभूमि खोज्दै तपस्वीहरू नेपालको भूमिमा योग साधना गर्न आइपुग्दैन थिए । शिक्षाको प्रादुर्भाव दैवी कालमा यहीँबाट अङ्कुराएको हो । ऋषिहरूले मन्त्रतन्त्र यहाँकै प्रकृतिको काखमा बसेर सिर्जना गरेकोले ती सत्य, तथ्य, अकाट्य र शक्तिशाली छन् । राजदरबारको भौतिक सुखसयल त्यागेर सिद्धार्थ गौतम आध्यात्मिक चेतनाका लागि प्रकृतिसँगै लेपसिएर बुद्ध बने । यो देन प्रकृतिको नै थियो । प्रकृतिसँग आनन्द हुन्छ, शान्ति हुन्छ, अपनत्व हुन्छ त्यसभन्दा बढी त ज्ञान हुन्छ । त्यही कारणले यावत् जीवहरू प्रकृतिसँग नजिक छन् । आमाले आफ्नो खोकिलामा राखेर बच्चाको हेरचाह गरेझैँ प्रकृतिले सम्पूर्ण जीवात्मालाई आलिङ्गन गरी रक्षा कवच बनेको छ ।

पर्यावरण शान्तिको पर्याय । सिर्जनाको उद्भव पनि । नदी, जङ्गल, टाकुरा गुफा यी सबै शान्तिका प्रतीक । जो मान्छे प्रकृतिको समीपमा रहन्छ ऊ कहिल्यै शुष्क बन्नु पर्दैन । प्रकृति नवजात शिशुजस्तो मुलायम, स्निग्ध र आकर्षक छ । यसलाई मुसार्न सके हामीलाई दीर्घ जीवन प्राप्त हुन्छ । प्रकृतिलाई घामका झुल्काले काउकुती लगाएर हँसाउँछ । पानीका छिटाले अल्छी भगाएर काममा

लाग्न उत्प्रेरित गर्छ । प्रकृतिको यही सुन्दरताबाट मानवले खुसी भएर जिउने कला सिक्छ । प्रकृतिको समीपमा बसेर नै मान्छेले आरोग्य जीवन प्राप्त गर्छ । सर्जकले कालजयी सिर्जना कोरेको हुन्छ । मान्छे सबै अवसर छोडेर आनन्द प्राप्तिका लागि निकुञ्ज भित्र गुञ्जन आइपुग्छ । मान्छेलाई आफ्नै व्यवहारप्रति वैराग्य भएपछि ऊ प्रकृतिको शरणमा पुग्छ । चाहे त्यो नदी किनार होस् वा हिमाल । मान्छेहरूलाई थाहा छ, प्रकृतिसँग चेतना छ, जीवन छ, एउटा संसार छ । जल, जमिन, जङ्गल, वायुमण्डल, पहाड, पर्वत, माटो यी सबैको घेराभित्र सम्पूर्ण जीवको चक्र चलिरहेको छ । यसलाई बिथोल्दा जीवहरूको अस्तित्व सङ्कटमा पर्छ ।

सबैभन्दा घनिष्ट सम्बन्ध मान्छेको पानीसँग छ । पानी पर्यावरणको अभिन्न अङ्ग । पानीको उत्पति सम्बन्धमा विभिन्न अड्कल, आकलन र मिथकहरू प्रचलनमा छन् । हाम्रो आँखाले हिउँ पग्लेर सलल बगेको सङ्लो पानी देख्छ । आफ्नो जीवन पानी जस्तै सङ्लो र सलल बग्ने बनाउन निर्मल र कञ्चन हुन पानीका मूलहरू खोज्दै मान्छे त्यतैतिर बसाइँ सरेको छ । पानीकै कारण मान्छे ओतमा बस्न सिक्यो । पशुपालन गरी खेतीपाती गर्न सिक्यो । पँधेरो बनायो, ढुङ्गे धारा, सुनधारा बनायो । पानीका मूल नजिकै वृक्षारोपण गऱ्यो । कुवा, धारा, पँधेरा, नदी र सागरलाई पूजा गर्ने चलन चलायो । यो चलन पुस्तान्तरण हुँदै आजसम्म चलिरहेको छ । अचेल बाँस झ्याङ् मुनि पँधेरो देखिन्छ पानी देखिदैन । वर पिपल चौतारीको ढुङ्गे धारो छ धित मारेर पिउने पानी छैन् । सडक यातायातको विस्तार र विकास गर्ने नाममा पानीका मूलहरू उधिनेर बस्तीहरू काकाकूल बनेका छन् । यही कारण गाउँका घरहरू सातो हराएर बिरूप छन् । यसो विचार गर्दा प्रकृतिलाई सिँगार्न पनि मानिस चाहिने रहेछ, मानिसलाई सिँगारिन पनि प्रकृति चाहिने रहेछ । प्रकृति र मानवको एक आपसमा अन्योन्याश्रित सम्बन्ध भएकाले आपसी समन्वयको तालमेलले नै दुवैको हित हुने देखिन्छ । गाउँमा जरुवाको पानी सुकेकाले मान्छेहरू बेसी झरेका छन् । आँतको प्यास मेट्नको लागि । शरिरमा रगत भर्नको लागि । पानी सभ्यताको जननीका साथै उन्नतिको द्योतक पनि हो । पानीलाई साक्षी राखेर मेसोपोटामियाको सभ्यता उदायो ।मिश्रको सभ्यता र सिन्धु घाटीको सभ्यता चेतनाको डाक बोकेर उठ्यो । यस्तै सभ्यताभित्र पानीको महिमा गानको अतुलनीय वर्णन रहेको पाइन्छ । धरातलमा धार बनाई बगेका नदीहरू पानीका नियमित स्रोतहरू हुन । कुवा, कुण्ड, पँधेरो झरना, छहरा, इनार, ट्युबवेल हुँदै समुद्रसम्म यसको फैलावट रहेको छ । पानी वाष्पीकरण भएर आकाशमा आनन्दले नाच्छ र फेरि पानीकै रूपमा वर्षने ल्याकत पनि राख्छ । यसको स्वभाव जादुमयी छ । धरतीलाई खोतल्दै जाने हो भने प्रत्येक ठाउँमा पानीको जरो भेटिन्छ ।त्यही जरोको सहायताले अक्करमा रुखहरू हावा हम्कन्छन् ।

ढुङ्गाको काप छिचोलेर पानीको जरो चुसेका पोथ्राहरू खुसी भई मुस्कुराएका भेटिन्छन् । पानीकै कारण मरुभूमिमा समेत खेती गरिएको छ । मान्छेले भोक झेल्न सक्ला तर प्यास झेल्न नसक्ने भएकोले पानीका लागि संसारमा ठुलाठुला युद्ध भएका छन् । जलस्रोतमा धनी देशहरू अन्य देशको लागि आँखाको तारो बन्नुको कारण पनि पानी नै हो । नेपालमा पानीको प्रमुख स्रोत हिमालय पर्वतका साथै पहाडी धरातललाई मानिन्छ । यी दुवै विशेषता नेपालमा भएकोले यहाँको भूधरातल लोभलाग्दो र आकर्षक छ । यही कारणले धेरैका गिद्धे नजर नेपालको पानीमा पर्ने गरेको छ । नेपालले धेरै सन्धी सम्झौता जलविद्युत उत्पादनका लागि गरेको छ ।

नदी किनारबाटै मानव सभ्यताको उदय भएको छ । पानीसँग अद्‌भूत कला छ । कर्कलोको पातमा परेको पानी वृत्ताकार देखिन्छ । जाडो याममा परेको तुसारो घामको किरणले चाँदीझैं टल्कन्छ । बिहान बिहान परेको शीतले मानवलाई स्वार्थी मात्र हैन त्यागी बन्न सिकाउँछ । विभिन्न अवस्था र रूपमा जे जसरी भए पनि पानीले मानिसलाई जिउने कला सिकाउँछ । मानिसले गहिरिएर विचार गर्ने हो भने आफ्नो बाल्यावस्था, किशोरावस्था र वृद्धावस्था सम्पूर्ण जीवन त्यही पानीमा भेट्न पुग्छ । कलाका पारखीहरू खोला र नदीको पानीसँग सङ्गीत भेट्छन् । कविता, गीत र गजल भेट्छन् । प्रकृतिको अथाह ज्ञानबाट एक अंश ग्रहण गर्न नसके पनि मान्छे आफूलाई विद्वान् साबित गर्दै जुँगामा ताउ लगाएर बसेको छ । मान्छेले प्रकृतिलाई सत्य देख्यो र उसैलाई ईश्वर ठानेर गुनगान गाउँदै संरक्षण र संवर्धन गको । मानिसले पानीमा कर्म देख्यो । स्वालम्बीपन देख्यो । पानीले जाँतो घुमाइदिएर घटेरोले पेट पालेको छ । बोटे र माझीले डुङ्गा चलाउने र माछा मार्ने पैतृक पेसाबाट जीवन चलाएका छन् । चुनारोले रुखका ठुटा र जर्बुटालाई कलात्मक ठेकी, मदानी, माना, पाथी आदि निर्माण गरी नेपालको परम्परा धान्न सहयोग गरेको छ । सपेरोले पानीमा सुलुलु सुल्किएको सर्पलाई समाएर जादुको कला प्रस्तुत गरेको छ । श्रमजीवीहरू नदी किनारमा बालुवा चालेर र गिट्टी कुटेर जीवन धानिरहेका छन् । पानीले डाइनामो घुमाइदिएर मानिस उज्यालोमा फुर्तिसाथ नाचेको छ । उद्योग कलकारखाना सञ्चालनदेखि खोला तथा नदीको पानी तान्ने लिफ्टिङ प्रविधिले डाँडा पाखामा तरकारी खेती गरी हराभरा बनाउन सहयोग गरेको छ । पानीसँग मान्छेको जीवन जोडिन्छ, पेट जोडिन्छ र सपना जोडिन्छ । पानीसँग जोडिएका उखानटुक्का र मिथकहरू छन् । पानीलाई क्रोध निवारणको औषधिसमेत मानिन्छ । अतिथि सत्कार पानीबाटै हुन्छ । भगवान्‌लाई प्रसन्न पार्न घडाभित्र जल बनेर पानी नै पुग्छ । पानीले ढुङ्गोलाई खियाएर मुलायम शालिग्राम बनाउँछ । पानी आफैं आगो बोकेर आगो निभाउन बगिरहेको हुन्छ । पानी आफैं बादल बनेर घुम्टो ओडिरहेको हुन्छ । पानीसँग शीतलता छ, पानीसँग समय

अनुकूल बदलिने गुण छ । पानीसँग सिङ्गो जीवन चक्र चलाउने बहुउपयोगी गुण छ । यस्तो बहुउपयोगी वस्तुलाई निर्जीव भन्न पाश्चात्य ज्ञानले लगायो । हामीले हो मा हो मिलाउँदा हाम्रो ज्ञान, दर्शन र जीवनसमेत ओझेल परेको छ । समुद्रको पानीको धड्कन छामेर पानीलाई निर्जीव प्रमाणित गरी दुनियाँको आँखामा पर्दा लगाउन खोज्नु बोक्रे धाक शिवाय केही होइन । समुद्रको पानीलाई मृत घोषणा गरेर पानीमा जीवन छैन भन्नु मूर्खता मात्र हो । हामीले पानीको सही सदुपयोग गर्नले धर्ती हराभरा बन्छ । पानीकै सहायताले बिजुली निकालेर देश झलमल पार्ने र उद्योग कलकारखाना खोली मुखमा माड लाग्ने प्रबन्ध गर्न सकिन्छ । बिजुलीको उपयोग गरी मानिसहरू स्वरोजगार बनेका छन् । जल सम्पदाको उपयोगबाट हाम्रो देशको आयातमा निर्भर अर्थतन्त्रलाई निर्यात उन्मुख बनाउन सकिन्छ । हाम्रा हिमालबाट बग्ने कञ्चन पानीलाई बेचेर विश्वको तिर्खा मेटाउन सकिन्छ । सिँचाइका आधुनिक प्रविधिको प्रयोग गरेर बाँझा जग्गामा खेती गरी अरूको आसमा पेट पाल्न बाध्य मानिसहरूलाई भरपेट खान पाउने व्यवस्था गर्न सकिन्छ । पानी सेतो सुन हो । यसको सर्वोपरि महत्त्व छ । पानीमा भगवान् विष्णुको निवास छ भनेर हिन्दु धर्मले मानेको छ । वर्षाको चाबी इन्द्र भगवान्सँग रहेको छ । खडेरी परेर लामो समयसम्म पानी नपर्दा भ्यागुताको बिहे गराएर इन्द्रसँग हारगुहार गर्ने चलन अझै पनि नेपाली समाजमा रहेको छ । पानी क्रोध निवारणको औषधि हो भन्ने नैतिक दृष्टान्त पाइन्छ । पानी आफैँ क्रोधित भयो भने यसले ठुलो संहार गर्दछ । यसका उदाहरण मेलम्ची, रोशी तथा सुनकोसीले गरेको कहालीलाग्दो क्षतिलाई लिन सकिन्छ । पानीको माध्यमबाट वृक्ष अङ्कुराउँछ, फुल्छ र आफ्नो फलमा रस भर्ने गर्दछन् । जराबाट पानी सोसेर सुन्तलाले गुलियो रस बनाउँछ । कागतीले अमिलो रस भर्छ । पानीलाई आफ्नो डाँठ पात र जराभित्र मथेर तितेपातीले तितो औषधि ओकल्छ । पानीका थोपा थोपालाई विभिन्न रङ्गमा बदलेर रङ्गीचङ्गी फूलहरू फुल्दछन् । एउटै मूलबाट पानी पिएका सबै वनस्पतिहरूले अलग अलग गुण भएका फलहरूको आस्वादन गराउँछन् । पानीको मात्रा बढी हुने खरबुजा, तरबुजा, अङ्गुर, मुलालगायतका फलहरूको रस पनि उनीहरूको बनोटअनुसार फरक फरक हुन्छ । पानीको गुण माटोको गुणसँग पनि तादम्य राख्दछ । पानीकै कारण वृक्षले अन्न दिएर, फलफुल दिएर, औषधि दिएर सम्पूर्ण जीवात्माको जीवन बचाएको कारणले पानी जीवनदायिनी बनेको छ ।

आफूलाई वैज्ञानिक भन्नेहरूले पानीलाई रङ्गहीन, स्वादहीन र गन्धहीन भनेर सङ्कुचित बनाइदिए । यो उनीहरूको सतही अनुसन्धान जस्तो लाग्छ । पृथ्वीलाई चुर्लुम्म डुबाउन सक्ने क्षमता भएको पानीलाई कम आकलन गर्नु उनीहरूको मूर्खता पनि हो । पानीको जननी पानी नै हो भनेर भन्दा कतिले मेरो खिल्ली उडाउन बेर लगाउँदैनन् । हामीले सास लिएको अक्सिजन पनि पानीको

विकसित रूप हो भन्दा विद्वान् भन्नेहरूले सुली चढाए पनि त्यसमा मेरो कुनै गुनासो छैन् । पानीको भण्डार हिमकण, हिमकणको रास हिउँ । हिउँ न कालो हुन्छ न रातो । यो कञ्चन सेतो हुन्छ जसलाई चिन्न चस्मा लगाउनु पर्दैन । न सूक्ष्मदर्शक यन्त्रले हेरिरहनुपर्छ न टेलिस्कोपमा टहलिनुपर्छ । पहराबाट छहरामा हामफालेको पानीले ढुङ्गामा बजारिदा आफू सेतो भएको कतै गएर प्रमाण जुटाउनुपर्ला र ? त्यस्तो वस्तुलाई पनि रङ्गहीन भन्नु कदापि गहन अध्ययन भयो भनेर मानिँदैन । कूलकी छोरी र मूलको पानी भनेर बनेको कहानीले कति सुगन्ध फिँजाएको छ, त्यो कसरी गन्धहीन हुन्छ । मुखमा अमला टोकेर पानी पिउनुहोस् त्यसको अपूर्व स्वाद तपाईंले कहिले बिर्सन सक्नुहुन्छ ? सबै गुणले भरिपूर्ण भएको पानीलाई हचुवाको भरमा केही न कामको प्रमाणित गरिदिने वैज्ञानिक प्रयोगलाई के भन्ने ? न पानी सूत्रमा बाँधेर सङ्कुचित हुन सक्छ न बाँध बाँधिएर बन्धनमा बस्न सक्छ । यसले त सबै बन्धन तोडेर आफ्नो बाटो आफैँ बनाउँछ । यो त पङ्घ फुक्का छ । पिँजडाबाट उम्केको सुगा जस्तो, आकासमा उडेको चङ्गा जस्तो । यात्रामा निस्किएको यात्री जस्तो । वैज्ञानिकहरूले हाइड्रोजन र अक्सिजन मिसाएर पानी बनेको तथ्य अगाडि ल्याए । हाइड्रोजन र अक्सिजनभन्दा अगाडि नै पानी थियो भनेर तर्क प्रमाणित भए तिनले कसलाई मूर्ख ठान्छन् होला । वैज्ञानिकले हाइड्रोजन र अक्सिजन मिलाएर पानी बनाइ मरुभूमिको प्यास मेटाएको खबर कतै सुनिएको छैन् । वैज्ञानिकले पानी बनाउँदा कति प्राणीहरूको प्यास मेटिन्छ होला ? लेखाजोखा गर्छ कसले । वैज्ञानिकले आविष्कार गरेर बनाएको पानी कति जलचर जीवहरू डुबुल्की मार्दा होलान् । कति डुङ्गा चढेर सयर गर्दा होलान् । त्यसको हिसाबकिताब कसले क्रमबद्ध गरेको होला । पानीबाट उसैको अस्तित्व थुतेर उसैलाई सूत्रबद्ध गर्नु न्यायोचित होइन ।

पानी जलचर प्राणीको आश्रय स्थल । यो सुरक्षाको पर्याय पनि । आश्रयस्थल प्राणीको सुरक्षाकवच । सुरक्षा कवचमा विकार भयो भने समग्र प्राणीको दिनचर्या बिथोलिन्छ । पानीमा बस्ने माछा, भ्यागुतालगायतका जीवात्माहरूको अस्तित्व सङ्कटमा पर्नुका साथै सम्पूर्ण मानव जीवनको गतिमा अवरोध उत्पन्न हुन्छ । मानव आफूलाई ज्ञान र विवेकको तालुकदार सम्झन्छ । ज्ञान र बुद्धिले भरिएको मानिसलाई छिमेकीको घरमा फोहोर फ्यालेर आफू सुग्घरी हुने छुट कसले दिएको छ ? फोहोरकै कारण कैयौँ जलचर प्राणीहरू लोप भइसके । कुनै लोप हुने चरणमा छन् । कति पवित्र नदीहरू दुर्गन्धित बनेका छन् । तिनीहरूको अस्तित्व जोगाउन भएका विभिन्न प्रयासहरू फितला देखिन्छन् । नदी प्रदूषित हुँदा हाम्रो इज्जत प्रतिष्ठा सबै माटोमै मिल्न लागिसकेको छ । मान्छेले विकासका नाममा गरेको प्रकृतिको अनुचित दोहनका कारण जलवायु परिवर्तन भएको छ । यो संसारका सबै शक्तिराष्ट्रका लागि टाउको दुखाइको विषय बनेको छ । यसको

कारण पृथ्वीको तापक्रम बढेर अत्यधिक हिउँ पग्ली हिमालहरू विरूप देखिएका छन् । त्यसको निवारणका लागि सगरमाथा क्षेत्रको कालापत्थरमा केही वर्ष अगाडि बैठकसमेत बसेको थियो । विश्वका धनाढ्य मुलुकहरूको लापर्बाहीका कारण नेपालजस्ता विकासोन्मख मुलुक विभिन्न प्रकोपको चपेटामा पर्ने गरेका छन् । यही कारणले कलकल बग्ने हाम्रा नदीको बहाव क्षमता क्रमशः घट्दै गएको छ । पानीमा सञ्चालन गर्न सकिने कायाकिङ क्यानोइङ बोटिङ, मत्स्य विहार जस्ता जलक्रिडाहरू प्रशस्त मात्रामा गराउन नसक्दा पानीमा निर्भर रहेको व्यापार व्यवसाय चौपट पर्ने देखिन्छ । तीर्थाटन, धार्मिक तथा आध्यात्मिक पर्यटनको विकास पनि नदी किनारबाटै हुने पौराणिक मान्यता रहेको छ । नेपालका नदीहरूले त्रियासी हजार मेगावाट बिजुली बोकर उर्लिरहका छन् । ठुलाठुला पानी जहाज चलाएर जलचर प्राणीको बाँच्न पाउने अधिकार किन खोस्न खोज्दै छ मान्छे ? नदी तथा खोलामा करेन्ट लगाइ माछा मार्ने, गिटी बालुवा उत्खन्न गर्ने तथा क्रसर सञ्चालन कार्यले खोला तथा नदीमा रहने जीवहरूको अस्तित्व सङ्कटमा परेको छ । यसका साथै वर्षा यामको अविरल वर्षाले धनजनको ठुलो क्षति प्रत्येक वर्ष राज्यले बेहोर्दै आएको छ । प्रकृतिको आवरण कुरूप बनाएर आनन्दले निदाउन मान्छेलाई कुन नैतिकतले दियो । प्राणी जगतले मितेरी लगाएको छ पानीसँग । पानीसँग मितेरी नलगाउने हो भने जीवन शुष्क बन्दछ । प्राणीको जीवन प्रक्रिया नै समाप्त हुन जान्छ । पृथ्वीमा पानी ठोस तरल र ग्यासका रूपमा उपलब्ध छ ।

पानी न कसैको शत्रु हुन्छ न कसैको मित्र । यसले इन्द्रेणीमा भएका रङ्ग पैँचो मागेर प्रकृति शृङ्गार गरेको छ । इन्द्रेणीको रङ्ग खोसेर वृक्षहरू हरियो रङ्गमा सजिएका छन् । फूलहरू राता, पँहेला र रङ्गीबिरङ्गी छन् । इन्द्रेणी पानीको ऐना हो । पृथ्वीलाई मोहित गर्न इन्द्रेणी बनेर पानी रङ्गमञ्चमा नाटक गरिरहेको छ । सूर्यलाई पछाडि राखेर आफू अगाडि दौडेको हुन्छ इन्द्रेणी । पानीसँग ऋतु जोडिन्छ, सुर्यको स्थिति र अवस्था जोडिन्छ । पानी कतै हाँडीमा भुटेका मकैका फूलझैँ असिना बनेर दुनियाँलाई खुसी दिइरहेको हुन्छ त कतै चट्याङ बनेर भयत्रस्त पारिरहेको । पानीले त अनेक बाधा व्यावधान पार गर्दै स्वाभिमानी भएर डट्न हामीलाई सिकाइरहेको हुन्छ ।

आफ्नो जीविकाका लागि मान्छेहरूले नदी किनार रोजे । ठुला ठुला बस्ती बसाए । नदी किनारदेखि समुद्रको बन्दरगाहसम्म पुगे । ऋषिहरूले तपस्या गरेका र भगवान् प्रकट भएका स्थानहरू पावन धाम बनेर नदी किनारकै समीपमा विराजमान रहे । मथुरा, गया पशुपति, चतरा, रिडी, देवघाटजस्ता पावन भूमी नदी तटमै रहेका छन् । हाम्रा धर्म परम्परा रितिरिवाज सबै नदी तटमै आरम्भ भएर अनादिसम्म चल्ने छन् । विभिन्न जात्रा उत्सव, कुम्भ मेला, पितृ उद्धार, मुक्ति प्राप्त गर्न गरिने जप, ध्यान सबै पानीसँग जोडिएर आउने गर्छन् । ब्रह्म नालमा राख्नेदेखि

मरेको मान्छे जलाउनेसम्म श्राद्धको पिण्ड सेलाएर स्वर्ग पठाउने कार्यसमेत पानीसँग जोडिने हुँदा पानी हाम्रो जिन्दगानी हो । सम्पूर्ण जीवात्माहरू पानीमा निर्भर रहेका हुन्छन् । हाम्रा हिमालहरू पानीमा जरा गाडेर आकास नाघ्न खोजिरहेछन् । हिमालय पर्वतमा विराजमान भगवान् शिव पानीको बर्को ओढेर ध्यानमा बसेका छन् । पृथ्वीमा रहेका सम्पूर्ण वृक्ष वनस्पतीले आफ्नो काण्ड तथा पातमा पानी सञ्चय गरी राखेका हुन्छन् । जब यिनीहरूमा पानीको मात्रा सकिन्छ त्यसपछि यिनीहरू जीवित रहँदैनन् । शुष्क बन्छन्, सड्छन् कुहिएर सकिन्छन् । प्राणीहरूमा पनि शरिरमा पानीको मात्रा सकिएपछि मृत्यु निश्चित छ । सम्पूर्ण चराचर जगत्को आधार भएकोले पानीलाई जीवनदायिनी वा जिन्दगानी मानिन्छ । मानिसहरूले जललाई देवता मानी पूजा गर्ने चलन रहेको छ । मकर नुहाउने, शनी देवलाई जल चढाउने, स्वस्थानी माताको पूजा विधिका साथै उधौली र उँभौली पर्व पनि पानीसँगै जोडिन आउँछन् ।छठ पर्वमा नदी तथा जलाशय सजावट गरी सूर्यको पूजा, आरधाना गर्ने प्रचलन रहेको छ । पानीमा गुजारा गर्नेहरू आफूलाई जल देवताका सन्तान मान्छन् । उनीहरूले नदी वारपार गराउनुका साथै पर्यटकहरूलाई जलयात्रा गराउने व्यावसायमा दक्षता हासिल गरेका छन् । अहिलेको समयमा उनीहरूको रोजीरोटी ठुलठुला पुल र यातायातका साधनले विस्थापित गरिदिएको देखिन्छ ।

विकार हुनु भनेको प्रदूषण हुनु वा क्षय हुनु हो । मानविय कारणले सुन्दर प्रकृति दिन प्रतिदिन कुरूप बन्दै गएको छ । क्षति कुनै दैवी प्रकोपले हुने गर्छ भने कुनै प्राकृतिक प्रकोपले । हालसालै अमेरिका जस्तो शक्तिशाली देश आगालागीको कारण आक्रान्त बनेको छ । अरबौं सम्पत्तिको क्षति भएको छ । त्योभन्दा बढी अबोध पशुपन्छीको क्रन्दन पीडादायी र मन पोल्ने । आगलागीमा चराहरूको चुच्चोले सिन्का बटुलेर जोडेको गुँड क्षणभरमै खरानी भएको छ । कमिला तथा मौरीको कर्मशीलता र कला समुद्रको छालमा बिलाएझैं भएको छ । दुम्सी, खरायो, लोखर्के तथा अन्य विविध प्राणीको भर्भराउँदो वंश सकिएको छ । यही बेला हाइड्रोजन र अक्सिजन मिलाएर पानी बनाउन सकिन्छ भन्ने वैज्ञानिकहरू कृत्रिम वर्षा गराएर किन आगो निभाउन आलटाल गरेका होलान् भनेर दुनियाँले प्रश्न गरिरहेछन् । प्रकृतिलाई राम्रो बनाउन हाम्रो आदतको धुरी मुठार्नुपर्नेछ । आदतमा पानी चुहियो भने वा बाछिटाले हान्यो भने जल जमिन र जङ्गलसँगै मानव र पशुपन्छीको नाता सकिन्छ । नाता सकिएपछि दया, माया प्रेम र सम्मान हराउँछ । पानी जीवन हो यसको प्रयोग हरेक वस्तुले गरिरहेको हुन्छ । मानविय कमजोरीले गोही, डल्फीन, माछालगायतका प्राणीको जीवन यापनमा समस्या उत्पन्न हुन दिनु हुँदैन । नदीलाई गहिरिएर हेर्ने हो भने मानिसले कहिल्यै आँखाबाट आँसु झार्नु पर्दैन । यसले मानिसलाई बाँच्न सिकाइ जीवनको महत्त्व दर्साइदिन्छ । नदीसँग मानव सभ्यताको पुरानो सम्बन्ध रहेको छ । मान्छेले माटो खोस्रेर नदी किनारबाटै पेट भर्न सक्यो र बस्ती

बसाल्यो । मान्छेसँग दर्शनका कैयन् सिर्जनाका अजस्र भण्डार र आधारहरू छन् । पानीसँग मानव सभ्यता जोडिन्छ, हाम्रो संस्कृति जोडिन्छ परम्परा जोडिन्छ, जन्म र मृत्युको सम्बन्ध पानीमै हुन्छ । थलचर, नभचर जलचर सबै पानीमा नै निर्भर छन् । पानी बिनाको सभ्यता कल्पनाभन्दा बाहिरको हुन्छ, निर्जीव जड रौद्रतापूर्ण । निरसबाट रसपूर्ण बनाउन, जीवन सरल गतिले बाँच्न, सधैँ जोगाउनुपर्छ पानी र यसका स्रोतहरू । त्यसपछि मात्र जीवन पानी जस्तै गतिशील बन्दछ । ■

**लिखु गा.पा. -१ ओखलढुङ्गा**

लघुकथा .....



# मृत्यु संस्कार

**मुरारिराज मिश्र**

आज बुबाको मृत्युको तेह्रौँ दिन ।

घरमा आफन्तजन र पाहुनाहरूको निकै जमघट थियो ।

एकातिर पुरोहितहरू धार्मिक कर्म गराइरहेका थिए भने अर्कोतिर क्याटरिङवालाहरू अनेकन परिकार पकाउँदै थिए ।

महँगा पलङ, ओछ्यानलगायत दिवङ्गत पितृका मनपर्ने वस्तुहरू दान गरिएका थिए ।

आगन्तुकहरू, मन खोलेर बुबाको मृत्यु संस्कार गर्ने 'मनकारी' छोरा-बुहारीको प्रशंसा गर्दै थिए ।

धार्मिक र खानपिन कार्य सकियो । दिवङ्गत आत्माको मुक्तिको कामना गर्दै सबै फर्किए ।

बुबाको आत्मा भने, तेह्र दिन अघिसम्म आफू सुतेको चिसो छिँडी, पातलो बिछ्यौना र छोराबुहारीको कर्कस व्यवहार सम्झँदै दान गरिएका महँगा वस्तुहरू र खानाका परिकार जिल्ल परेर नियाल्दै थियो !

■

**उमामहेश्वर मार्ग, कुमारीगाल, काठमाडौँ-७**



# सेरा

वैरागी जेठा

सेराका गीतहरू
तादी गाइरहेछ
पाइला पाइलामा आँसु झारेर
एउटा सुन्दर बाग
मृत्युवरण गरेर
मान्छेका छातीमा
डन्डिबियो खेलिरहेछ
तादी उधि्रन्छ- सुस्तरी सुस्तरी
घामका गाउँहरू निला निला भएका छन्
पीपलका हाँगा लाछिएर
बजि्रएका छन् टाउकाहरूमा
टाउकाले थेग्न सकिरहेको छैन
सेराको परेला उडिरहँदा
चुनसँगै मिसिएको पानी
गोल्फुमा बस्न मान्दैन
वृद्ध सेरा
कम्पन गरिरहेछ, एकनाश
सुने वा सुनेनन्, पढे वा पढेनन्
मान्छेहरूले सेरा ।
मालाकोट उक्लिएका निबन्धहरू
कति दगुरे होलान् ?
आँपका पात डढेर खरानीहरू
बर्रा फेदीतिर छन् कि छैनन्
खोजीको विषय बनेको छ ।
सेराको जीवनीले रगतझैँ उमाल्छ
इतिहासका पानामा भेटिएका
उनका गाथाहरूले
तादीमा डुब्न लगाउँछ
प्रतिरूप भएर सेरा
बगरका ढुङ्गाहरू
सिरु र काँसहरू
अगाडि बढ भनिरहेछन्
सेरा हाम्रो छाला हो
बुझ्दै बुझेन, वर्तमान मान्छेले
बोली फुटाउन, भैरवी उक्लिरहँदा
धोबीखोला, आस गरिरहेथ्यो
एउटा मानिस ।
नसम्झ यो आतङ्ककारी हो
अनेकौं गौंडाहरूबाट सेरा ठोकिन्छ ।
गम्फनका अक्षरहरू
कवाजहरू खेलिरहेछन्
वृद्ध अशोक
श्वास फेर्न नसकेर पिँढीमा लडिरहेछ
हेर्न सक्तैनौ सेरा
पढ्न पनि सक्दैनौ उसलाई
आजका मान्छे ।
मान्छेले ठानेन
हाड मासु हाम्रो सेरा हो
स्थिर छैन तादी
घिस्रिएर मरेको छ सेरा ।■



# एक देउरालीको एकालाप

अतृप्ताचार्य

युगौँअघिदेखि
तिम्रो आस्थाको वनदेवीका रूपमा
निरन्तर पूजिँदै आएको
प्राकृतिक समाजवादको अभियन्ता हुँ म
मेरो आँगनमा नाच्ने चन्चल बतासबाट
तिम्रो पुर्खाले जीवनदायी श्वास पाएका हुन्
मेरो प्रसवण जल गोगन पातमा पिएर
तिम्रो अग्रजले गोर्खाली इतिहास बनाएका हुन् ।

तर आज म
एकलास जङ्गलमा
लत्तिएको सल्लेपिरफैँ भएको छु
लाजका जम्मै पात उदास मूर्तिमा चढाएर
म जस्तै डाँडाँमा निर्वस्त्र उँगिरहेछन्
यी वरपीपल पनि
भोग्नुसम्म भोगिसकेर जहरिलो वर्तमान
सोच्नुसम्म सोचिसकेर सुदूर भविष्य
सबैका सामु लज्जावती झार भएको छु आज ।

ए मान्छे !
तिमीले चेतनशील हुनुको अहम् पालिरहेका छौ
विकासवादी भनाउँन आफूलाई
मनमा दूषित भ्रम साँचिरहेका छौ
तिम्रा आँखा हुस्सुले ढाकिएका छन्

त्यसैले थोरै दूरसम्म पनि हेर्न सकेका छैनौ
तिमी मान्छेले
आफैँ हिँडने पुराना पदमार्गहरू भत्कायौ,
जहाँ तिम्रा पैतालाका डोबहरूले
माटोको सुगन्ध पछ्याउँथे
चौतारो काटेर मुहान सुकायौ
जहाँ देवदूतहरू जलधारा खेल्थे
तिमीले फाली मासेर सियो र
थाली मासेर दियो बनायौ!
मास्ने सिलसिला जारी छ
अझै केही मास्छौ कि !
अब आफैँ मासिन्छौ मान्छे ?

तिमी धुलो छुन सिकसिकायौ र,
पिच सडक बनाउन हतारियौ
डोजरको दाह्राले उधिनेर धरतीलाई
जङ्गली बँदेल बन्ने होडमा चटारियौ
त्यसैले म
निर्जन र निःशब्द बेसहारा बाँचिरहेको छु
हेर, मेरा ती पुराना ढुङ्गेधाराहरू
जहाँ देवताहरू पनि स्नान गर्न आउँथे
महसुस गर, ती सारेगमका धुनहरूलाई
जहाँ रोदी बस्दै सुम्निमा र पारुहाङ झुम्ने गर्थे
जब बाघचाल खेल्न थालियो मेरो छहारीमुनि
तिमी मान्छेको दिमागमा सैतानले राज जमायो
अनि सुरु भयो
विनाश र विखण्डनको अन्त्यहीन सिलसिला ।

जुन शिलामा तिमी पूजा थाली सजाउँथ्यौ
त्यहाँ अहिले प्लास्टिक र सिसाका टुक्रा भेटिन्छ
प्रकृतिको वरदान 'तितेपाती' को बासनालाई
गाडीको पिरो धुवाँले विस्थापित गरेको देखिन्छ
याद राख ए मनुष्य !

अविवेकको जगमा उभिएको भौतिक विकासले
सुख-शान्तिको न्यानोपन कहिल्यै बाँड्न सक्तैन ।

तिम्रै कर्तुतले आज
मनसुनको स्वचालित चक्रीय प्रणाली ध्वस्त छ
साउन सुक्खा छ,
असोज बाढीमा मस्त छ
तिमी आफ्नै कारणले
वातावरणीय समस्याको लिसोमा टाँसिएका छौ
विश्वासघातको बदला
कसरी विश्वास फिर्ता गरोस् प्रकृतिले पनि
त्यसैले प्रकृतिले तिमीलाई
बाढी, पहिरो र अनिकाल उपहारमा पठाउँदै छ ।

म तिम्रै बहुमूल्य सम्पदा देउराली
म मासिएँ भने तिम्रो गन्तव्य सदाको लागि हराउने छ
म रित्तिएँ भने तिम्रो आस्थाको शिखर थरथराउने छ
म त एउटा 'मौन साक्षी' मात्र हुँ,
तर मेरो यो मौनताभित्र
एउटा महाविनाशको पदचाप लुकेको छ
त्यसैले, ए मान्छे !
यो रित्तो र परित्यक्त देउरालीमा उभिएर
अन्तिम पटक तिमीलाई पुकार्दै छु
प्रकृतिसँग जोडिन सिक
फोहोर गर्नुअघि नै दैलो देख्न सिक
नत्र तिम्रो अस्तित्वको उकालो
कुनै देउरालीमा नपुगीकनै बिचैमा टुङ्गिन सक्छ ।

■

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**



# वर्तमानको गीत

युवराज शर्मा

हातमा राहदानी
काँधमा चन्द्र-सूर्य
आँखामा महासागर
गलामा मालाले सज्जित
बलवान् र बलवतीहरूलाई
भविष्य देखाउन
सक्रिय छ विमानस्थल

साक्षीहरूले
नयना नदीमा बाँध बाँध्दै भने-
"सर्वस्व ठानेका, कोपिला उडाउँदा
कसको मुटु फुट्दैन हजुर,
हामी यति भन्न सक्छौँ
सतीको श्राप मात्रै होइन
आँसुका छालबाट
मुक्त नहुने भयो नेपाल"

चौथो अङ्गको प्रश्नमाथि
बलवान् र बलवतीहरूले भने :
आजीवन !
आसन ग्रहणकर्ताको मन्त्रबाट
मातृभूमिले
सिद्धि प्राप्त नगरेपछि
जिउँदै चितापोर्ट जानुभन्दा
एयरपोर्टको उडान भऱ्यौ

तपाईंमार्फत थाहा होस्-
जो जससँग सम्बन्धित छ
हामीसँगै उडेका छन्
जनताका आस
युवाका सपना
देशको भविष्य
मातापितासहित मातृभूमिको माया

अन्तर्राष्ट्रिय ब्यानर न्युजमा आयो-
बुद्धको देशमा
जिम्मेवारी भनेकै प्रतीक्षा हो
सत्ता र प्रतिपक्षको,
कर्णधारहरू
क्षितिजभित्र बन्छन्
सत्ताको भऱ्याङ
सीमापार बन्छन् समृद्धिको मेरुदण्ड

इतिहास भन्छ
वीरका सन्तानको रगतले
दुनियाँ मुक्त स्वतन्त्र भयो
विडम्बना !
वीरकै देश
निरन्तर लत्रिरह्यो कृष्णपक्षमा

अक्टोबर एकमा
विश्व सभाबाट
डाँडाका जुनहरूले उद्घोष गरे :
“नानी बाबुहरू,
हामीलाई मुखाग्नि, दिनुभन्दा पहिले
डढेलोबाट, बचाउन देश
तिमीले
वर्तमानमै बाल्नुपर्छ
समृद्धिको दियो । ■

**आबद्धता : नेपाल विद्युत् प्राधिकरण**



# हिजो र आजको गाउँघर

राजनप्रसाद कोइराला

पूर्वी पहाड गाउँतिरको बीस-एक्काइस वर्षको नवजवान काम खोज्न निक्लेको ठिटो उसको उमेरहदले कामबाट बिदाइ भई उसकै जन्मभूमि घर फर्केको छ । इ.सं. १९७० को दशक अर्थात् वि.सं. २०४४/०४५ साल ताकाको उसको गाउँ र हालको गाउँको धेरै भौगोलिक, र समाजिक, रहनसहन परिवर्तन भएछ । त्यस समयको एउटा ठिटो वेला वेलामा गाउँघर जाने पनि गरेको थियो । वर्षको एक पटक वा छ महिनामा एक पटक जस्तो जन्मस्थान फर्कन्थ्यो । त्यति वेला र अहिलेमा धेरै भिन्नता रहेछ भन्ने कुरा उमेरको गणनाले कामबाट बिदाइ भई केही हप्ता वसेर गाउँ घर डुल्दा पो आमूल परिवर्तन भएछ भनि झल्याँस्स हुन्छ ।

उति वेला मध्यजवानीमा एस.एल.सी. पास भएपछि जागिरको लागि पश्चिम पहाडतर्फ हान्नियो । गाउँघरमा उसका पिता र सोसरह तथा सोभन्दा माथिल्लो उमेर समूहका मानिसहरूसमेत जीवित रहेका थिए । उनीहरू घर आँगनमा लौरो टेक्दै आफ्नो बाल्यकाल जवानी र उनीहरूका जीवनमा भोगेका कुरा छोरानातिहरूलाई भन्दै अर्ती दिँदै थिए ।

बुढाहरू भन्दै थिए । हाम्रा पालामा बाटाघाटा थिएनन् । हामीहरू धान लिएर बेच्न साँखु बजार पुग्दथ्यौं र बेलुकी वास बस्न गाउँमै पुग्दथ्यौं । धान चामल नबेची पैसा हात पर्दैनथ्यो । उनीहरूले भोग्ने पीडा अर्कै थियो । त्यति वेला पैसा हात पर्न केही जिन्सी सामान बेच्नै पर्दथ्यो । कपडा किन्न भने भक्तपुर पुग्नुपर्दथ्यो । ढिकी जाँतो, खेतवारी जोत्नु, खनखान गर्नु र एक हल गोरु आफूले पाल्न नसकेर छिमेकीले उसको आफ्नो काम सकेपछि दिएको, केही समय खाना खान अन्न नभएकाले पैँचो गर्नुपरेको आदि-इत्यादि भनेर आफू र अरूलाई सुनाइरहेको हुन्थे । घर खरले छाएको, ढुङ्गाले छाउन खर्च नभएको, पर्म लगाउँदा पनि ज्यालामा काम गर्नु लगाउनुपरेको पुरुषहरूका गुनासाहरू थिए भने महिलाका गुनासाहरूमा, पँधेरामा पानी लिन पालो बस्नुपरेको, सासूहरूले खानपिनमा वास्ता नगरेको बुहारीहरू अलि बढी बोल्ने गरेका जस्ता कुराहरू सासू-बुहारीहरूको

हुने थियो भने देउरानी जेठानीबिच लवाइखवाइ बारेको कानेखुसी चल्दथ्यो । सरकारी जागिर खाने र खान सक्ने अवसर अलि कमै भएकोले कोही कोही युवाहरू स्कुलहरूमा पढाउने गर्दथे । त्यति वेला प्रत्येक घर घरमा गाई, भैँसी पालन नै पशुपालनको मुख्य व्यवसाय रहेको थियो । बाख्रापालन अनि जातअनुसार कुखुरा, बङ्गुर, सुँगुर, हाँस पालन गर्दथे ।

गाउँघरमा प्रमुख खाद्यान्नमा आफ्नै खेतबारीमा उब्जिएको अन्नहरू धान मकै गहुँ मुख्य थिए । धान कुट्ने कार्य ढिकीमा कुट्दथे । खोला नजिक घर हुनेहरूले घट्ट थापेर चलाउँदथे । घट्टहरूमा पालो कुरेर मकै पिध्न पर्खनु पर्दथ्यो । खास गरी गहुँ, मकै चाहिँ धेरै मात्रामा पिध्नुपरेमा घट्टमा पुग्नुपर्दथ्यो तर थोरै पिँध्नु परेमा चाहिँ घरमै जाँतोमा पिध्ने गर्दथे । दसैँ-तिहार जस्ता ठुला चाडबाडहरू आउनासाथ गाउँमा ढिकी कुट्नेहरूको भीड बढ्दथ्यो र ढिकी कुटेको आवाज परैबाट सुनिने गर्दथ्यो । दसैँ तिहारको लागि चिउरा कुट्नेको भीड बढ्दथ्यो । सुख दुःख बाँड्नेहरू र उनीहरूका कुरा सुन्नेहरू पनि प्रशस्तै पाइन्थे । त्यति वेला गाउँमा बस्नेहरूको उद्देश्य ठुलो थिएन । मात्र वर्षभरि खान पुगोस् र बिहावारी गर्दा दुलाहा-दुलहीलाई केही गरगहना किन्ने खर्च तथा छिमेकीहरूलाई र बेहुला लिएर आउने जन्तीहरूलाई बारीको पाटामा राखेर भतेर (खाना) खुवाउन सकियोस् । सांस्कृतिक रूपमा व्रत, पूजाआजा लगाउन सकियोस् । अनि अर्काको खान नपरोस् पाप लाग्छ र अर्को जुनीमा तिर्नुपर्दछ भन्ने सोचाइ पाइन्थ्यो ।

आमा-बुवा, देवर-देउरानी, दाजु-भाउजू, भाइ-बुहारीको एकआपसमा श्रद्धा धेरै हुने थियो । त्यति वेलाका केटी मानिसहरू खास गरी छोरी-बुहारीहरूले मान्नुपर्ने व्यक्तिसँग निहुरिएर बोल्नुपर्ने हुन्थ्यो । अन्यथा गाउँघरमा कुरा काट्नेहरू धेरै हुन्थे । त्यसैले व्रतबन्ध र विवाह अलि सानै उमेरमै गरिदिन्थे । त्यति वेला मुलुकी ऐन त देशमा लागु गरिएको थियो । त्यस्तै पछि सामाजिक सुधार ऐन पनि जारी भयो । तर ती ऐनहरू गाउँका कुनामा पुग्ने र कार्यान्वयन हुने कुरा थिएन । त्यसैले बालविवाहसमेत हुने गर्दथ्यो । केटी मान्छेको भाग्य भरोसा भनेको कस्तो घरमा पर्छे त्यही कुल र घर नै उसको आधार हुने गर्दथ्यो । केटीहरू अर्थात् छोरी मानिसले पढ्नु अनिवार्य थिएन । केटाहरूमा पनि इच्छा हुने र सक्नेले प्राथमिक विद्यालयमा पढ्न पठाउँदथे । गाउँमा मान्नुपर्नेलाई नमानेमा वा जिस्किएको थाहा पाएमा गाउँको भद्रभलादमीबाट सामाजिक अनुशासनको कारबाही हुन्थ्यो । केही जोडी त गाउँघर निकालासमेत पर्दथे । तर ती जोडी कहाँ जान्थे भरखरका नवजवानहरूलाई त थाहा हुने कुरा भएन । सायद काठमाडौँ उपत्यकामा सम्बन्ध ढाँटेर डेरा बस्ने वा रापती नदी तर्छन् भन्ने त उखान त्यति वेला नै प्रचलित थियो । यद्यपि गाउँघर जन्मस्थलो अर्थात् थातथलो नछोड्नेहरूले देखेको वा

अनुमान गरेर भनेको हुनुपर्दछ। गाउँका भलादमीहरूको आदेश नै ठुलो अर्ती हुन्थ्यो। गाउँ घरमा सानोतिनो कुरामा गाउँका भलादमीहरूले भनेको कुरामा नाइनास्ती हुन्नथ्यो। गल्ती गर्नेहरूको मनमा अन्याय भएको महसुस भएमा फलानोले मेरो पक्ष लिएन। गुनासो त्यति मात्र हुन्थ्यो। तर गाउँभरि सामाजिक रीतिरिवाज राम्रै गरी चलेको थियो। गाउँघरका सानातिना मुद्दा गाउँलेहरूले नै मिलाउँदथे। त्यति वेलाको साँधसिमानाको मिच्ने मुद्दा, अनि चौपायाहरू कुटे वा घाइते बनाएमा समेत गाउँघरमा झगडा हुने गर्दथ्यो। त्यो बाहेक ससाना मुद्दाहरू गाउँमा नै छिनिन्थ्यो। त्यो अड्डा अदालत तिर जादैनथ्यो।

धेरै गाउँका मानिसहरू खेती किसानीले जीविका चलाउने हुनाले जेठ आषाढमा चाहिँ धेरैको समय खेतमै बित्दथ्यो। बारीमा पनि मकै कोदो हुने भएकोले समयअनुसार खेतबारीमा काम गर्दथे। खेतबारीमा काम गर्ने र पशुपालन गर्ने भएकोले फुर्सद हुन्न थियो। बर्सातको समयमा खेतमा रोपाई गर्दा कसैले बेठी लगाउने गर्दथे। बेठी भन्नाले पन्चैबाजा बजाई नाच्दै रोपाइ गर्दथे। बेठी नलगाउनेहरू पनि खेत रोपाइ गर्दा काँठे दोहरी गीत गाउने गर्दथे। बिहान बेलुकी खेतबारीमा काम गर्दा उनीहरूले घरमा हुर्कंदै गरेका केटाकेटीहरूको लालनपालनमा भने त्यति धेरै ध्यान दिन पुऱ्याउन भ्याउँदैनथे। तर पनि आमाहरूले समय मिलाएर बच्चा हुर्काउने कार्य भने गर्दथे। त्यति वेला गाउँमा एन्टिबायोटिक जस्ता एलोपेथिक औषधि नभएकोले जडीबुटीबाट नै रोग निको पार्न हरदम लाग्दथे। कोही बिरामी परेमा गाउँभरिकै मानिसहरूमा हल्लाखल्ला हुन्थ्यो। खास गरी मनका कुरा धक फुकाएर छिमेकी वा अरूलाई भन्नु नै मन हलुका बनाउने गर्दथे।

गाउँका मानिसहरूका पुर्खाहरूले गाउँ वरपर सार्वजनिक स्थानहरूमा वर र पिपल ठाउँ ठाउँमा रोपिदिएकाले गर्दा दिउँसो घाम चर्किएको वेलामा रुखमुनिको चौतारोमा शीतल ताप्न बस्न धेरै आनन्द मान्दथे। अलि उमेर पाका भएकाहरू र खेतीपाती गर्न नसक्ने वा वृद्धहरू वरपिपलमा बनाइएको चौतारोमा बसेर रामायण महाभारतका कथा भाका हालेर गाउँदथे। त्यसैले मनका बिमारी भने कमै थिए। त्यति वेलासम्म बिरामी शारीरिक रूपमा मात्र हुन्छ भन्ने सोचाइ हुने भएकोले आयुर्वेदले के भन्छ भन्ने थियो र आयुर्वेदअनुसारका झारपात जडीबुटी चिन्ने मानिसलाई सबै गाउँकाले मान्दथे।

कतिपय गाउँहरूमा त वरपिपल रुख नजिकै ठुलो पोखरी खनेर राखिदिएकोले बर्सातको पानी जम्मा हुनाले हिउँदमा भैँसीलाई पोखरीमा पठाइदिन्थे। त्यस्तै गाई बाख्रा चराउन चउरहरूको व्यवस्था भएकोले गाई बाख्रा खाली पखेरामा छोडेर गोठालाहरू रुखको छहारीमा शीतल ताप्दथे। खास गरी गोठालाहरू गाउँघरका

केटाकेटीहरू पर्दथे । स्कुल पढ्नेहरू भने स्कुल बिदाका दिन गोठालो जाने गर्दथे ।

त्यति वेलाका गाउमा बस्नेहरूको हातमा घडी बाँध्ने चलन थिएन । त्यसैले त समय हेर्न राति बिउँझेपछि आकाशको शुक्रतारा कतापट्टि गयो सोअनुसार उज्यालो हुने समय छुट्याउँथे । उज्यालो भइसकेपछि समय ठम्याउन घरको पालीमा घामको छायाँ कता पुगेछ त्यो नै समय गणनाको सार थियो । बेलुकी सूर्यास्त हुने वेलामा घाम डाँडामाथि पुगेछन् भनी सन्ध्याकालीन अवस्थाको अनुमान हुन्थ्यो ।

सन्तानहरूले डाँडाकाँडा ढाकुन् भन्ने दसैँमा आशिष् नै दिने चलन रहेको थियो । त्यस्तै गरी वल्लो गाउँ पल्लो गाउँलेबिच बिहाबारी जात मिलाएर गर्ने चलन र बिहेबारीमा पन्चैबाजा बजाउने चलन थियो । सामान्य त बिहा नै तीन दिनको हुने गर्दथ्यो । रातिको विवाहमा श्लोक भन्ने र खाँडो जगाउने चलन थियो । ब्यान्डबाजाको चलन त्यति थिएन । बिहावारीमा जात व्यवस्था कट्टरता थियो । राजनीतिक रूपमा वल्लो गाउँ र पल्लो गाउँको कुरा मात्र थाहा हुन्थ्यो । नेपालको खबर थाहा पाउनु परेमा गाउँघरमा एउटा रेडियोसम्म हुन्थ्यो । काडमाडौँ आउने जानेहरूले भनेको कुरा र चिठीपत्र नै सूचनाको स्रोत थिए । तथापि ठुलाबडाहरूले भनेको कुरा नै सर्वसाधारणका लागि सूचना थियो । काठमाडौँ जान नै नेपाल जाने भनिन्थ्यो । नेपालबाट फर्केपछि कसैले पूजाआजा गरी केही पैसा कमाएर लगेमा गाउँकै ब्राह्मण बोलाएर गौदान गरेपछि मात्र उसले कमाएको पैसा र अन्य सरसामान वैद्यता हुन्थ्यो ।

जातिप्रथाले गर्दा दलित जातिहरूलाई भने अन्याय हुन्थ्यो । तर पनि दलितहरू पूर्व जन्मको कर्मका रूपमा सहजै लिन्थे र उपल्लो भनिनेहरूलाई मालिक, जदौ जस्ता शब्द प्रयोग गरी सम्मानै गर्दथे । धेरै मानिसहरूमा गाउँघरभित्र हुने गरेका क्रियाकलापका बारेमा अन्य स्थानमा त्यति प्रचार गर्दैनथे । खास गरी त्यति वेला पनि कालीघरे प्रथा प्रचलित थियो । वर्षभरिमा केही अन्न दिए बापत दमाई जातिले लुगा सिइदिनुपर्ने र खेतीपाती गर्न हँसिया, कोदालो, कोदाली अर्जाप्ने काम चाहिँ अर्थात् विश्वकर्माले गर्न मञ्जुरी गर्दथे । त्यसलाई नै बालीघरे प्रथा पनि भनिन्छ ।

त्यति वेलाका मानिसलाई भविष्यको बारेमा चिन्ता पनि नहुने होइन । त्यसैले त गाउँकै ज्योतिष विद्या पढेकाहरूकहाँ सरसल्लाह गर्न केही रुपैयाँ पैसा र केही चामल बोकेर पुग्दथे । अनि बिरामी भएमा धामीझाँक्री र वैद्यको भर बढी थियो । डाक्टरी औषधी भने त्यति पहुँच सर्वसाधारणमा थिएन । देवीदेवता भूतप्रेतले दुःख दिएको भनी बिरामी निको हुन समय कुर्दथे । त्यति वेलाका गाउँघरतिर भगवान् भनेकै पाञ्चायण दैनिक नित्यपूजा गर्ने देवता हुन । अनि वरिपरिका देवी,

देवता र सबैभन्दाको ठुला देवता भनेका नेपाल खाल्डाका पशुपतिनाथ हुन् । त्योभन्दा पनि टाढाका भगवान् भनेका भारतका सहरमा रहेका काशी, गया र चारधाम नै जीवनका सबैभन्दा उपल्ला कर्म थिए । चार धाम गएपछि आफू मात्रै खुसी नभएर पिता पुर्खाको उद्धार पनि हुने मान्यता बोकेको अवस्था थियो ।

समय फेरिएको छ । गाउँबाट जागिर खान हिजो मात्र निक्लेको जस्तो लाग्ने नवजवान अब कामबाट अवकाश भएको छ । ऊ गाउँमा पितापुर्खाले आर्जेको खेतबारी जान्छ अनि गाउँघरतिर जान्छ । हिजो जस्तो लाग्दछ उसले मान्नुपर्ने हजुरबुबा हजुरआमा उमेरका मानिसहरू अब उसका अगाडि छैनन् । पिताहरूसमेत परलोकतिर गैसके । ऊसँगै पढ्ने उसका दौँतरीहरू त दाह्रीजुँगा र केश फुलेका रहेछन । उनीहरूका पनि नाति-पनातिका बारेमा कुरा पो गर्दै रहेछन् । त्यो नवआगन्तुकलाई नाति पुस्ताले चिन्ने कुरा भएन । अनि उसले फलानो मेरा साथी भनेपछि उनीहरूका बुवा, हजुरबुबा पो उसका साथीहरूको नाता पर्न पुग्छन । तर उसले त्यति वेला आदर गर्ने गोडा ढोग्ने, नमस्कार गर्ने, नमस्ते भन्ने चलन हराएछ । ऊ साठी वर्ष सोसरहको अनुहारलाई सन्चो बिसन्चो सोध्ने चलन नै हराएछ ।

ऊ जन्म गाउँमा पुग्छ । पहिले पहिले ऊ हिँड्ने साना साना गाउँका बाटाघाटा ठुला र फराकिला भएछन । उस्ले पढ्ने सानो स्कुल पनि ठुलो भवनमा परिणत भएछ । गाउँमा शीतलताका लागि पुर्खाले रोपेका वर र पिपलका रुखहरू अब देख्न नपाइने भएछ । किनकि विकासका नाममा ती रुखहरू फराकिलो बाटो बनाउँदा नासिएछन् । गाउँमा पिपलको रुखमा जल चढाउनसमेत नपाइने भएछ । गाउँमा बिजुली पुगेछ । ऊ र उसका दौँतरी पढ्नका लागि टुकी बत्तीको सहायतामा पढ्दथ्यो । तर अब त बिजुलीबत्ती घर घरमा पुगेछ । त्यति वेला बिजुलीबत्ती भनेको उस्कै गाउँबाट देखिने काभ्रेपलाञ्चोकमा पर्ने नगरकोटको भँगेरी दरबारमा जुनकीरी जस्तो देखिने केही घरहरूको बिजुली बत्ती झलमल्ल बलेको देख्दथ्यो । अब त्यो नगरकोटको दरबारको बत्ती त उसकै गाउँमै सरेछ । गाउँघरहरूमा नै रात परेपछि झिलिमिली बत्ती बल्न थालेछन् । गाउँघर पनि पातला भएछन् । विकास त पुगेछ तर मानिसहरू अन्यत्र नै सरेछन् । उसका सहपाठीहरू त सेतै फुलेका बुढाबुढीका रूपमा देखिन पुग्छन् । उनीहरूका सन्तानहरू काठमाडौँ सहरतिर कमाउन गएका वा बसाइँ सरेका भन्न थालेछन् । उसका उमेरका दौतरीहरूका पितामाताको पालाको जस्तो लाहुरी भैँसी गोठमा रहेनछन् । कोही कोहीले गाई र स्थानीय जातका भैँसी पालेका रहेछन् । अनि मोही पारेको छ खाएर जाऊ है बाबु भन्ने चलन पनि हराएछ । ऊ केटाकेटी हुँदा फलाना कहाँ गाई-भैँसी दुहुना छैनन् खाना खाने वेलामा मोही लगेर देओ भन्ने

बुबा हजुरबुबासँगै त्यो चलन पनि हराएछ । अहिले त गाई-भैँसी चराउने चउरमा बस र गाडी राख्ने बस स्टप भएछ । अनि बसस्टपसँगै दुध किन्ने बेच्ने पसल भएछ । गाउँ छोडेर जागीर खोज्न हिँड्ने नवजवान केटाकेटी नै हुदा दुध बेच्नु हुन्न भन्ने चलन सुनेको थियो तर त्यो चलन पनि हराएछ । अब त फलानाको घरमा कहाँ खिर पकाउने, कुराउनी बनाउने रे एक छाकको दुध लगि देउ त भन्ने उसका हजुरआमाहरू परलोक भए सँगै सित्तै दुध पुऱ्याउने त्यो पुरानो चलन पनि हराएछ । अहिले त घरमा खिर खानुपरे डेरीबाट दुध किनेर ल्याउने चलन आएछ ।

उसको गाउँ अब नयाँ भएछ । पहिले हुने मागीविवाह बन्द भएछ । केटा केटी मिलेर माया पिरतीका भाखा पाखापखेरामा गुञ्जने होइन अब त मोबाइलमा १३/ १४ वर्षदेखि नै मायापिरती गाँस्न सुरु गर्ने तर मन नपरे अर्कैसँग विवाह गर्ने चलन आएछ । गाउँका तील चामल कपाल भएका दौँतरीहरू भन्दै थिए धेरै भयो रे पन्चैबाजा त्यहाँ बज्दैन रे । अहिले त बारीका पाटामा भतेर पाक्दैन रे । अब त "सालको पात टपरी गाँसेर" भन्ने गीत पनि सुन्न छोडेको धेरै भयो रे । पहिलेको जस्तो फलानाको छोराछोरीको विवाह छ "पात टिप्न जाउँ है वन" तिर भन्ने पनि चलन हराएछ । अब त पुलाउ बनाउने रे अनि कागतको प्लेटमा खाने र छोड्ने चलन आयो रे । गाउँघरमा बेलुकीपख चाडबाडमा गाइने गीत र दोहोरी हराएछ । दोहरी गाउनेहरू त अब सहरतिर दोहोरी साँझ चलाउन गएरे । दोहोरी साँझबाट नै उनीहरूको रोजगारी भएको छ रे । पहिले पहिलेका दोहरी गीतको भाखा टिप्न गाउँ गाउँ चहार्ने कुमार बस्नेत जस्ता लोकगायकहरू गाउँतिर जाँदैनन् रे । अहिलेका दोहोरी गायकहरू र रचनाकारहरू त सहरकै कोठामा बसेर गीत रचना गर्ने र भाखा बनाउँछन् रे । पाखापखेरा र लोकभाखा टिप्न जानेहरूको सङ्ख्या धेरै घटेछन् रे ।

अब त बाहुनहरूले खाना खाने वेलामा धोती पटुका फेर्ने र महिलाले भान्छामा बस्दा चोली फुकालेर खाने चलन पनि हराएछ । आफू अनुकूलको अवस्थामा खाना खान चुलामा बस्दा भएछ । बिहान धारा र कुवा नजिकै बसेर जनै समातेर गायत्री जप्ने ब्राह्मण पनि घर नजिकै गएर चिया सुर्क्याउने भएछ । राति अबेलासम्म बस्नु र हिँड्नु हुन्न भन्ने उपदेश दिने काकाहरू बितेसँगै जो जति वेला पनि गाउँमा हिँड्न पाउने भएछ । उसका गाउँमा केही रुपियाँ पैसा र केही चामल लिएर ग्रहदशा हेरिदिने ब्राह्मणको छोरा-नातिहरू त सहरमा बसेर धेरै पैसा लिएर चिना हेर्ने ज्योतिषहरू भएछन रे । उनीहरूले त चिना हेरेकै भरमा सहरमा ठुलो व्यवसायहरू नै गरेका छन् रे भन्ने सुनियो । सहरहरूमा विशेषज्ञ डाक्टरकहाँ बिरामी हुन्नन् रे तर त्यो ज्योतिषकहाँ जाँदा त समय लिनुपर्छ रे । गाउँमा बसोवास गरेका समकक्षीहरूले सेतै फुलेको दह्री सुमसुम्याउँदै भने ।

अनि पहिले पहिले रुद्री, चण्डी पाठ, केही पैसा र चामलमै गरिदिने ब्राह्मणहरूका सन्तान सहरहरूतिर पसेपछि टन्नै पैसा र चामल लिएर रुद्री र चण्डीपाठ गरिदिन्छन रे। त्यसैले त उनीहरूसँग सहरभरि समस्यामा परेका अध्यात्मवादीहरू खुब खुसी छन् रे । अहिले त सहरमा ठुलो ज्योतिष र पण्डित हुन कुनै प्रमाणपत्र चाहिँदैन रे अनि लामो टुप्पी पाल्न र साकाहारी पनि हुनु पर्दैन रे । बस मिठो बोलेर बाहुनको छोरा हुँ भने पुग्छ रे। ज्योतिष वा हवन गर्नेले जजमानले सोचेको नमिलेमा त्यो ज्योतिषशास्त्रमै त्यही भनेको छ भनी पन्छिदिए पुग्दछ रे । उसलाई दिएको दान र भेटीबारे प्रश्न उठाउन कसैले सक्दैन रे किनकि ती सब खाद्यान्न द्रव्य परमात्माको लागि अर्पण भइसक्यो भनेपछि खेलै खत्तम हुन्छ रे भन्ने पनि उसले गाउँमा बसिरहेकाहरू बाटै सुन्यो ।

अहिले उसको गाउँघर भए तिर साँझ बिहान हिँड्न हुन्छ रे। त्यो भूत लाग्छ भन्ने पिता/हजुर बुबाहरू स्वर्गीय भएसँगै अब त साँझ बिहान पनि हिँड्न थालेछन् । अब त ब्राह्मणका सन्तानहरूलाई जाँड रक्सी पिउन हुन्न भनी अर्ती दिने पिताहरू बिते सँगै उसकै गाउँ नजिकै सधैँ रक्सी बनाउने साइँला तामाङ दाइ र माइला दमाई दाइ र ब्रह्माण/क्षेत्रीको छोराहरू पनि सँगै बसेर जाँडरक्सी पिउन बस्छन् रे। त्यसैले त अब हिजो जस्तो अन्धविश्वास छैन रे किनकि बाहुनको छोरा र तामाङ, दमाई दाइसँगै बसेर मादक पदार्थ खाएपछि अब त समानता भयो रे। जातजाति प्रथा पनि अन्त्य भयो रे।

अहिले पहिले पहिलेको जस्तो रोजगारीको लागि भारतका विभिन्न सहरहरूमा मात्र युवाहरू जान्नन् रे । अहिले त छोराहरू मात्र होइन छोरी, बुहारीहरू पनि जेट प्लेन चढेर जापान, कतार, मलेसिया, अस्ट्रेलिया, अमेरिका, बेलायततिर पो जान्छन् रे । अनि कतिपयका छोराछोरीहरू त उतै घरजमसमेत गरेका छन् रे । पहिले पहिले ऊभन्दा पाका उमेरकाहरूले भन्ने गरेको विदेशतिरको किस्सा आज उसका साथीहरूले सुन्दै आएका छन् रे । पहिले ऊ स्कुल पढ्दा खैरेका देशहरूतिर त बाबुआमाहरूलाई छोराछोरीहरूले एक कल फोन गरेर के सन्चै हुनुहुन्छ भन्दा पनि धेरै खुसी हुन्छन् भन्ने सुनेको थियो। त्यहाँ त आफ्नै बाबुआमा, हजुरबा हजुरआमा पनि छोरा छोरीहरूले पाल्दैनन् रे भन्ने सुनेको थियो।

आज ऊ गाउँमा पुग्दा कोही हुर्केबढेका छोरा बुहारी, छोरी, युवायुवती गाउँघरतिर नभएका र कोही सात समुद्र पार गरिसकेको समकक्षीका जोडीहरू भन्दै जान्छन् र आफ्नो जीवन चलाउन लागि कोही घरको तला थप्दै गरेका देखिन्छन् त कोही वस्तुभाउलाई घाँस पराल गर्दै गरेको देखिन्छन् । छोराछोरी सँगै नभएको अवस्थामा तील चामल उमेरका बाबुआमाहरू आफै काममा खटिनु र उनीहरूका सन्तान साथ नहुनु आधुनिकताको परिणाम त हैन ? वा गोराहरूको

देशको हावापानीले नेपाली गाउँघरको समाजलाई पनि छोएको त हैन भन्दै ऊ झसङ्ग हुन्छ ।

हिजो जस्तो गाउँको झगडा मिलाइदिने जेठो बाउ बितेपछि अब गाउँमा कोही कसैसँग बोल्न र सम्बन्ध गाँस्न चाहँदैनन् रे । अब त गाउँमा पनि त आधुनिकता भित्रिएछ । त्यसैले ससाना स्कुलको साथमा धेरै ठुला स्कुल भवन बनेछन् । हिजो लागुभागु भनेर मन्छिने धामी बितेपछि अब त टाढाबाट डाक्टर र नर्सको टिम आएर गाउँ नजिकै अस्पतालमा बसेका छन् रे । अब अन्धविश्वास छैन रे । अब त कसैले कसैलाई केही कुरा वल्लोघर पल्लोघर पुगेर सोध्नै पर्दैन रे किनकि सल्लाह गर्न र आगो लिन जानु पर्दैन रे । गाउँ गाउँमा मानिसहरूको बसाइसराईपछि खेतीबारी बाँझै छन् अनि बाँकी बसेर खेतीपाती गर्नेहरूले पनि आफ्नो खेतबारीको अन्न बेचबिखन गर्ने र पसलमा भएको चामल दाल किनेर खाने चलन आयो रे ।

अब त “यो रेडियो नेपाल हो” भन्ने रेडियो सुन्न गाउँमध्येको अलि हुनेखाने कहाँ जानैपर्दैन रे किनकि पल्लाघरको साथीको छोरा/छोरीहरूले विदेशबाट पठाएको स्मार्ट मोबाइल फोनले समाचार भन्छ रे, त्यसमा टी.भी. पनि हेर्न मिल्छ रे । अनि च्याट गरेर प्रश्न सोधेपछि स्मार्ट फोनले नै पल्लो घरमा कति मान्छे बस्छन् र के हुँदै छ भनेर उस्ले नै भन्छ रे । अनि पहिले जस्तो पचास साठी घर चहारेपछि मात्र निचोडमा मिल्ने सल्लाह लिन किन गाउँ डुल्नुपर्‍यो ? सल्लाहका लागि छिमेकीहरूको पल्लो घरमा पनि जानै पर्दैन रे । अनि भएन त परिवर्तन ?

कुनै समयको लक्का जवान अहिलेको ज्येष्ठ सदस्यले पहिलेको सामाजिक परम्परा र हालको समाजिक परम्परा सबै कुरा देख्छ सुन्छ अनि जिल्ल पर्छ । यो पनि त कसैका लागि कथा नै त हो भन्ने सोच्छ र खुइय गर्दै विगत सम्झन्छ यस्तो परिवर्तन यस गाउँमा मात्र नभएर नेपालभरिका गाउँहरूमा नै भएको होलान् हगि भन्दै गम खान्छ । बाल्यकालमा पिएको स्वच्छ मूलको पानी पिउन धारातिर जान खोज्छ तर त्यसै बखत कसैले उसलाई मूल त सुकिसक्यो भन्ने जवाफ उसले पाउँछ अनि त्यहाँबाट अलि परको पाइपमार्फत ल्याइएको धाराको पानी तनतन पिउँछ । अनि ऊ मनमा कुरा खेलाउँदै यी सबै परिवर्तन देख्ने र लेख्ने पनि पनि त यी सबै कुरा थाहा नहुनेका लागि त कथा नै त हो नि भन्दै गन्तव्यतर्फ लाग्दछ ।

■



# कृपया, मुटु आफैँसँग राख्ने गरौँ

सी.जी. निर्मलश्री

एउटा कथा छ-

कुनै एक समयमा एउटा तलाउमा बस्ने गोही र तलाउको डीलैमा भएको रुखमा एउटा बाँदर बस्ने गर्थे। बाँदर पानी खान आउने जाने क्रममा तलाउमै बस्ने गोहीसँग उसको मित्रता बढेको रहेछ। मित्रता यतिसम्म गहिरिएछ कि दुवैले एकअर्कालाई मित भनेर सम्बोधन गर्दा रहेछन्। बाँदरले आफू बस्ने जामुनको रुखबाट आफूले फल खाने र नजिकै तलाउमा भएको आफ्नो मित गोहीलाई समेत पाकेको जामुन खसालिदिँदो रहेछ। गोहीले समेत आफूले त्यो फल खाने र बचेको जामुन आफ्नी गोहिनीलाई लगेर दिँदो रहेछ।

त्यति मिठो जामुनको फल खान पाएर गोहिनी पनि खुसी हुने रहिछ। एक दिन पटक-पटक जामुन खाइरहेर वाक्क लागेको आफ्नो जिब्रोलाई नयाँ स्वाद लिनका लागि गोहिनीले गोहीलाई भनिछ -"तपाईंको मितले हामीलाई मिठो जामुनको फल धेरै खुवाइसके। तलाउ नजिकैको रुखमा यति मिठो जामुन फल्ने रहेछ। त्यो जामुन खाई खाई तपाईंको मित बाँदरको मुटु कति मिठो भएको होला। त्यसैले एकदिन तपाईंले आफ्नो मितलाई यहाँ लिएर आउनुस् र हामी दुवै मिलेर तपाईंको मितको मुटु खाऊँ न।"

गोहीनीको कुरा सुनेर गोहीले विरोध गर्छ- "यो कुरो हुन सक्दैन। वर्षौंदेखिको मितेरी सम्बन्धमा बाधा पुऱ्याउने काम आफूबाट हुन सक्दैन" भनेर। मित्रतामा गहिरो आँच आउने, सम्बन्धलाई बिगार्ने काम हुन्न भनेपनि गोहीनीको मनमा बाँदरको मुटु खाने भनेर जिद्धी भैसकेपछि गोहीले जति विरोध गरेपनि के गर्न सक्थ्यो र ? महिला जातिको लिँडेढिपीलाई उसले कसैगरी पनि सम्झाउन सकेन र आखिरमा आफूले बाँदरलाई मित भएको कारणले मार्न नसक्ने तर कुनै उपाय भए भन्नु भनेर गोहिनीलाई भन्छ।

गोहिनीले पनि अनेक सम्झाइबुझाइ गरेर उपाय दिएपछि भोलि आफूसँगै आफ्नो मित बाँदरलाई सँगै लिएर आउने बाचा आफ्नी पत्नी गोहिनीलाई दिएर

गोहीले खुसी बनाउँछ ।

नियमित क्रममा झैँ गोही आफ्नो मितलाई भेट्न तलाउको डिलमा आउँछ । माथि रुखबाट बाँदरले हिजो अस्तिकै जस्तै गरी रुख हल्लाई हल्लाई आफूले समेत जामुन खाँदै तल डिलमा बसेको आफ्नो मित गोहीलाई समेत खसालिदिन्छ । तर तल डिलमा बसेको उसको मित गोहीले हिजो अस्तिको जस्तै गरेर जामुन नखाई झोक्रिएर बसेको देखेपछि बाँदरले गोहीलाई सोध्न पुग्छ- "मितज्यू, तपाईलाई के भयो ? किन फल नखाएर झोक्रिएर बसेको ?" गोहीले जवाफ फर्काउँछ - "खै मितज्यू, तपाईंले मात्रै कति मिठो मिठो फल खुवाउनु हुन्छ । हामीले त केही खुवाउन सकेको छैनौँ । आज हामीले तपाईंलाई भोज खुवाउने भनेर जसरी पनि तपाईंलाई लिएर आउनु भनेर मेरी गोहिनीले भनेकी छे ? तपाईं जानुहुन्छ कि जानु हुन्न भनेर मलाई चिन्ता लागिरहेको छ ।"

"हा, मितज्यू, यति सानो कुरामा समेत यस्तो चिन्ता लिने हो त ? लौ तपाईंको टाउकोमा म बस्छु अनि जाउँ न त ? तपाईंहरूले के खानुहुँदो रहेछ, मैले पनि नयाँ स्वाद खान पाउने, रमाइलै हुन्छ । ल जाऊँ ।" भन्दै झ्याम्म रुखबाट हाम फालेर बाँदर भुइँमा झरेर गोहीको टाउकोमा गएर बस्छ । बाँदरलाई फकाउन कत्रो महाभारत होला भनेर कल्पना गरिरहेको गोहीलाई बाँदरले नै समस्याको समाधान गरिदिएपछि "कुचोले बढार्नुपर्ने कसिङ्गर हावाले नै उडाइदियो" भनेझैँ गोही पनि खुसी हुँदै आज आफ्नी श्रीमतीको मनलाई शान्त पार्न सकिने भयो भन्ने कल्पना गर्दै टाउकोमा बोकेर नानाभाँती गफ गर्दै दुवै जना तलाउभित्र गोहिनी भएकोतिर जान्छन् ।

तलाउको मध्य भागमा पुगेपछि बाँदरले गोहीलाई भन्छ- "मितज्यू, तपाईंको घरमा भोज खान भनेर त आइयो, तर मितिनीलाई कुनै कोसेली त ल्याइएन नि ?"

गोहीले भन्नपुग्छ- "किन चिन्ता लिनुहुन्छ मितज्यू, तपाई जस्तो ठुलो कोसेली पाएपछि मेरी श्रीमतीलाई अरू कोसेली के नै चाहिन्छ र ?"

"मतलब ! तपाईंले के भन्न खोज्नुभएको हो मितज्यू ? मैले त कुरै बुझिनँ नि ?" बाँदरले गोहीलाई सोध्न पुग्छ ।

"के हुनु नि लाटो मितज्यू" बाँदरलाई गोहीले भन्न थाल्छ -"तपाईंले दिएको मिठो मिठो यो जामुन फल खाएर मेरी श्रीमतीले जामुन खाने तपाईंको मितको मुटु कति मिठो होला ? त्यसैले घरमा भोज खुवाउने भनेर लिएर आउने अनि तपाईंको मुटु खाने भनेर मेरी श्रीमतीले भनेकी छ ।"

लौ भएन त आपत ? वर्षौंदेखि यत्रो विश्वास गर्दै आइरहेको आफ्नै मित गोहीले आफैमाथि यतिसम्मको विश्वासघात गरेर आफू मृत्युको मुखको नजिकै पुग्न लागिसकेछ बाँदर त । आफ्नै मितलाई यतिसम्मको विश्वास गरिसकेपछि

यत्रो कृतघ्नता देखाउला, यत्रो विश्वासघात गोहीले गर्ला भनेर बाँदरले कुनै कल्पना नै गर्न सकेको थिएन । समय घर्किसकेको थियो । अब अलिकति कुनै चलाखी नगर्ने हो भने आफ्नो मृत्यु निश्चित नै थियो भन्ने बाँदरले बुझिसकेको थियो ।

"लौ मितज्यू, बर्बाद भयो नि ।" बाँदरले गोहीलाई सुइयँ सुस्केरा हालेर भन्छ ।

"के बर्बाद मितज्यू ?" गोहीले बाँदरलाई सोध्न पुग्छ -"के बर्बाद भयो र ?"

बाँदरले भन्न पुग्छ- "तपाईंले मितिनीलाई मेरो मुटु खान मन छ भनेर अघि नै तलाउको डिलमै हुँदा भन्नु पर्थेन र ?"

गोहीले भन्छ- "त्यस्तो भनेको भए त तपाईं किन यसरी लखरलखर मेरो टाउकोमा बसेर आउनुहुन्थ्यो त ?"

"हा मितज्यू, म त आइहाल्थेँ नि । तर मुटु त मैले आफू बसेकै रुखमा छोडेर पो आएको छु त । जाऊँ जाऊँ मितज्यू, तुरुन्तै रुखतिर जाऊँ, म त्यो मुटु लिएर फेरि तपाईंसँगै आउँला, अनि मैले आफ्नै हातले मेरो मुटु मितिनीलाई टक्र्याउँला ।" बाँदरले गोहीलाई पुनः डिलतिर फर्किने आह्वान गर्छ ।

गोहिनीले जसरी पनि बाँदरको मुटु लिएर आउनू भनेकी छे, यो मुटु नै नभएको बाँदरलाई लगेर आफ्नो बुढीको अगाडि हुस्सु बन्नुभन्दा पुनः रुखतिर गएर बाँदरसँगै फेरि मुटु लिएर आउने सपना देखेर गोही आफ्नो निवासतिर पुग्न पुग्न लागेको बेलामा फेरि तलाउको डिलतिर फर्किन पुग्छ । तलाउको डिलमा पुगेपछि बाँदरले "मितज्यू, तपाईं डिलमै बसिराख्नुस् है, म मेरो मुटु लिएर तुरुन्तै आइहाल्छु" भनेर बुरुक्कै बुर्कुसी मारेर रुखतिर हामफाल्छ ।

एकछिन भनेर गएको आफ्नो मित बाँदर घण्टौँ भइसक्दा पनि नआएपछि गोहीले बाँदरलाई बोलाउँछ- "मितज्यू ! मितज्यू ! खै त एकैछिनमा आउँछु भन्नुभएको हैन ? घण्टौँ भैसक्यो त ?"

"केको मितज्यू, मूर्ख गोही । आफ्नै मितको मुटु खान खोज्ने विश्वासघाती । तेरो बुद्धि भएको भए तँ आफ्नो घर नजिकै पुगिसकेको मलाई फिर्ता लिएर आउँथिस् ? कोही जिउँदो जनावरको मुटु शरीरभित्रै नभएर घरमै कसैले छोड्छ त ?" बाँदरले भनिसकेपछि बल्ल गोहीको होस खुल्छ, साँच्चै हो त जिउँदो जनावरको मुटु जनावरकै शरीरभित्र हुन्छ बाहिर कसैले राख्न सक्दैन ।

o

कहिलेकाहीँ यस्ता लोक कथाले समेत सरल तर सूक्ष्म सन्देश दिन खोजेकै हुन्छन् । साँच्चै नै कुनै पनि जिउँदो जनावरले आफ्नै मुटु आफूबाट छोडेर आफ्नो घरमा राखेर हिँडेको हुँदैन ।

तर वर्तमान नेपाली परिवेशलाई हेर्ने हो भने आज हामी प्रत्येक नेपालीहरूले हामीसँगै हुनुपर्ने मुटुलाई घरमै छोडेर हिँडिरहका छौँ कि जस्तो आभास हुन लागिरहेको छ । आज हाम्रा प्रत्येक अभिव्यक्तिहरू, आज हामी नेपाली र हाम्रो देश नेपालको प्रत्येक स्वाभिमानहरू आफ्नो मुटुबाट निर्णय लिन सक्ने अवस्थामा छैन । हाम्रो आफ्नै मुटुले हामी आफैँले गर्नुपर्ने निर्णयलाई गर्न सकिरहेका छैनौँ । हामीले आफ्नै मन, मस्तिष्क र मुटुले गर्नुपर्ने कुनै पनि काम चाहे आफ्नो व्यक्तिगत काम होस, चाहे कार्यालयमा नीति निर्माण गर्नुपर्ने अवस्थामा बसेका वरिष्ठ अधिकारीहरूले गर्नुपर्ने काम होस या राष्ट्रकै नीति निर्माण गर्नुपर्ने काम होस्, हामीले आफ्नै मुटुले कठोर निर्णय गर्न सकेका छैनौँ । हामीले मुटु घरमै छोडेर बिना मुटुनै यस्ता तमाम काम गरिरहेका छौँ ।

आज नेपाली युवाहरू रहरले नभएर बाध्यताले विदेशिएका छन् । स्वदेशमा रोजगारको अवस्था नभैदिँदा, आफूले पढ्न नसके पनि आफ्नो छोराछोरीहरू पढेलेखेर देशमै सक्षम र सबल नागरिक बनाउने सक्ने त्यान्द्रो उनीहरूको मनमा जीवित भइदिँदा, देशमा भैरहेको उद्योग, कलकारखानाहरूसमेत कहिले ट्रेड युनियनका नाम त कहिले व्यवस्थापनलगायत अन्य नाममा बन्द भै, पाइरहेको रोजगारीसमेत बन्द भइदिँदा, स्वदेशकै बसेर दुई छाक खान र एकसरो लगाउन नपाउने अवस्था आउँदा विदेशिनु परिरहेको छ । देशमा प्रजातन्त्र आयो, तर प्रजातन्त्र आएपछि "अनेकौँ उद्योगधन्दाहरू स्वदेशमा खोलिन्छन् अब यही देशभित्रै दक्ष तथा अदक्ष सबै किसिमका रोजगारीहरूको सिर्जना हुन्छ" भन्ने प्रजातन्त्र प्राप्तिपछिका हरेक राजनेताहरूले भाषण मात्रै गर्ने काम गरे, तर बाँसबारी छालाजुत्ता कारखाना, गोरखकाली टायर उद्योग कारखाना, नेपाल औषधि लिमिटेड, जनकपुर चुरोट कारखाना आदि हजारौँ व्यक्तिको रोजगार दाता उद्योगधन्दाहरू प्रजातन्त्र प्राप्तिपछि बन्द भए, यस्ता अनेकौँ उद्योगधन्दा बन्द भएपछि, विभिन्न राजनैतिक दलहरूको डर, धम्की र त्रासले स्वदैशमै बस्न नसक्ने वातावरण सिर्जना भएपछि लाखौँ नेपाली युवा ढुकढुकी आफ्नो मुटुलाई घरमै छोडेर विदेशिएका छन् सुखद संसारको सानो त्यान्द्रोलाई भविष्यमा जीवित भएको हेर्ने उद्देश्यलाई पुनःजीवित बनाउनका लागि ।

देश अनिर्णयको बन्दी बन्दै गइरहेको छ। यहाँका शासकहरू, नीति निर्माणकर्ताहरू, पालनकर्ताहरू देशको भविष्यलाई लिएर खेलवाड गरिरहेका छन् । संविधान ल्याउन आफैँले निर्धारण गरेको मिति आफैँले बिना हिच्किचाहट मिचिरहेका छन् । विगतमा सबै राजनीतिक दलहरूले एउटै घाँटी पारेर एक वर्षभित्र संविधान निर्माण गर्ने कुरा जनताहरूमा व्यक्त गरिरहेका थिए, जनताहरूलाई दिएको प्रतिबद्धतालाई रूपान्तरण गर्ने विषयमा दलहरूको चरित्र र नियत खरो

प्रमाणित हुन सकेन । दरिलो मुटु भएका, दूरदृष्टि भएका र समयसीमाको यथार्थतालाई राष्ट्र निर्माणको आधारस्तम्भ मान्ने कसैमा पनि प्रतिबद्धता देख्न नसकेको अवस्थाले यो देश अनिर्णयको बन्दी हुँदै गैरहेको छ । राष्ट्र निर्माणका आधार स्तम्भहरूले समेत मुटुलाई घरमा राखेर आधारहीन मूल्य र मान्यताको राजनीति गरिरहेको वर्तमान अवस्थाले यो देशको नियति के हुन्छ भनेर कसैले मूल्याङ्कन गर्न नसक्ने अवस्थाको सिर्जना भएको छ ।

भीमसेन थापाको जस्तो राष्ट्रभक्तिप्रतिको प्रतिबद्धता, पृथ्वीनारायण शाहको जस्तो दूरदर्शिता र जङ्गबहादुर राणाको जस्तो निर्भीकता आजको आवश्यकता हो । सबैलाई थाहा छ, जातीयताको उग्र नाराले देशलाई निर्माण गर्ने होइन, विखण्डनतिर धकेल्ने गर्छ । "आत्मबलभन्दा ठुलो बल अर्को हुँदैन" भन्ने महर्षि वाल्मीकिको उदगार हामीबाट पलायन हुन लागिसक्यो किनकि हामीमा आत्मबल

*भीमसेन थापाको जस्तो राष्ट्रभक्तिप्रतिको प्रतिबद्धता, पृथ्वीनारायण शाहको जस्तो दूरदर्शिता र जङ्गबहादुर राणाको जस्तो निर्भीकता आजको आवश्यकता हो । सबैलाई थाहा छ, जातीयताको उग्र नाराले देशलाई निर्माण गर्ने होइन, विखण्डनतिर धकेल्ने गर्छ ।*

छँदै छैन । हामी अर्काले देखाएको दिशामा, अर्काको बलको सहाराले हिँडिरहेका छौँ । हामीले एक वर्ष अगाडि आफ्नो आत्मालाई बलियो बनाएर एउटा प्रतिबद्धता व्यक्त गरेका थियौँ र त्यही प्रतिबद्धतालाई एक वर्ष पछाडि थाङ्नामा सुताइदिन खोजिरहेका छौँ । किन भने दरिलो र केही गरौँ भन्ने गर्विलो हामीहरूको मुटुलाई हामीले बन्दकी बनाइदिएका छौँ, हामीले आफ्नो मुटुलाई आफ्नै घरको एउटा कुनामा थन्क्याएर अर्काको मुटुले निर्णय गर्ने अधिकार खोजिरहेका छौँ । देशको हित, देशको भविष्य, युवाहरूको देशप्रति केही गरौँ भन्ने भावना र चाहना यो देशको अस्तित्व बलियो नभएसम्म हुँदैन । देशको अस्तित्व बलियो बनाउने हाम्रा नीति निर्माणकर्ताहरू व्यक्तिगत हितका लागि, भविष्यमा आफ्नो स्थानलाई सुरक्षित बनाउनका लागि आज एक अर्कासँग हातेमालो गर्नुपर्ने अवस्थामा पौँठेजोरी खोज्दै, एक अर्कालाई लाञ्छना लगाउँदै कसका स्वार्थका खातिर देशलाई यो दुर्दशामा पुऱ्याउन खोजिरहेका छौँ ? के इतिहासले हामीलाई धिक्कार्दैन होला ?

उज्यालो खोज्ने हाम्रो चाहनालाई नजिकै आइरहेको अन्धकारपूर्ण भविष्यले दुत्कार्दैन होला ? एघारौँ पुस्तामा वंश नाश हुन्छ भन्ने गोरखानाथको भनाई थाहा हुँदाहुँदै पनि पृथ्वीनारायण शाहले राष्ट्र एकीकरणको अभिभारा लिएका थिए। आफ्नो राज्य अकण्टक चल्दैन भन्ने थाहा हुँदाहुँदै पनि एकीकरण अभियानलाई उनले तीव्रता दिएका थिए। सधैँ एकनाशको समय छैन र हुन्न भन्ने थाहा हुँदा हुँदै पनि भीमसेन थापा, जङ्ग बहादुर राणा जस्ता इतिहास वीरहरूले मुटु दरो बनाएरै भए पनि निर्भिक भएर राष्ट्रको रक्षा गरेकै थिए। तर आज हामी संविधान घोषणापछि मेरो स्थान के हुने हो भनेर आफ्नो स्थान खोजिरहेका छौँ। थुक्क हाम्रो नियति... । तानाशाही परम्पराले आफ्नो भविष्यको ख्याल नगर्ने, तर जनताको लागि लड्ने भन्ने हामीहरू आफ्नो स्थान खोजिहिँड्ने ।

कथाको बाँदरले त आफ्नो जीवन अस्तित्व जोगाउनलाई आफ्नो मुटु घरमै छोडेको भनेर आफ्नो अस्तित्व जोगाएको थियो, तर आज हामीहरूले आफ्नो शरीरमै भएको मुटुलाई घरमै छोडिरहेका छौँ। कुनै अदृश्यशक्तिको माकुरी जालोमा परेर अर्काको मुटु खोस्न दौडिरहेका छौँ। देशको अस्तित्वलाई जोगाउन दरिलो मुटु आवश्यक पर्छ महानायकहरू। आफ्नो इमान्दारिता, आफूले गरेका प्रतिबद्धता र युवा जनशक्तिको अस्तित्वलाई यही देशमै रोकिराख्न दरिलो मन, मस्तिष्क र मुटुको आवश्यकता पर्दछ। वर्तमान नियतिको विडम्बना, अस्तित्वहीन लडाइँमा आफ्नो वर्चस्व जोगाउन, इतिहासलाई धोका दिँदै आफ्नो मुटुले काम गर्न छोडेर कुनै अदृश्यशक्तिको मुटु लिएर देशलाई भड्खालोमा हाल्ने काम नगरौँ।

सबैको एउटै मुटु भयो भने अदृश्य शक्तिले केही गर्न सक्दैन। त्यसैले आफ्नो अस्तित्वको लागि हैन, देशको अस्तिवको लागि, आफ्नो व्यक्तिगत स्वार्थको लागि हैन देशको भविष्य र स्वार्थको लागि, आफ्नो पद र प्रतिष्ठाको लागि हैन देशकै इज्जत र प्रतिष्ठाको लागि गोहीको नियति नभोगौँ। आफ्नो मुटुलाई घरमै छाडेर होइन आफैँसँग लिएर यो देशको लागि केही गरौँ। आफ्नो वचन र प्रतिबद्धतालाई पूरा गरौँ। आजका नेपाली जनताहरू वर्तमान इतिहासका महानायकहरूको वचनबद्धता र प्रतिबद्धतालाई हेर्न लालायित छन्।

आशा छ ! अबचाहिँ केही हुन्छ कि देशमा। देशले केही गति लिन्छ कि ? आशा राखौँ। ■

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**



# 'न्याय'

राजनप्रसाद प्याकुरेल

## परिचय

नेपालको न्यायिक इतिहासमा एक युगान्तकारी नाम हो, सुशीला कार्की। उनी नेपालकी पहिलो महिला प्रधानन्यायाधीश (सन् २०१६-२०१७) र पहिलो प्रधानमन्त्री (२०८२ भाद्र २७ गतेदेखि) हुन्, जसले पुरुषप्रधान न्यायप्रणालीमा महिलाको स्थान स्थापित गर्दै इतिहास रचिन्। यिनै सुशीला कार्कीको पहिलो पुस्तक 'न्याय' एक आत्मकथात्मक कृति हो, जसमा उनले आफ्नो जीवनको सङ्घर्षपूर्ण यात्रा, नेपालको न्यायिक प्रणालीको विकास र लोकतान्त्रिक आन्दोलनहरूको साक्षीका रूपमा जीवन्त रूपमा प्रस्तुत गरेकी छिन्। पुस्तकमा कार्कीले आफू कलेजमा अध्ययनदेखि भारतको बनारसमा प्राप्त अनुभव तथा न्याय क्षेत्रमा प्रवेश गर्दादेखि न्यायाधीश नियुक्तिमा देखिएको चलखेल, भ्रष्टाचार, न्यायिक संस्थालाई कमजोर बनाउने प्रयास तथा समाजमा नैतिकवान् पात्रको खडेरीजस्ता विषयलाई सरल भाषामा प्रस्तुत गरिएको छ।

यो पुस्तक केवल व्यक्तिगत संस्मरण मात्र नभई, नेपालको राजनीतिक-न्यायिक परिवर्तनको एक महत्त्वपूर्ण दस्तावेज पनि हो। वि.सं. २०७५ मा प्रकाशित यो कृतिले नेपालको सन्दर्भमा न्यायको अवधारणा, चुनौती र विजयको एक समग्र समीक्षा प्रस्तुत गर्दछ। लेखकको पृष्ठभूमि हेर्दा सुशीला कार्की वि.सं. २००९ जेठ २५ मा विराटनगरमा जन्मेकी हुन्। उनको जीवन प्रारम्भदेखि नै सङ्घर्षपूर्ण थियो। भारतको बनारस हिन्दू विश्वविद्यालय (BHU) बाट कानुनको अध्ययन पूरा गरेपछि उनी नेपाल फर्केर वकालत पेसामा सक्रिय भइन्। २०६२/६३ को जनआन्दोलनमा सक्रिय सहभागी हुँदै गर्दा उनी जेल परेकी थिइन्, जसको अनुभव उनको दोस्रो पुस्तक कारा (२०७७) मा वर्णित छ। तर न्यायमा उनले न्यायाधीश बन्ने यात्राबाट प्रधानन्यायाधीश बन्ने प्रक्रिया, न्यायिक भ्रष्टाचार विरुद्धको लडाइँ र नेपालको संविधान निर्माण प्रक्रियामा आफ्नो भूमिकालाई उजागर गरेकी छिन्। हाल (२०२५ को सेप्टेम्बरमा) उनी नेपालकी अन्तरिम प्रधानमन्त्री पनि बनेकी

छिन्, जसले उनको पुस्तकलाई थप प्रासङ्गिक बनाउँछ । पुस्तकको सारांश न्याय पुस्तकलाई तीन मुख्य भागमा विभाजन गर्न सकिन्छ :

**व्यक्तिगत यात्रा**

लेखिकाले आफ्नो बाल्यकालदेखि न्यायिक क्षेत्रमा प्रवेशसम्मको कथा यस भागमा अत्यन्त उत्कृष्ट ढङ्गबाट प्रस्तुत गरेकी छन् । विराटनगरको सामान्य परिवारबाट सुरु भएर, राजनीतिक आन्दोलनहरूमा सहभागितासम्मको यात्रा भावुक र प्रेरणादायी छ । उनी लेख्छिन्, 'न्याय भनेको केवल अदालतको फैसला होइन, यो त समाजको अन्तिम सास हो ।' यो भागमा उनले महिलाको रूपमा न्यायिक क्षेत्रमा सामना गरेको लैङ्गिक भेदभावलाई स्पष्ट रूपमा उल्लेख गरेकी छिन् ।

**न्यायिक प्रणालीको समीक्षा**

यस पुस्तकको मूल भाग नेपालको न्याय प्रणालीको आलोचनात्मक विश्लेषण हो । कार्कीले पञ्चायती व्यवस्थादेखि गणतन्त्रसम्मको न्यायिक परिवर्तनलाई वर्णन गर्दै, भ्रष्टाचार, राजनीतिक हस्तक्षेप र न्यायाधीशहरूको स्वतन्त्रताको मुद्दालाई उठाएकी छिन् । २०६२/६३ को आन्दोलनपछिको संविधान निर्माणमा सर्वोच्च अदालतको भूमिका र उनकै फैसलाहरू (जस्तै, संवैधानिक इजलासमा भाग लिनु) लाई यस पुस्तकमा उदाहरणसहित प्रस्तुत गरिएको छ । यो भागमा नेपालको संविधान २०७२ को सफलता र चुनौतीहरूको गहन समीक्षा छ, जसले पाठकलाई न्यायको व्यावहारिक पक्ष बुझ्न मद्दत गर्दछ ।

**भविष्यको दृष्टिकोण**

पुस्तकको अन्तिम भागमा लेखिकाले न्याय प्रणालीलाई थप स्वतन्त्र र समावेशी बनाउन सुझाव दिन्छिन् । महिलाहरूको सहभागिता बढाउन, प्राविधिक सुधार र राजनीतिक प्रभावबाट मुक्त बनाउन जोड दिइएको छ । यो भाग प्रेरणादायी छ, जसले नेपालको युवा पुस्तालाई न्यायको क्षेत्रमा योगदान गर्न आह्वान गर्दछ ।

कार्कीको लेखन शैली सरल, भावनात्मक र गहन छ, जसले कानुनी जटिलताहरूलाई सामान्य पाठकका लागि समेत पहुँचयोग्य बनाउँछ । अर्थात् पुस्तकको भाषा सरल र सहज छ, जसमा कानुनी शब्दावलीहरू पनि सामान्य पाठकलाई बुझ्ने गरी व्याख्या गरिएको छ । कुल तीन सय ९६ पृष्ठको यो कृति छोटो अध्यायहरूमा विभाजित छ, जसले पढ्न सजिलो बनाउँछ । यसमा उनले

आफ्नो जीवन काललाई चार भागमा प्रस्तुत गरेकी छिन् । समीक्षा र विश्लेषणको दृष्टिबाट न्याय एक शक्तिशाली कृति हो, जसले नेपालको न्यायिक इतिहासलाई व्यक्तिगत लेसबाट हेर्ने अवसर दिन्छ । यो पुस्तकको मूल्य इपेपरमा रु.५०० र पुस्तकको रूपमा रु.८०० रहेकोले सामान्य पाठकहरूका लागि भने मुल्य अलि बढी नै लाग्न सक्छ । विशेष गरी यस पुस्तकका मुख्य पक्षहरू निम्न छन् :

**प्रेरणादायी कथा**

कार्कीको जीवन कथा (जेलयात्रा, लैङ्गिक सङ्घर्ष) ले पाठकलाई भावुक बनाउँछ । यो पुस्तक महिलाहरूका लागि एक माइलस्टोन हो, जसले प्रमाणित गर्दछ कि दृढताले इतिहास रच्न सकिन्छ । पुस्तक न्यायले पुरुषप्रधान समाजमा महिलाको नेतृत्व र न्यायिक प्रणालीमा सुधारको आवश्यकताबारे शक्तिशाली र प्रेरणादायी बहस छेड्छ, विशेष गरी नेपालको सामाजिक-सांस्कृतिक सन्दर्भमा यसले प्रेरणादायी बहस पैदा गरको देखिन्छ । पुस्तकमा उनले आफ्नो व्यक्तिगत अनुभव र नेपालको पहिलो महिला प्रधानन्यायाधीशको रूपमा सामना गरेका चुनौतीहरूलाई प्रस्तुत गर्दै, लैङ्गिक भेदभाव र संस्थागत रुढीवादी सोचलाई तोड्नुपर्ने आवश्यकतालाई जोड दिएकी छिन् । उनले वर्णन गर्छिन् कि कसरी उनलाई वकिल र न्यायाधीशको रूपमा बारम्बार लैङ्गिक आधारमा अवमूल्यन गरियो तर उनको दृढता र योग्यताले ती अवरोधहरूलाई पार गऱ्यो । यो कथाले पाठकलाई प्रश्न गर्छ कि किन महिलाहरूलाई नेतृत्वमा अवसर कम दिइन्छ र यो प्रवृत्तिलाई कसरी परिवर्तन गर्न सकिन्छ ?

न्यायले पाठकलाई चुनौती दिन्छ कि पुरुषप्रधान संरचनालाई तोड्न र न्यायिक प्रणालीलाई थप समावेशी बनाउन व्यक्तिगत र सामूहिक प्रयास आवश्यक छ । कार्कीको कथा र उनको सुझावहरूले युवा पुस्ता, विशेष गरी महिलाहरूलाई, नेतृत्व र सुधारको लागि सक्रिय हुन प्रेरित गर्छ, जसले समाजमा दीर्घकालीन परिवर्तनको सम्भावनालाई उजागर गर्छ । यो बहस नेपालको सन्दर्भमा मात्र नभई, विश्वव्यापी रूपमा लैङ्गिक समानता र न्यायिक सुधारको मुद्दालाई समेत प्रासङ्गिक बनाउँछ ।

**ऐतिहासिक महत्त्व**


नेपालको राजनीतिक परिवर्तन (२०६२/६३ को जनआन्दोलन, संविधान निर्माण) को साक्षीको रूपमा रहेकोले यो पुस्तक अमूल्य छ । यसले न्यायलाई लोकतन्त्रको आधारशीला ठान्दै, भ्रष्टाचारविरुद्धको लडाइँलाई उजागर गर्दछ । यो पुस्तक नेपालको न्यायिक, लोकतान्त्रिक र लैङ्गिक समानताको इतिहासमा एक

महत्त्वपूर्ण दस्तावेज हो । यो पुस्तकले नेपालकी पहिलो महिला प्रधानन्यायाधीशको रूपमा कार्कीको सङ्घर्ष, जनआन्दोलन, २०७२ को संविधान निर्माण र न्यायिक स्वतन्त्रताको लागि भएको लडाइँलाई जीवन्त रूपमा अभिलेख गर्छ । पुरुषप्रधान समाजमा महिलाको नेतृत्व र न्यायिक सुधारको आवश्यकतालाई उजागर गर्दै, यो कृति नेपालको लोकतान्त्रिक यात्रा र लैङ्गिक समानताको ऐतिहासिक सन्दर्भलाई प्रस्ट पार्छ, जसले भविष्यका पुस्तालाई प्रेरित गर्ने र नीति निर्माणमा मार्गदर्शन गर्ने क्षमता राख्छ ।

**आलोचना**

केही भागहरूमा कानुनी विवरणहरू अलि जटिल लाग्न सक्छन्, जसले सामान्य पाठकलाई कठिनाइ हुन सक्छ । साथै लेखिकाको व्यक्तिगत दृष्टिकोणले केही राजनीतिक घटनाहरूमा पूर्वाग्रह देखिन सक्छ तर यो आत्मकथा भएकोले यो स्वाभाविक हो ।

समग्रमा, यो पुस्तक न्यायिक क्षेत्रको पुस्तकहरूमध्ये उत्कृष्ट पुस्तक ठहर्छ । यो नेपालको कानुनविद्, राजनीतिज्ञ र सामान्य नागरिकहरूका लागि अनिवार्य पठन सामग्री हो । विशेष गरी, हाल कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनेकी सन्दर्भमा यो पुस्तकले उनको न्यायिक दृष्टिकोणलाई बुझ्न मद्दत गर्दछ ।




निष्कर्षमा, न्यायपालिकाको आँखाबाट देखिने सङ्क्रमण-कालीन नेपाली राजनीतिकी साक्षी हुन्- सुशीला कार्की । न्यायिक समाज निर्माणका लागि सत्यको जगमा उभिँदा महाअभियोगसम्म सामना गर्न तयार भएकी उनी इमान, निष्ठा र न्यायकी प्रतिमूर्ति हुन् उनी । सुशीला कार्कीको **'न्याय'** ले न्यायलाई केवल एक पेसा नभई समाजको नैतिक कम्पास

ठान्दछ । यो पुस्तक पढ्दा लाग्छ, न्यायको खोजी एउटा निरन्तर यात्रा हो, जसमा हरेक व्यक्तिको भूमिका हुन्छ । यदि तपाईं नेपालको न्यायिक इतिहास र महिलाको सशक्तीकरणमा रुचि राख्नुहुन्छ भने, यो कृति अवश्य पढ्नुहोस् । यो पुस्तकले हामीलाई प्रश्न गर्छ कि हामीले न्यायलाई कसरी मजबुत बनाउन सक्छौँ ? यो पुस्तक बुक हिल पब्लिसर्सबाट प्रकाशन गरिएकाले उक्त प्रकाशनबाट सजिलै प्राप्त गर्न सकिने छ । सुशीला कार्कीको पुस्तक न्यायले नेपालको न्यायिक क्षेत्रमा स्वतन्त्रता, निष्पक्षता र समावेशीताको महत्त्वलाई जोड दिँदै, न्यायलाई लोकतन्त्रको आधारशीला र समाजको नैतिक आचरण निर्माणमा एउटा ब्लकका रूपमा प्रस्तुत गर्छ । यो पुस्तकले भ्रष्टाचार, राजनीतिक हस्तक्षेप र लैङ्गिक असमानताजस्ता चुनौतीहरूको सामना गर्दै पनि दृढतापूर्वक न्यायको पक्षमा उभिनुपर्ने सन्देश दिन्छ । कार्कीको व्यक्तिगत सङ्घर्ष र प्रधानन्यायाधीशको रूपमा उनको अनुभवमार्फत पुस्तकले हरेक व्यक्तिलाई न्यायप्रति जिम्मेवार बन्न र प्रणालीलाई थप पारदर्शी बनाउन योगदान गर्न प्रेरित गर्छ, विशेष गरी महिलाहरू र युवा पुस्तालाई यो क्षेत्रमा सक्रिय सहभागिताको लागि आह्वानसमेत गर्दछ । यो पुस्तक कानुनका विद्यार्थी, नीति-निर्माता, नारीवादी लेखक र इतिहासमा रुचि राख्ने सबैका लागि अनिवार्य पठन सामग्री हो ।

लेखिका : सुशीला कार्की
प्रकाशन वर्ष : २०७५ असोज (२०१८)
प्रकाशक : बुक हिल पब्लिसर्स (नेपाल)
श्रेणी : आत्मकथा/न्यायिक संस्मरण । ■

**आबद्धता : नेपाल विद्युत् प्राधिकरण**

# 'घर फर्कने तिर्खा' को अन्तरकुन्तर विचरण गर्दा



दीपकराज 'ख्वप'

कवि विष्णुप्रसाद आचार्य पचासको दशकदेखि नै नेपाली साहित्यको क्षेत्रमा लागेका व्यक्तित्व हुन् । सानै उमेरमा नै आफ्नो पिताको प्रेरणाले निबन्ध विधामा कलम चलाएका उनले नेपाल विद्युत प्राधिकरणमा पेसागत जीवनको सुरुवात गरे पश्चात् विद्युत प्राधिकरण स्तरीय कविता प्रतियोगितामा पटक पटक पुरस्कृत भई कवितामा खारिँदै आएको भान हुन्छ । विष्णुजीको सङ्घर्षशील जीवनलाई नियाल्दा स्थानीय बोर्डिङ स्कुलमा शिक्षण पेसामा संलग्न रही पछि कलेजमा प्राध्यापनमा लागेर हाल नेपाल विद्युत प्राधिकरणको सेवामा आबद्ध भएको देखिन्छ । विभिन्न पेसागत यात्राको दौरानमा उनले आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिई अनेकौं पत्रपत्रिकामा कवितालगायत अन्य बहुविधाका साहित्यिक सामग्रीहरू प्रकाशन गरिसकेका छन् । उनको कलम निबन्ध, कविता, गजल, हाइकु, लघुकथालगायत विभिन्न विधामा चलेको देखिन्छ । उनको 'घर फर्कने तिर्खा' पुस्तकाकारको रूपमा प्रथम पाइला भए तापनि उनको यो कवितासङ्ग्रह परिपक्व कलमबाट निःसृत खारिएको ग्रन्थका रूपमा उपस्थित छ । वि.सं. २०७९ मा प्रकाशित यस पुस्तक नेपाल विद्युत प्राधिकरण विद्युतकर्मी साहित्यिक समाजले प्रकाशनमा ल्याएको हो । ४८ थान कविताहरू सङ्गृहीत यस पुस्तकमा ११२ पृष्ठ छन् । प्रस्तुत कृतिका पानाभरि सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक जीवनको भोगाइ, बेथिति, विसङ्गतिहरू, परिस्थितिजन्य विवशताहरू र मानवतावादी जीवनदृष्टि काव्यात्मक लहर भएर उर्लिएका छन् ।

अचेल परिबन्धात्मक हिसाबले भन्नुपर्दा युवाहरू विदेशिने यथार्थबाट कुनै पनि घर, समाज, समुदाय कोही पनि अछुतो देखिँदैन । लाखौं युवायुवतीहरू विदेश पलायन छन् । उनको कविताको कोही पात्र रापतापले डामिएर पनि परिवारका लागि सरसुविधाको जोरजाम गर्न सङ्घर्षरत छ । कवि विष्णु आचार्यको कवितामा विदेश गएर पनि आफ्नो गाउँठाउँ, घरबार अनि परिवारको यादमा घरको न घाटको बनी बस्नुभन्दा स्वदेशकै साग र सिस्नु ठुलो ठानी स्वदेश फर्कन उपयुक्त हुने भाव

यसरी अभिव्यन्जित भएको छ :

हल गोरु बाघले दाऱ्यो अरे
बुढी आमालाई ठिहीले माऱ्यो अरे
घरबारी दुस्मनले बाऱ्यो अरे
हो, त्यसै हो ?
त्यसो भए चाहिएन मलाई सुनको बाला
चाहिँदैन होला तिमीलाई पनि मोतीको माला
बाँसै नरहे कसरी सुन्नु धुनहरू ... ...

त्यस्तै नदी र बगर कवितामा कविले नदी र बगरबिचको अटुट र अगाध प्रेमका बारेमा चर्चा गरेका छन् । बर्सातमा होस् वा हिउँदमा तिनीहरू आपसी सहयोग र समन्वयात्मक भावमा युगौँ अघिदेखि सहकार्य गर्दै आएका छन् । नदीले बगरको ढुङ्गालाई कुँदेर शालीग्राम बनाइदिन्छ भने बगरले नदीमा नुहाउन आउने पार्वती, मेनका तथा अप्सराहरूको सर्दी उतार्न र बालुवाको शिवलिङ्ग बनाउन गतिलो आधार खडा गरिदिन्छ । त्यसैले मान्छे-मान्छेबिच पनि नदी र बगरको जस्तै सहयोग, सदभाव र समन्वयको भावना जागृत भइदिए नेपाल भन्ने देश पनि स्वर्ग हुने थियो हो भन्ने धारणा नदी र बगर कवितामा यसरी प्रस्तुत भएको छ :

मान्छे-मान्छेबिच पनि
नदी र बगरको जस्तै मिल्ती भइदिए
मान्छेले
नदी र बगरले जस्तै
सहयात्रा, सहकार्य गरे,
भन्नुहोस् सज्जनवृन्द !
स्वर्ग भने अर्को कल्पित लोक खोज्न
कहीँ कतै जानुपर्थ्यो होला र !

आचार्यका प्रायःजसो कविताहरू प्रकृति र पर्यावरणसँग मितेरी लाउँदै काव्यात्मक बान्कीमा अवतरण भएका छन् । अर्को शब्दमा पर्यावरण साहित्यको झल्को दिने खालका रचनाहरू यस सङ्ग्रहमा समेटिएका छन् । जीवन भोगाइको वास्तविकताको उजार गर्नु, सकारात्मक सोचको विकासमा उत्प्रेरित गर्न सक्नु आदि विशेषताहरू उनका कवितामा निहित छन् । उनका कृष्णभीर, त्रिशूली र म कविताले नेपाल र नेपालीको भूराजनैतिक अवस्थितिको यथार्थ धरातल देखाउँछ । कृष्णभीरबाट क्षण क्षणमा आकस्मिक रूपमा खस्ने र त्रिशूली अनुमान गर्नै नसकिने विशाल छालबिचमा उभिएको अमूक पात्रको मनोदशामा बाँच्न विवश

नेपालीहरूको विडम्बनालाई यस कविताले उजागर गरेको छ ।


कविको मनमा सहरलाई सहर हैन गाउँलाई सहर बनाउने उत्कट अभिलाषा देखिन्छ । तत्कालीन राजा महेन्द्रको गाउँ फर्क राष्ट्रिय अभियान समयसापेक्ष थियो भन्ने भाव प्रकट गर्दै कविले आफ्नो गाउँठाउँ, थातथलोमा गुराँसका राता कार्पेटमा उत्तिसको छायामुनिको उज्यालोमा मानिसहरू आनन्दले सुतेको होउन्, गाउँमा बिजुलीको भऱ्याङ चढेर मानिसहरू बिजुली गाडीमा ओहोरदोहोर गरुन् भन्ने भाव छ । तब गाउँ गाउँ हैन सहरीकरणमा परिणत हुनेछ भने ठुलो उद्देश्य लिई कवि अगाडि बढेको देखिन्छ । प्रतीकात्मक हिसाबमा पीडित, असहाय नेपाली जनताको मर्म बुझी कविले कागतीलाई प्रतीक बनाइ अरूको मोजमस्तीमा, खानपानको स्वादमा, तिनिहरूको जीवन स्वस्थ बनाउन जनता कसरी पिल्सिएको हुन्छ भनेर म कागती कवितामा प्रस्ट्याएको छ ।

कविमा देशप्रेमको भावना जताततै पोखिएको देखिन्छ । एक नेपाली भएर आफ्नो मातृभूमिलाई, मातृत्वलाई कहिल्यै नबिर्स किनकि यही धर्तीमा जन्मिइएको छ साथै यहींको माटो मै मिल्नु छ–

उचाइ चुम्नु
अग्लिँदै जानु
तर
धर्तीलाई चटक्कै नबिर्सनू ... ...

कविको यस पुस्तकको शीर्षक रहेको 'घर फर्कने तिर्खा' कविता कोरोना कालमा सृजित सत्य घटनामा आधारित प्रत्येक दुःखी, गरिब नेपालीको जो आफ्नो परिवार पाल्न विवश भई परदेश जान बाध्य हुन्छ को प्रतिविम्बित चित्रण देखिन्छ । तर कोरोना सङ्क्रमणको घडीमा सीमा नाका सरकारले बन्द गरेपछि त्यस्ता लाहुरेहरूलाई कति पिरोलिएको होला मनमा, न यता न उता को स्थितिमा । कवि लेख्छन्–

हाम्रो घरमा मेरो माया बसेको छ
त्यही घरमा मेरी माया पनि बसेकी छे
समय र नदी निरन्तर बगिरहन्छ, रोकिन्नु हुन्न ।
जागिरे जीवनलाई धिक्कार्दै कवि आफ्नो बह पोख्छ
झन्डा समाएको भए नेता हुन्थिस्
डन्डा समाएको भए अभिनेता
स्रोतमै बाँध हालेर कर लगाउँछ
आफन्त बन्धुबान्धवबाट पर लैजान्छ
एउटा तक्मा अनि बैङ्कको तमसुक भनेर ... ...




आफ्नो जागिरे जीवनदेखि विरक्तिएर असन्तुष्ट देखिएका अतृप्त भएका कविले जागिरेको जीवन त एउटा तक्मा र बैङ्कको तमसुकझैँ एउटा माझीको जालमा फसेको माछा जसरी छटपटिएको हामी पाउँछौँ ।

कविको लेखकीय अन्तिम वाक्यमा उनले क्षितिजभन्दा पर कोही फैलन नसक्ने गरेको उद्घोष सत्यताको माथिल्लो उचाइ हो । त्यस विन्दुबाट छिचोल्न कसैले नसोचे हुन्छ तथा अनित्य यो संसारमा कोही पनि अछुतो नहुने महावाणीले कविको काव्यात्मक शैलीलाई सागरको गहिराइमा पुऱ्याउँछ । मान्छे मान्छेको भ्रमलाई लिएर अरूका अगाडि वृद्धाश्रम खोल्ने धक्कु लाउँछ त पछाडि आफ्नै आमालाई सुटुक्क वृद्धाश्रम पुऱ्याउँछ भनी मान्छेको लीला व्याख्या गर्छ कवि । जीवनका बारेमा कवि सोच्छ एउटा ढुङ्गा हो जीवन नदीभित्रको । आफू मात्र पानीसँग नगुडी अरू ससाना ढुङ्गाहरू पनि साथै लाने । तर कतै दुनियाँदारी एकातिर आफू अर्कैतिर सोची संसारै धुलैधुलो ठान्नेले आफू सुग्घरी भई संसारलाई घृणा पनि गर्न भ्याउँछ । त्यस्तै अन्याय सहिरहने पनि ठुलै कसुर हो भनी बिना कसुरवालालाई हजारौँचोटि कसुरवाला ठहऱ्याउने कविको प्रतिप्रश्न कविता बनेको छ, यसमा एउटा अब्बल दर्जाको कविता । उवेलाको दसैँलाई कविताको पानामा कोरिएको पढ्दा मन प्रफुल्ल कसको नहोला र ! बाल्यकालको त्यो दसैँ टेन्सनविनाको नयाँ लुगा लाउन पाइने अनि लङ्गुरबुर्जामा पैसा हालेर रमाइलो गर्न पाउने साथै मिठो मिठो खान पाउने दसैँ जो कोही बच्चाहरूलाई मन पर्ने नै भयो । त्यस्तै घोडा जात्राको बेलाको वातावरण तथा

गुरुमापाका कथाहरू, सहिदका सपनाहरू र रत्नपार्कको छेउछाउमा उभेको तत्कालीन राजा महाराजाहरूको चित्रण भएको छ ।

अन्तमा पुस्तकको आवरण नै पुस्तकको ज्यान हुन्छ भन्दा अत्युक्ति नहोला । कवि अतृप्तको यस कृतिमा सुनिता देवकोटाले निकै पोख्त आवरण तयार गरेको जस्तो मलाई लाग्छ । प्रस्तुत आवरण हेर्दा मात्र पनि कवि चेत नभएका साधारण व्यक्तिहरूझैँ निर्क्योलमा पुग्न सकिन्छ कि मातृवात्सल्य निरीह प्राणीहरू आफ्नो सन्तति जोगाउन दुनियाँभरका शत्रुहरूदेखि आफू घायल भईकन पनि मरीतुल्य परिश्रम, मेहनत गरी नवसन्ततिलाई बचाउनु छ भन्ने सन्देश यस आवरणले दिएको ठान्दछु ।

कवि विष्णु आचार्यका कविता सरल भईकन पनि सशक्त छन् । उनको साहित्यिक क्षेत्र अझै फैलिँदै जाओस् साथै यस्ता राम्रा पुस्तकहरू पढ्न पाओस् यही कामना गर्छु ।

■



# विद्युतीय शासनको अवधारणा र अभ्यास

भोला शर्मा

## १. विद्युतीय शासनको अवधारणा

अहिलेको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । समयको मागबमोजिम विश्वका धेरैजसो मुलुकहरू आज सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत द्रुततर परिवर्तनको यात्रामा क्रियाशील रहेका छन् । यस्तो यात्राको मार्गदर्शक माध्यम हो- विद्युतीय शासन (E-governance) । सेवा प्रदायक र सेवाग्राहीको प्रत्यक्ष भेटघाट नभईकन फेसलेस, प्लेसलेस, क्यासलेस, पेपरलेस र टाइमलेस प्रशासन सञ्चालन गर्ने पद्धति नै विद्युतीय शासन हो । मुलुकी प्रशासनलाई छिटोछरितो, पारदर्शी र जनमैत्री बनाउन परिणाममुखी व्यवस्थापनलाई आत्मसात् गर्ने यो शासन व्यवस्था विश्वका विभिन्न देशमा प्राथमिकताका साथ अवलम्बन गरिएको छ । यसका लागि विद्युत, इन्टरनेट, इमेल, सूचना, सूचना तथा सञ्चार प्रविधिजन्य सामाग्रीहरू, दक्ष जनशक्तिलगायतका पूर्व सर्तहरूको आवश्यकता पर्दछ ।

विश्वमा सर्वप्रथम विद्युतीय शासन शब्दको प्रयोग अमेरिकाबाट भएको हो । अमेरिकी पूर्व उपराष्ट्रपति एलगोरले सर्वप्रथम सन् १९९३ मा E-governance शब्दको प्रयोग गरेका हुन् । त्यसपछि सन् १९९८ मा अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले Government Paperwork Elimination Act, 1998 ल्याएपछि यसको अवधारणाले व्यापकता पाएको हो । नेपालमा सन् २००० मा सूचना प्रविधि नीति, २०५७ को कार्यान्वयनसंगै यस प्रकारको शासन प्रणाली अभ्यासमा आएको हो । यस्तो शासन व्यवस्थाको अभ्यासमा अहिलेको पुस्ता बढीभन्दा बढी क्रियाशील रहेको छ । पछिल्लो समयमा सरकार सञ्चालनका प्रमुख सहयात्री राजनीति र प्रशासनमा नवीनतम प्रविधि र सीपले ओतप्रोत भएका नवप्रवेशी युवाहरूले कागजी प्रक्रियाभन्दा सूचना तथा सञ्चार प्रविधिको अत्युत्तम उपयोग गरेर परिणाममुखी व्यवस्थापनको अभ्यास गर्न थालेका छन् । यसले परिवर्तनशील, सिर्जनशील र गतिशील समाज निर्माण गर्दै जनतालाई शासनको सुखद अनुभुति

दिलाउने जमर्को गरेको छ । पछिल्लो समयमा सुशासन, सेवाप्रवाह र नागरिक सन्तुष्टि अभिवृद्धि गर्न विद्युतीय शासनको अभ्यास गरिँदै आएको छ । सुरुवाती अवस्थामा रहेको यस नविनतम शासन व्यवस्थाको सर्वत्र विकास, विस्तार र विश्वसनीय अभ्यास आजको आवश्यकता हो ।

## २. विद्युतीय शासनको सान्दर्भिकता

शासन सञ्चालनको नविनतम पद्धतिको रूपमा विकसित भएको विद्युतीय शासनको सान्दर्भिकता यसप्रकार रहेको छ :

- सेवाग्राहीहरू सेवा प्रदायकको ढोका ढोका पुग्न नपरी घरमै बसेर सार्वजनिक सेवा प्राप्त गर्न ।
- सार्वजनिक अड्डा अदालतहरूमा जमघट र भिडभाड कम गर्न ।
- सेवाग्राही र सेवाप्रदायकहरूको महत्त्वपूर्ण र उत्पादनशील समय बचत गरी अन्य महत्त्वपूर्ण कार्यमा उपयोग गर्न ।
- वातावरणीय प्रदुषण कम गरी पर्यावरणीय स्वच्छता कायम गर्न ।
- सेवा लिनेदिने कार्यमा यातायात इन्धनलगायतका खर्च बचत गरी सेवा प्रवाहको लागत कम गर्न ।
- सार्वजनिक सेवाप्रवाहको लागत कम गर्न ।
- सेवाप्रवाहका सन्दर्भमा भौतिक भेटघाटमा हुन सक्ने चलखेलको अन्त्य गरी आर्थिक अनुशासन र वित्तिय सुशासन कायम गर्न ।
- सबै तह र तप्काका नागरिकहरूलाई समान अवसरको अनुभूत हुनसक्ने भेदभाव रहित सेवा प्रवाह गर्न ।
- व्यवसायमा हुन सक्ने कार्टेलिङ र सिन्डिकेट जस्ता प्रथाहरू समाप्त पार्न ।
- सम्पादित कामहरू जुनसुकै बखत जहाँसुकैबाट सहजै हेर्न, नापजाँच गर्न, सुपरिवेक्षण तथा अनुगमन गर्न ।
- मुलुकमा फेसलेस, पेपरलेस, क्यासलेस र प्लेसलेस प्रशासनको विकास गरी स्वच्छ र समृद्ध शासन व्यवस्था सञ्चालन गर्न, आदि ।

यसरी विद्युतीय शासनले Lean, Seen and Clean Governance सञ्चालन गर्न महत्तम टेवा पुऱ्याउँदै Screen Level Bureaucracy को अभ्यास गर्न मद्दत पुऱ्याउँछ ।

## नेपालको सार्वजनिक प्रशासनमा विद्युतीय शासन

नेपालमा विद्युतीय शासनका लागि आवश्यक पूर्व सर्त कम्प्युटर प्रविधिको प्रयोग वि. सं. २०२८ बाट भएको पाईन्छ भने वि.सं.२०३७ मा राष्ट्रिय कम्प्युटर

केन्द्रको स्थापना भएको पाइन्छ जसलाई विद्युतीय शासनको पहिलो पाइला मानिन्छ । खासगरी सूचना प्रविधि नीति, २०५७ पछि मात्र यसले नीतिगत रूपमा फड्को मार्ने आधार प्राप्त गरेको थियो भने हाल नेपालको संविधानको धारा ५१ (च) मा व्यवस्था गरिएको विकाससम्बन्धी नीतिले यसलाई मार्गदर्शन गरेको छ । जहाँ राष्ट्रिय आवश्यकताअनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सरल र सहज पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने कुरा उद्घोष गरिएको छ । सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले यसलाई थप दिशा निर्देश र सहजीकरण गरेको छ । यस अनुरूप सञ्चालित विद्युतीय सरकार, विद्युतीय शासन र विद्युतीय कारोवारमार्फत आज नेपाली समाज विद्युतीय समाजमा प्रवेश गरेको छ ।

नेपालमा सार्वजनिक निकायहरूले आफ्नो वेब साइट निर्माण गरी हरेक सूचनाहरू उक्त वेब साइटमार्फत सम्प्रेषण गरी पारदर्शी र जवाफदेही प्रशासनको अभ्यास गरेका छन् । भन्सार प्रशासनमा स्वचालित भन्सार प्रणाली (ASYCUDA), निजामती सेवामा एकल कोष खाता प्रणाली, (Treasury Single Account, TSA), राष्ट्रिय किताबखानामा Personnel Information Systrm, PIS, बजेट व्यवस्थापनका सम्बन्धमा Line Ministry Budget Information System, LMBIS, भुक्तानीका सम्बन्धमा E-sewa, Connect IPS, Mobile Banking लगायतका विद्युतीय प्रणाली अभ्यासमा ल्याइएको छ । त्यसैगरी लोकसेवा आयोगमा अनलाईन आवेदन प्रणाली लागु गरिएको छ । गुनासो व्यवस्थापनका लागि हेलो सरकारको व्यवस्था गरिएको छ । मालपोत कार्यालयहरूमा जग्गाको अभिलेख देखि अदालतहरूमा मुद्दाहरूको अवस्थालाई पनि अनलाईन प्रणालीमा आबद्ध गरिएको छ । यातातात क्षेत्रमा (हवाइ र सडक) टिकट काट्ने प्रक्रियाका लागि विद्युतीय शासनले ठुलो प्रगति गरेको छ । यसरी नेपालको सार्वजनिक प्रशासनमा विद्युतीय शासनको यात्रालाई क्रमिक रूपमा विकास र विस्तार गर्दै लगिएको छ ।

**नेपाल विद्युत प्राधिकरणमा विद्युतीय शासन**

सार्वजनिक सरोकारको महत्त्वपूर्ण संस्थान, नेपाल विद्युत प्राधिकरण पनि विद्युतीय शासनमा प्रवेश गरिसकेको छ । सर्वप्रथम प्राधिकरणले आफ्नो वेब साईट www.nea.org.np मार्फत सूचना प्रवाह गरी आफ्ना कामकारबाहीलाई पारदर्शी, जवाफदेही र नागरिक पहुँचयोग्य बनाएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम नेपाल विद्युत प्राधिकरणमा पनि प्रत्येक ३।३ महिनामा वेबसाईटमार्फत स्वतः प्रकाशन गरी नागरिक, सेवाग्राही र सरोकारवालाहरूलाई

सुसूचित गरिएको छ। गुनासो व्यवस्थापनलाई अनलाईन प्रणालीमा आबद्ध गरिएको छ। कर्मचारी प्रशासनलाई प्रविधिमैत्री ढङ्गले सञ्चालन गर्न Human Resource Information System HRIS Software निर्माण गरी सञ्चालनमा ल्याइएको छ। यही Software को माध्यमबाट रिक्त पदपूर्तिका लागि विद्युतीय आवेदन प्रणालीको अभ्यास गरिएको छ भने यसै आर्थिक वर्षदेखि कार्यसम्पादन मूल्याङ्कनलाई समेत पूर्ण रूपमा विद्युतीय प्रणालीमा आबद्ध गरिएको छ। मिटर रिडिङ कार्यलाई प्रविधि मैत्री बनाई फेसलेस बनाउन प्राधिकरणले काठमाडौँ उपत्यकाबाट स्मार्ट मिटरिङ सिष्टम लागु गरेको छ। यो अब्बल प्रणाली सुरुमा महाराजगन्ज र रत्नपार्क वितरण केन्द्रमा Pilot Project को रूपमा सञ्चालन गरिएको छ। मिटर रिडिङ कार्य गर्न ग्राहकको घरघरमा पुग्न नपर्ने यस नविन पद्धति अब क्रमिक रूपमा काठमाडौँ उपत्यकाभर विस्तार गरी पछि देशव्यापी रूपमा लागु गर्ने योजना रहेको छ। सेवाग्राही र प्राधिकरणबिचको प्रविधि मैत्री सम्बन्ध विस्तार गर्दै कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल विद्युत प्राधिकरणले आफ्नो एउटा छुट्टै NEA Apps प्रयोगमा ल्याएको छ। लेखापरीक्षणको प्रतिवेदन र सोका आधारमा गरिने कैफियतहरूको जवाफ र बेरुजुहरूलाई iaudit System मा आबद्ध गरिएको छ। ने. वि. प्रा. भित्रका विभिन्न व्यवसायसँग सम्बन्धित निकायहरूबिच उचित समन्वयात्मक कार्यसम्पादन गर्न Online Portal सञ्चालन गरिएको छ। उता वितरण तथा ग्राहक सेवामा कम्प्युटराइज बिलिङ सिष्टम, विद्युत महसुल भुक्तानीका लागि अनलाइन पेमेन्ट सिस्टम लागु गरिएको छ। त्यसैगरी कर्मचारी तलवका लागि केन्द्रीकृत पेरोल प्रणाली, कर्मचारी हाजिरीका लागि इ-एटेन्डेन्स सिष्टम, लेखाप्रणालीलाई अनलाइन प्रणालीमा आबद्ध गर्न Computerized Accounting System, CAS, जग्गा र सवारी साधनहरूको विवरणलाई एकिकृत रूपमा अद्यावधिक र व्यवस्थित गर्न Vehicle Management System, VMS, सम्पूर्ण चल अचल सम्पत्तिहरूको व्यवस्थित र एकिकृत अभिलेख राख्न Assets Management System, AMS लागु गरिएको छ। त्यसै गरी जलविद्युत केन्द्र तथा मध्यम भोल्टेज र उच्च भोल्टेज सबस्टेशनहरूमा Substation Automation System, SAS र Supervisory Control and Data Acquisition, SCADA मार्फत विद्युतीय उपकरणहरूको सञ्चालन, सञ्चार र नियन्त्रणलाई आधुनिक र सुरक्षित बनाउने कार्य भइरहेको छ। यस प्रणालीको जडानले मानवीय त्रुटि (Human Error) लाई कम गर्छ, प्रणालीको विश्वसनीयता बढाउँछ र कुनै पनि विद्युतीय गडबडीको समयमा उपकरणहरूलाई तत्काल क्षति हुनबाट जोगाउँछ। त्यसैगरी नेपाल विद्युत प्राधिकरणको सम्पूर्ण प्राविधिक प्रणालीलाई एकिकृत र स्वचालित रूपमा

सञ्चालन गर्नको लागि काठमाडौँको स्युचाटारमा डाटा सेन्टर स्थापना गरी सञ्चालन गरिएको छ । नेपाल विद्युत प्राधिकरणको राजश्व प्रशासनलाई एकीकृत, स्वचालित र व्यवस्थित रूपमा सञ्चालन गर्न Revenue Management System, RMS लागु गर्ने अन्तिम तयारी रहेको छ । उपरोक्त डिजिटल क्रियाकलापहरूले प्राधिकरणलाई विद्युतीय सुशासनको मार्गमा गतिमान बनाएको छ ।

**निष्कर्ष**

यसप्रकार विद्युतीय शासन शासन व्यवस्थाको उत्कृट रूप हो । नेपालमा यसको प्रभावकारी सुरुवात भए पनि गन्तब्य भेटाउन युद्धस्तरमा कार्य गर्न अझै बाँकी छ । सरकारले आफूले सम्पादन गर्ने कार्यहरू, सेवाग्राही एवम् नागरिकलाई प्रदान गर्ने सेवाहरू विद्युतीय माध्यमबाट सञ्चालन र व्यवस्थापन गरिनु सुशासन कार्यान्वयनको एक महत्त्वपूर्ण र प्रभावकारी आधारशीला पनि हो । सार्वजनिक निकायहरूबाट सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा पुराना तौरतरिका अर्थात् कागजी प्रक्रियाबाट अलग्गै रहेर विद्युतीय प्रणालीमार्फत प्रवाह गर्न सो बमोजिमका पूर्वाधारहरूको आवश्यक व्यवस्था र व्यवस्थापन गर्न आवश्यक छ । तत्पश्चात् तदनुरूपका कार्यहरू विस्तार गर्दै विद्युतीय शासन प्रणालीमार्फत शीघ्र, तटस्थ, निष्पक्ष, प्रभावकारी र सहज नतिजा हासिल गर्न सकिने नागरिक मैत्री सेवा प्रवाह गर्न जरुरी छ । वास्तवमा वर्तमान परिवेशलाई नियालेर हेर्ने हो भने विद्युतीय शासनलाई नै आधुनिकीकरणको नयाँ नाम भन्न सकिन्छ जहाँ वर्तमान पुस्ता र प्रशासनले यसको जोडदार अभ्यास गरिरहेको छ । यसलाई सबल र प्रभावकारी बनाउन अब औसत होइन प्रविधि मैत्री उत्कृष्ट जनशक्तिसहितको उपयुक्त प्रविधि आवश्यक हुन्छ । यसमार्फत डिजिटल नेपाल निर्माणको अभियानलाई साकार पार्न अब रत्तिभर विलम्ब गर्नु हुँदैन । अनि मात्र शासन र प्रशासनमा विद्युतीय शासनको वेब अझ उच्च गतिमान हुने र नेपाली समाज सूचना प्रविधिको विश्वमानचित्रमा स्थापित हुन सक्ने देखिन्छ ।

■

**आबद्धता : नेपाल विद्युत प्राधिकरण**

# 'अमरज्योति' ६९ औँ अङ्कको परिभ्रमणमा निस्कँदा ...



रीता चालिसे खनाल

साहित्यिक कृति हात पर्नासाथ तन्मयताका साथ शिरानदेखि पुछारसम्मका अक्षर, शब्द र वाक्यमा म स्वचालित ढङ्गले घोल्तिन पुग्छु । कृतिको समग्र अध्ययनपछि म आफूमा केही ज्ञान थपिएको र आफ्नो निजी दृष्टिकोणमा केही बदलाब आएको महसुस गर्छु । स्नानपछिको शरीरझैँ अध्ययनपछि मन पनि चङ्गा भएर आउँछ ।

यसै सिलसिलामा यसपटक विद्युतकर्मी साहित्यिक समाजबाट प्रकाशित अमरज्योति साहित्यिक पत्रिकाको २०८२ फागुन अङ्क (६९ औँ अङ्क) मा आँखा पऱ्यो । यस पत्रिकाको आवरण पृष्ठ र सम्पादकीय लेखबिचको तालमेलले प्रथम दृष्टिमा नै गहिरो प्रभाव पाऱ्यो मलाई । साहित्य र राजनीति सदैव स्थिर अन्तर्क्रियाको अवस्थामा रहे पनि साहित्यले राजनीतिलाई दिशाबोध गर्ने ल्याकत राख्न सक्ने विचार आवरण पेज र सम्पादकीय लेखले संवहन गरेको महसुस गरेँ ।

विगत अङ्कभन्दा पृथक् महसुस त्यसबेला भयो जब मैले यस अङ्कमा 'वृत्ति बाटिका' नामक फरक स्वादको स्तम्भ थप भई त्यसअन्तर्गत भरत के.सी.को 'प्राधिकरणमा मानव संसाधन व्यस्थापनका समस्या' भन्ने एउटा प्रशासनिक आलेख समेटिएको देखेँ । यो लेख पढेपछि विशुद्ध साहित्यलाई मात्र होइन प्रयोगात्मक साहित्यलाई पनि सँगसँगै हिँडाएर कर्मचारीहरूको पेसागत ज्ञानको दायरा फराकिलो बनाउन पनि यस पत्रिकाले योगदान पुऱ्याउँदो रहेछ भन्ने मैले अनुभव गरेँ ।

सरसर्ती पठनका क्रममा डा. कृष्णराज अधिकारीको 'नयाँ ग्राहक कथा'मा सहरको महङ्गी झेल्दै परिवार पाल्न एउटी चेलीले के कस्तो विवशतासँग सम्झौता गर्नुपर्छ भन्ने कथ्य भेट्टाएँ । त्यस्तै डा. पुष्करराज भट्टको 'क्षमता' लघुकथामा लिङ्गद्वेषी पुरुषप्रधान समाजले अझै पनि महिलालाई कार्यालय प्रमुखका रूपमा स्वीकार गर्न इन्कार गरिरहेको सन्दर्भ प्रस्तुत भएको पाइयो ।

अर्का सर्जक अशोक कुँवर 'नेत्र' बाध्यताले टाढा बनाएपछि आफूलाई मन परेकी सपनाकी राजकुमारीलाई पनि गुमाउनु परेको पीडामा रन्थनिएका देखिन्छन् ।

कथाकार रीता खत्रीको नीलोफूल कथाले विवाहलाई 'भयको जुलुस' नभई उल्लासित जीवनको आधारको रूपमा व्यक्त गरेको छ भने अनिल पौडेलको 'रिक्तता' कथाले बेफ्वाँकमा आफ्नी पत्नीमाथि सौता हाल्ने एक पुरुषको विद्रुप व्यवहारलाई दर्शाएको रहेछ ।

यस अङ्कमा प्रकशित काव्य विधाअन्तर्गतका रचनाहरू पनि उत्तिकै दमदार छन् । विष्णु पादुका, मिसन अधिकारी, विष्णु ज्ञवाली, सीता शर्मा, विवेक धिमाल, सविना गौतम, मणिराज सिंह आदिको काव्यशिल्प र विचार पक्षले विविध समसामयिक सामाजिक सन्दर्भको उठान गरेका छन् ।

काव्य विधामै समेटिएको 'शब्दसेना'को 'भूमध्येरेखा' कविता आमा र पत्नीलाई सन्तुलनमा राख्नुपर्ने जिम्मेवारीमा रहेको पुरुष लाई कर्तव्य सम्झाउने रचना हो भने शारदा पोखरेल भट्टराईको 'माइतीको घरैमा' कविता माइतीघरको आनन्दमय स्मृतिलाई शब्दविम्बमा उतार्ने कविता हो । रमेश सागर, छविरमण सिलवाल, लोकनाथ ढुङ्गाना, लक्ष्मण मण्डल, मिमन पुलामी, कविता पोखरेल आदिको कविता, नारायण प्रसाद आचार्यको मुक्तक एवम् वसन्तराज अज्ञात तथा युवराज शर्माको गीत आदि हृदयलाई झङ्कृत पार्न सफल देखिन्छन् ।

त्यसैगरी कविद्वय सुरज रेग्मी र मनोरन्जन मल्ल ठकुरी चुनाव, भोट र यसभित्रको विकृति उजागर गर्न सफल देखिन्छन् । मदन तिम्सिनाको यात्रा संस्मरणले युरोपको यात्रा गराउँछ । चिनियाहरूसँग भिरमौरीको शिकार गर्दाको रोमान्चक अनुभूति प्रकाश आचार्यको संस्मरणमा पढ्न पाइन्छ । चतुर्भुज गौतम आफ्नो आलेखमार्फत सुदूरपशिचमको रहनसहन र पर्वहरूको स्मरण गराउन सफल छन् ।

समालोचक महेश पौडेल कवि मनप्रसाद सुब्बाको काव्यकारिताको बहुविध आयामलाई बोकेर उपस्थित भएका छन् भने 'अतृप्ताचार्य'ले भाषाको मानकीकरण र आधुनिकीकरण विषयको भाषावैज्ञानिक आलेख प्रस्तुत गरेर अलग्गै विषयलाई प्रवेश गराएका छन् । प्रदीप सापकोटाको 'मन' शीर्षको निबन्ध कोमल र लयालु लाग्छ ।

र, अन्त्यमा 'अमरज्योति' का अरू अङ्कझैँ यो अङ्क पनि सङ्ग्रहणीय, ज्ञानदायी र सकारात्मक भाव जगाउन सफल रहेकोले आगामी अङ्कहरू अझै परिमार्जित र स्तरीय बन्दै जाओस् भन्ने शुभेच्छाका साथ यस पत्रिकाको स्तरोन्नति र निरन्तरताको कामना गर्दछु ।

■

**आबद्धता : नेपाल विद्युत् प्राधिकरण**

# विद्युतकर्मी साहित्यिक समाज

### संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू :
गङ्गा अधिकारी, भगवती प्रसाईं,
मातृका पोखरेल, रमेशप्रसाद तिमिल्सिना,
रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत ‘मातृदास’

### प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
कृष्णदेव रिमाल, चण्डिका रायमाझी,
दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ,
मोहनकृष्ण उप्रेती, सरिता शर्मा

### दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत ’मातृदास’
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
कृष्णदेव रिमाल, कुसुम ज्ञवाली,
भगवती प्रसाईं, मातृका पोखरेल,
विन्दु शर्मा, यादवराज घले

### तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा
मञ्जुलाल श्रेष्ठ, दीपक दहाल,
कौशल भट्टराई, ओमप्रकाश घिमिरे

### चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत ’मातृदास’
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई,
यादवराज घले, चण्डिका रायमाझी, शिशिर
थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

### पाँचौं कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी,
शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून,
शारदा पराजुली, दीपा खकुरेल

### छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल, ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा, ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य, ९८४१३५४९७२
सहसचिव - यादवराज घले, ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली, ९८४१३६३३२५
सदस्यहरू :
सङ्गीता अधिकारी, ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य, ९८४१५४८४२५
आविष्कार कला, ९८५७०३७५८३
बलराम पुडासैनी, ९८४१४०५००७
रीता खनाल, ९८४१६०२१७२
शारदादेवी भट्टराई, ९८४४४७८८३२

### सातौं कार्यसमिति २०७९

अध्यक्ष- कृष्णदेव रिमाल, ९८४११९६८८८
उपाध्यक्ष- शारदा भट्टराई पोखरेल, ९८४४४७८८३२
सचिव- विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव- शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष- मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
सदस्यहरूः
सङ्गीता अधिकारी, ९८४१८२७८३६
आविष्कार कला, ९८५७०३७५८३
बलराम पुडासैनी, ९८४१४०५००७
रीता चालिसे खनाल, ९८४१६०२१७२
भोला शर्मा, ९८४१३३७७७२,
मिमन पुलामी, ९८४५९५८४५३

### आठौं तथा वर्तमान कार्यसमिति २०८२

अध्यक्ष- विष्णुप्रसाद आचार्य, ९८४१५४८४२५
उपाध्याक्ष- शारदा पराजुली, ९८४१३६३३२५
सचिव- आविष्कार कला, ९८५७०३७५८३
सहसचिव- भोला शर्मा, ९८४१३३७७७२
कोषाध्यक्ष- मुकुन्दप्रसाद प्रसाईं, ९८४३०५१४५०
सदस्यहरू :
सङ्गीता अधिकारी, ९८४१८२७८३६
बलराम पुडासैनी, ९८४१४०५००७
रीता चालिसे खनाल, ९८४१६०२१७२
मिमन पुलामी, ९८४५९५८४७३
अनिल पौडेल, ९८५१०३७०५७
रामराजा ओझा, ९८४१९१५७०५

## विद्युतकर्मी साहित्यिक समाज

### संरक्षक

दीर्घायुकुमार श्रेष्ठ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक

मोहनबहादुर कायस्थ, ९८५१०१५०३५
विष्णुबहादुर सिंह, ९८५१०२१८०९
डम्बरबहादुर नेपाली, ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय, ९८५१०७२०४८
शेरसिंह भाट, ९८५१०३८५४०

## संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमलाश्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

## आजीवन सदस्यहरूको नामावली

१. विष्णुप्रसाद उपाध्याय
२. रमा पोखरेल
३. रम्भा शर्मा अधिकारी -९८४१६८१४७५
४. शान्ता सुवेदी -०२१-४६०६८८
५. कुमारप्रसाद ओझा -९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला -९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा -९८५१०१८८४४
८. देवराज प्रसाईं -९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती -९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे -९८४१२८६२६७
११. भुवनचन्द ठकुरी -९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल -९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान -९८५११०६१०७
१५. कौशल भट्टराई -९८४१४४७१९०
१६. दण्डपाणि बस्याल -९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल -९८४१३४९८५४
१८. गौरीमान कडरिया -
१९. बद्रीनाथ रोक्का -
२०. बेलप्रसाद शर्मा -९८४१४११६४४
२१. मातृका बजिमय -९८४३६६९०५१
२२. सरिता शर्मा -
२३. काशिराम शर्मा -९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल -
२५. विष्णुप्रसाद आचार्य -९८४१५४८४२५
२६. कुसुम ज्ञवाली -
२७. केशवराज पन्त -
२८. चिरञ्जीवी शर्मा -
२९. टङ्क श्रेष्ठ -९८५११२३३९३
३०. ध्रुवराज भट्टराई -
३१. रमापति पराजुली -९८४२०२७७५६
३२. विन्दु शर्मा -९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य -९८५१०५४३६०
३४. हरिहरमान पालिखे -
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान - ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल - ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक - ९८४१२७८६५८
४०. सरोज अर्याल - ९८४६०८८२३१
४१. यादवराज घले - ९८४१३६१६९६
४२. उषा सिंह - ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल - ९८४१८३५६८५
४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव -
५१. नवराज भट्ट -
५२. रङ्गराज सिम्खडा -
५३. भोजराज पौडेल -
५४. अनिरुद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३

६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी -९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले -
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे -
१२८. बोधनाथ रिमाल - ९७६१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४

१३५. रामशरण उप्रेती– ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल– ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी– ९८५११३०४२१
१३८. दुर्गा काफ्ले – ९८४१५१०५४७
१३९. प्रशून अधिकारी – ९८५११६६८१०
१४०. रामहरि गौतम – ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल – ९८४५४६०५२
१४२. मदन तिम्सिना – ९८५११९८३४५
१४३. हरराज न्यौपाने – ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र – ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी – ९८४१४७५२८७
१४६. मनोज सिलवाल – ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल – ९८४१७३२२७१
१४८. रमेश पौडेल– ९८४१२५३१८६
१४९. जयराज भण्डारी – ९८४१२४२६५५
१५०. शम्भु बस्नेत – ९८५१०७४००४
१५१. हरिहर बराल – ९८४१३०५२४२
१५२. केदार प्र. धिताल – ९८५११५६०६२
१५३. शिव अधिकारी– ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर – ९८४१२५९९५७
१५५. अजय दाहाल– ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा – ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी – ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल – ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई – ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ– ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई – ९८४१३२०३१०
१६२. मणिराज नेपाल – ९८५१०४००५६
१६३. दीपा खकुरेल – ९८४१४४८५३०
१६४. मैया थापा – ९८४११८४४०३
१६५. सागर ज्ञवाली – ९८५११४०२३०
१६६. शम्भु बस्नेत – ९८५१०७४००४
१६७. राजेशकुमार राजथला – ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी – ९८४६११९१७४
१६९. ममता वली खरेल – ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी– ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी – ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य – ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो – ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल – ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे – ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला – ९७४५००७६६६
१७७. नरेश मैनाली – ९८४१४४९०१५
१७८. विकास चित्रकार – ९८४१३६११८९
१७९. सृजना ख्याजु– ९८४१९२३५३३
१८०. विजयप्रसाद दास– ९८६०८०७३८१
१८१. कपिल मिश्र – ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली – ९८४१६८५९८२
१८३. रीता बस्नेत – ९८६००१३५६१
१८४. सरस्वती अर्याल – ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल– ९८४१२६१६६६
१८६. दीपक भण्डारी – ९८५११२४४८६
१८७. प्रमिला चौधरी – ९८४११९४७०७
१८८. वसन्तराज नेपाल – ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य – ९८६०११९७११
१९०. चन्द्रकला निरौला – ९८४१९२६०८१
१९१. आनन्द सुवेदी– ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने – ९८४१५०१६०९
१९३. अम्बिका खत्री – ९८४१५६२६९७
१९४. प्रकाश पराजुली – ९८४३७२२०९५
१९५. सुभाष पाण्डे – ९८४९०३३७६२
१९६. विकास पुडासैनी – ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला – ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ– ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने – ९८५११२३२४५
२००. अम्बिका घिमिरे – ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का – ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ – ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र – ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र – ९८४९८२९६९९
२०५. जनक महत –९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का – ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे – ९८५११८६९७३

२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्रबहादुर साउद -९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी - ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान -
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी -९८४६०१०४५५
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चुकुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल -९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य -९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५

२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ति चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमिल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओझा, ९८४८४३९१८१
३४२. रामराजा ओझा, ९८४१९१५७०५
३४३. सुरज रेग्मी, ९८५११३५०७७
३४४. रवीन्द्र शाह, ९८४५२९७०२८
३४५. सुजित घिमिरे, ९८५६०४८५२०
३४६. टीकाराम पौडेल, ९८५१३१५९२१
३४७. खिलराज राई, ९८४२८४७१८६
३४८. सूर्यराज ढुङ्गाना, ९८४१५४९५९८
३४९. दीपक गौतम, ९८५११४१३३४
३५०. सुदन कुँवर, ९८५१०६४४३४
३५१. सुरेन्द्र पौडेल, ९८५७६२६५५५
३५२. पद्मराज जोशी, ९८४१३६८९५३
३५३. प्रकाश काफ्ले, ९८५११२८१७९

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | उर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |
| २०. | गन्तव्यतिर | २०८० | राजु शर्मा | प्रकाशन/विमोचन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

१. कुलप्रसाद पराजुली २०६७
२. मोहनबहादुर कायस्थ २०६८
३. पुष्पनाथ शर्मा २०६९
४. विष्णुबहादुर सिंह २०७०
५. कृष्णमोहन जोशी २०७१
६. केशव रूपाखेती २०७२
७. वीरेन्द्र पाठक २०७३
८. पुण्य घिमिरे २०७४
९. मोहनकृष्ण उप्रेती २०७५
१०. भुवनचन्द ठकुरी २०७५
११. मातृकाप्रसाद सङ्ग्रौला २०७५
१२. पुष्कर पुरी २०७५
१३. जुजुकाजी रञ्जित २०७६
१४. देवेन्द्र अधिकारी (दुःखी माइला)२०७६
१५. कमला श्रेष्ठ २०७७
१६. आर.आर. चौलागाईं २०७८
१७. मातृका पोखरेल २०७९
१८. रमेशप्रसाद न्यौपाने २०७९
१९. मञ्जुलाल श्रेष्ठ २०८०
२०. गङ्गा अधिकारी २०८०
२१. राजु शर्मा २०८१
२२. शान्ता भट्टराई सुवेदी २०८१

२३. उपेन्द्र शिवाकोटी (कला सम्मान) २०८१
२४. रुद्रबहादुर पालुङ्वा (सङ्गीत सम्मान) २०८१
२५. दीपक दाहाल २०८२
२५. भगवती प्रसाईं २०८२

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौँ २०८०
२. साहित्य सन्ध्या, काठमाडौँ, २०८०
३. साहित्य सङ्गम, मकवानपुर, २०८०
४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०८०
५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०
६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०